सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक

नयाँ पत्रिका

nayapatrikadaily.com

२६ असार २०८२, बिहीबार (10 July 2025, Thursday) ■ नेपाल संवत् ११४५ ■ वर्ष १९ ■ अंक ८८ ■ पृष्ठ ८ nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. १०/-

■ अनुमतिविनै राखिएको हदबन्दीभन्दा धेरै जग्गा पनि बिक्री गर्न दिन चलखेल

भूमिसम्बन्धी विधेयक फास्ट ट्र्याकमा पारित गराउन प्रधानमन्त्री ओलीकै जोडबल

४० भन्दा धेरै हाउजिङ कम्पनीले अनुमति लिएर र २० कम्पनीले अनुमति नै नलिई हदबन्दीभन्दा धेरै जग्गा राखेका छन्, त्यस्तो जग्गा बिक्री गर्न दिने व्यवस्थासहितको विधेयक सरकारले संसद्मा पुच्याएको छ, व्यवसायीहरूको स्वार्थअनुसार फास्ट ट्र्याकमा विधेयक पारित गराउन नीतिगत चलखेल

विधेयकको दफा १२(६) मा यस्तो प्रस्ताव- **यस ऐनमा अन्यत्र जेसुकै कुरा लेखिएको भए तापनि दफा १२ को खण्ड ङ (१) बमोजिम घरजग्गा व्यवसाय गर्न अनुमति लिएको कम्पनीले सूचित आदेशले तोकेको हदभित्रको जग्गा प्रचलित कानुनबमोजिम जग्गा विकास गरी घडेरी वा त्यस्तो घडेरीमा आवास इकाइ (अपार्टमेन्ट) निर्माण गरी बिक्री गर्न सक्नेछ।**

सर्वोच्चको परमादेशसमेत हेरेर मात्र यो कानुन बनाउनुपर्छ



● **ओमप्रकाश अर्याल**, अधिवक्ता

जग्गाको हदबन्दी पछिल्लो समय राष्ट्रिय बहसको विषय भएकाले यससम्बन्धी कानुन बनाउँदा विस्तृत छलफल आवश्यक हुन्छ। यस्ता विषयमा फास्ट ट्र्याकमा कानुन बनाउनु गलत हो। यस विषयमा सर्वोच्च अदालतको परमादेशसमेत हेरेर विस्तृत छलफल हुनु जरुरी छ।

नवराज मैनाली/नयाँ पत्रिका

हाउजिङ कम्पनीका नाममा हदबन्दीभन्दा बढी जग्गा पनि बिक्री गर्न मिल्ने प्रावधान राखिएको भूमिसम्बन्धी विधेयक सरकारले संसद्बाट फास्ट ट्र्याकमार्फत पारित गराउने तयारी गरेको छ। संसदीय समितिमा नपुऱ्याई विधेयक पारित गराउन घरजग्गा व्यवसायीले शक्तिकेन्द्रमा रहेका सत्तारूढ दलका नेताहरूलाई निरन्तर भेटघाट गर्दै प्रभाव-दबाब दिँदै आएका छन्।

» पृष्ठ २ मा क्रमशः

गिरिबन्धु प्रकरण

प्रधानमन्त्री ओलीविरुद्ध अदालतको अवहेलना मुद्दा सर्वोच्चमा विचाराधीन





गिरिबन्धु टी इस्टेटसम्बन्धी सर्वोच्च अदालतको परमादेश कार्यान्वयन नगरेको भन्दै प्रधानमन्त्री केपी ओलीविरुद्ध सर्वोच्चमा अवहेलना मुद्दा विचाराधीन छ। अदालतको आदेश उल्लंघन हुने गरी भूमिसम्बन्धी अध्यादेश ल्याएको आरोपसहित अधिवक्ता ओमप्रकाश अर्यालले गत २८ माघमा प्रधानमन्त्री ओलीविरुद्ध अवहेलना मुद्दा दायर गरेका थिए। सो मुद्दामा आगामी २२ साउनका लागि पेसी तोकिएको छ। मुद्दामा सर्वोच्चका न्यायाधीशहरू सारंगा सुवेदी र नित्यानन्द पाण्डेको इजलासले गत ५ फागुनमा किन कारबाही नगर्ने भन्दै प्रधानमन्त्रीसँग जवाफ मागेको थियो। प्रधानमन्त्री कार्यालयले त्यसमा जवाफ भने दिइसकेको छ। झापास्थित गिरिबन्धु टी इस्टेटलाई फाइदा हुने गरी कानुन संशोधन गरेको विषयमा सर्वोच्चमा दायर मुद्दामा इजलासले विभिन्न परमादेश दिएको थियो।

हदबन्दीभन्दा बढी जग्गा राखेका कम्पनी/संस्था

कम्पनी	क्षेत्रफल (रोपनी/बिघा/व.मि.)
श्रीदेवी पञ्चकन्या प्लानिङ एन्ड हाउजिङ	१८-११-४
शुभरत्न होल्ड्री एन्ड डेभलपर्स	५६-०-० २४४-०-०
होम ल्यान्ड हाइजिङ	६८-९-०-३
सिभिल होम्स	१११-९२-२
उपहार हाउजिङ	६५-७-१-१
सिनर्जी प्रोपर्टिज डेभलपर्स	५-०-०३ १४८-०-०
एसबी कम्पनी	६०-१२-०३

कम्पनी	क्षेत्रफल (रोपनी/बिघा/व.मि.)
सांग्रिला हाउजिङ	१२७-१४-३-१० १-१९-० ११२-०-०
भृकुटी रियल इस्टेट	६७-१४-१२
बागमती प्रोपर्टी डिलर्स	५५-५-२-२ १४५-०-०
स्पिङ ३५ रियल इस्टेट एन्ड हाउजिङ	५२-१-३-०
युरो इन्भेष्टमेन्ट	७३-११-३

थप सूची पृष्ठ २ मा

कांग्रेसको चेतावनीपछि बुधबार कार्यसूचीबाट हटाइयो भूमि विधेयक

कमलराज भट्ट/नयाँ पत्रिका

प्रमुख सत्तासाझेदार कांग्रेसको असहमतिपछि 'भूमिसम्बन्धी केही नेपाल ऐन संशोधन गर्ने विधेयक' फास्ट ट्र्याकबाट पारित गर्ने प्रधानमन्त्री केपी ओलीको प्रयासमा रोक लागेको छ। कांग्रेसको असहमतिबिच सभामुख देवराज घिमिरेले बुधबारको सम्भावित कार्यसूचीमा विधेयक समावेश गरेका थिए। तर, पेस भए सदनमै 'विरोध गर्ने' कांग्रेसको चेतावनीपछि उनी विधेयक रोक्न बाध्य भए।

घरजग्गा व्यवसायीको चासोअनुकूल तयार गरिएको भनिएको विधेयकमा हदबन्दीभन्दा बढी जग्गा बिक्री गर्न दिने, अव्यवस्थित बसोबासीका नाममा सार्वजनिक जग्गा बाँड्न मिल्ने र कृषि प्रयोजनको जग्गा पनि कित्ताकाट गर्न दिनेजस्ता खुकुला र विवादास्पद प्रावधान छन्। यस्ता प्रावधानलाई लिएर बुधबार प्रतिनिधिसभाबाट विधेयक पारित गराउने प्रधानमन्त्री ओलीको सक्रिय

» पृष्ठ २ मा क्रमशः

■ कांग्रेस महामन्त्री शर्मा भन्छन्- **सांसदले राखेको संशोधनको सुनुवाइ नै नहुने यही हो संसदीय प्रक्रिया ?**



यो विधेयकको प्रक्रिया नै मिलेको छैन। अध्यादेशलाई प्रतिस्थापन विधेयक ल्याउने क्रममा जाँदै गर्दा यसरी नै फास्ट गइन्छ। तर, यो त विधेयक हो। अहिले दुइटा दलको सरकार छ। एउटा विधेयक आउँदा अर्को दलका संशोधनकर्तासँग संवाद हुँदैन। संशोधनकर्ता कांग्रेसका होलान्। ठिक छ, म कांग्रेसको भएँ। विपक्षीहरू सानो पार्टीका कसैले राखेको संशोधन सुन्नुपर्दैन ? सिधै निर्णय ? संसदीय प्रक्रिया यही हो ? हामी पो सरकारमा थियौं र हामीले भनेको अहिले सुनियो र हट्यो। सानो दलका साथीहरूले हालेको संशोधन कसले सुन्ने ? प्रक्रिया नै नमिलेको हुँदा यसलाई व्यवस्थित गराउनुपर्छ। अब विधेयक संसदीय समितिमा पठाउनुपर्छ। समितिमा पर्याप्त छलफल गरेर, संशोधनहरू समावेश गरेर परिपक्व भएर आउने प्रक्रिया हुन्छ। भूमि विधेयकमा राखिएका संशोधनहरू कुनै पनि नसुन्ने, नलिने र परिमार्जन नगर्ने कुरा मिलेन। त्यसैले हामी कांग्रेसका संशोधनकर्ताहरूले आज विधेयक कार्यसूचीबाट नहटे सामूहिक विरोध गर्ने समझदारी गर्यौं। अन्ततः सभामुखले हटाए।

साउनदेखि जटिल रोगका बिरामीलाई दुई लाखसम्मको स्वास्थ्य बिमा



जटिल रोगका नौ हजार बिरामीलाई थप राहत पुग्ने, तर स्वास्थ्य बिमाको १६ अर्ब भुक्तानी बाँकी

(विस्तृत पृष्ठ ३)

नेपालको आर्थिक भविष्य

गाउँबाट सहर र परदेशातिर भासिने क्रममा सुधार ल्याउन र श्रमयोग्य जनशक्तिलाई स्वदेशमै रोक्न सकिएन भने अर्थतन्त्रमा सुधार कठिन छ



अग्रलेख

● ठाकुरप्रसाद बस्ताकोटी

(विस्तृत पृष्ठ ४)

युएसएआइडीलाई प्रतिस्थापन गर्न इच्छुक छैन चीन



चिनियाँ दस्ताबेजले देशलाई अन्तर्राष्ट्रिय सहायता गतिविधिमा त्यति महत्त्व दिएको पाइँदैन

(विस्तृत पृष्ठ ५)

रसुवा बाढीले नेपाल-चीन व्यापार अन्योलमा

मालसामान बोकेर नेपाल आउँदै गरेका पाँच सयभन्दा बढी कन्टेनर चीनतर्फ अड्किए, तातोपानी नाकासमेत जोखिममा रहेकाले दुई देशबिचको व्यापार अनिश्चित

(विस्तृत पृष्ठ ६)

कर्नर किक

● रवि मिश्र



NIMB
नेपाल उन्मेष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.

प्रधानमन्त्रीले बालुवाटारमै बोलाए त्रिविसभाको वार्षिक बैठक

विश्वविद्यालयमै बैठक बस्नुपर्ने पक्षमा पदाधिकारी

यसपटक त्रिविसभामा विद्यार्थीको प्रतिनिधित्व नरहने, पूर्वउपकुलपति केदारभक्त माथेमा भन्छन्- **विद्यार्थीको उपस्थितिविना बैठक बस्नु न्यायोचित हुँदैन**

शिवहरि घिमिरे/नयाँ पत्रिका

त्रिभुवन विश्वविद्यालय (त्रिवि)को परम्पराअनुसार सभाहलमा बस्ने वार्षिक सभा प्रधानमन्त्री तथा त्रिवि कुलपति केपी ओलीले प्रधानमन्त्रीको सरकारी निवास बालुवाटारमा बोलाएका छन्। त्रिविका पदाधिकारी भने बैठक विश्वविद्यालयमै बस्नुपर्ने पक्षमा छन्।

विश्वविद्यालयको शैक्षिक स्वायत्तता र परम्पराको दृष्टिले बैठक स्थलको परिवर्तनप्रति त्रिवि पदाधिकारी असन्तुष्ट देखिएका छन्। त्रिविका

» पृष्ठ २ मा क्रमशः

■ त्रिवि उपकुलपतिमा प्राडा दीपक अर्याल नियुक्त



त्रिविको उपकुलपतिमा प्राडा दीपक अर्याल नियुक्त भएका छन्। त्रिवि कुलपतिसमेत रहेका प्रधानमन्त्री केपी ओलीले उनलाई नियुक्त गरेका हुन्। त्रिवि प्रशासनिक भवनमा माओवादीनिकट अखिल क्रान्तिकारीले तालाबन्दी गरेकाले उनले सचिवालयबाहिरको कोठामा पदभार ग्रहण गरे। उनी त्रिविका जल तथा मौसम विज्ञान केन्द्रीय विभागका पूर्वप्रमुख र नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा-प्रतिष्ठान (नास्ट)का प्राज्ञसमेत हुन्। उपकुलपति अर्यालले त्रिविको सुधार तालाबन्दी अन्त्यबाट गर्ने बताए। 'तालाबन्दीका कारण काम गर्न नसकिने अवस्था हुनु राम्रो होइन, तालाबन्दीको कारण पत्ता लगाएर तालाबन्दी सदाका लागि अन्त्य गर्ने मेरो पहिलो योजना हो, तालाबन्दी सबैभन्दा ठुलो समस्याको जड हो,' उनले भने। त्रिविमा विदेशी विद्यार्थी भित्र्याउने वातावरण तय गर्ने, शैक्षिक सुधार गर्ने, त्रिविको पुनर्संरचना गर्ने, पाठ्यक्रम परिमार्जन गर्ने, क्यालेन्डर ट्र्याकमा ल्याउनेलगायत योजनालाई अर्यालले प्राथमिकतामा राखेका छन्।



बाढीपछि रसुवागढी अस्तव्यस्त

सडक, टेलिफोन र बिजुली अवरुद्ध हुँदा कठिनाइ

स्याफ्रुबेँसी-रसुवागढी सडक तत्काल पुनर्निर्माण गरी आवागमन सञ्चालन गर्न, सञ्चार र विद्युत् सेवा तत्काल नियमित गरी विपत् प्रभावित क्षेत्रको जनजीवन सहज बनाउन सरकारसँग अनुरोध

■ गोसाइँकुण्ड गाउँपालिका अध्यक्ष कैसाङ नुर्पु तामाङ भन्छन्-



सडक अवरुद्ध हुँदा उद्धारमा समस्या भएको छ। गाडी आउन सकेका छैनन्। रसुवागढी र टिमुरेमा सडक, बत्ती, टेलिफोन नहुँदा समस्या छ। भोलि खाद्यान्न अभाव पनि हुन सक्ने जोखिम रहेकाले सडक पहिलो प्राथमिकतामा राखेर खुलाउन सरकारलाई अनुरोध गरेका छौं। दुई-तीन हजार नागरिक समस्यामा छन्।

यम बम/नयाँ पत्रिका

भोटेकोशीको सहायक नदी ल्हेन्देमा आएको बाढीका कारण रसुवाको टिमुरे र रसुवागढी क्षेत्रमा मंगलबारदेखि सडक, टेलिफोन र बिजुली अवरुद्ध हुँदा जनजीवन प्रभावित भएको छ। मितेरी पुल बगाउँदा चीनसँगको केरुङ नाका ठप्प भएकामा स्याफ्रुबेँसीदेखि रसुवागढीसम्मको सडक ठाउँठाउँमा भत्किँदा सम्पर्क टुटेको र उद्धार एवं राहतमा कठिनाइ भइरहेको रसुवाका प्रमुख जिल्ला अधिकारी अर्जुन पौडेलले बताए। 'अझै १९ जना बेपत्ता छन्।

» पृष्ठ २ मा क्रमशः



पहिरोले पुरिएर बुवाको मृत्यु, छोरा बेपत्ता

म्याग्दी/ म्याग्दीको मालिका गाउँपालिका- ३, डाँडागाउँको लुक्सिपारमा बुधबार पहिरोमा पुरिएर बुवाको मृत्यु भएको छ भने छोरा बेपत्ता छन्। घरनजिकै लुक्सिपार खोलामा दाउरा लिन गएका बेला माथिबाट खसेको पहिरोमा पुरिएर ३५ वर्षीय जगेन्द्र विकको मृत्यु भएको जिल्ला प्रहरी कार्यालय म्याग्दीले जनाएको छ। बुवासँग गएका १२ वर्षीय सरोज पहिरोमा पुरिएर बेपत्ता भएको जिल्ला प्रहरी कार्यालय म्याग्दीका सूचना अधिकारी प्रहरी निरीक्षक सागर पौडेलले बताए। बुधबार दिनभर खोजी गर्दा पनि फेला नपरेको र बिहीबार फेरि खोजबिन गरिने मालिका गाउँपालिका- ३ का वडासदस्य कुलबहादुर बुढाले बताए।

हिमालय क्षेत्रमा दुई महिनामै तीनवटा आकस्मिक बाढी

नयाँ पत्रिका

नेपालको हिमालय क्षेत्रले मंगलबार एकैदिन हिमनदी उत्पत्तिका दुईवटा आकस्मिक बाढी (फ्ल्यास फ्लड) भोगेको छ। तिब्बतमा हिमतालमाथि बनेको ताल (सुपरग्लेसियल) फुट्दा भोटेकोशीको सहायक नदी ल्हेन्देमा बाढी आएर रसुवागढीमा विध्वंश मच्याएको थियो भने मंगलबार नै माथिल्लो मुस्ताङको छुआमा खोलामा आकस्मिक बाढी आएको थियो। गत १ जेठमा मात्र हुम्लाको लिमी उपत्यकामा आकस्मिक बाढी आएको थियो। दुई महिनामा पूर्वमा म्यानमारदेखि पश्चिममा अफगानिस्तानसम्म फैलिएको हिन्दकुस हिमालय क्षेत्रमा भने पाँचवटा घटना भएका छन्। नेपालबाहेक अफगानिस्तान (अन्डोरब उपत्यका) र पाकिस्तान (चित्राल, हुन्जा) मा हिमनदी उत्पत्तिका बाढी आएका हुन्।

सन् २००० को दशकमा विज्ञहरूले हिन्दकुश हिमालय क्षेत्रमा प्रत्येक पाँचदेखि १० वर्षमा एकपटक हिमनदी उत्पत्तिको बाढी आउने अनुमान गरेका थिए। तर, तापमान वृद्धिले हिमताल बढ्दा बाढीका घटना बढेको विशेषज्ञहरूले अनुमान गरेका छन्।

रसुवागढीमा विध्वंश मच्चाएको बाढी पनि सुपरग्लेसियल फुट्दा भएको विशेषज्ञहरूले प्रारम्भिक अनुसन्धानबाट निर्क्यौल गरेका छन्। उपग्रह तस्बिर र विश्लेषणका आधारमा रसुवाको माथिल्लो भेग तिब्बतमा फुटेको ताल डिसेम्बर ०२४ मा सानो पोखरी थियो। जुन ०२५ मा आकार बढेको थियो। त्यही ताल मंगलबार बिहान फुटेको देखिएको विपत् व्यवस्थापन प्राधिकरणका कार्यकारी प्रमुख दिनेशप्रसाद भट्टले बताए। '१३ फ्रेबुअरीमा यो तालमा खासै पानी जम्मा भएको देखिँदैन, आकार पनि सानो छ। तर, २८ जुनमा ५ लाख २५ हजार मिटर स्क्वायर क्षेत्र ओगटेको देखिन्छ। ७ जुलाईमा आइपुग्दा ६ लाख ३८ हजार स्क्वायर मिटर देखिन्छ। फुटेपछि ८ जुलाईमा एक्कासि घटेर ४ लाख ३५ हजार मिटरमा खुम्चिएको छ,' उनले भने, 'यसको अर्थ हिमनदीमाथि बनेको ताल (हिउँ पुग्लिएर खाली रहेको क्षेत्रमा) बनेको ताल फुटेर पानी बाहिर निस्कँदा भोटेकोशी (जुन नेपालतिर आइसकेपछि त्रिशूली भनिन्छ) को सहायक नदी ल्हेन्दे खोलामा बाढी आएको थियो।'

अन्तर्राष्ट्रिय एकीकृत पर्वतीय विकास केन्द्र (इसिमोड)ले प्रेस नोट जारी गर्दै हिमनदीमा बनेका ससाना ताल (केही यति साना वा लुकेका छन्, जो हामीलाई थाहा पनि थिएन) ती ताल अहिले फुटिरहेको बताइएको छ। 'सुपरग्लेसियल ताल हिमनदीको सतहमा विशेष गरी भग्नावशेषले ढाकिएका क्षेत्रमा बन्छन्। यी ताल अत्यधिक गतिशील र क्षणिक हुन्छन्, प्रायः पग्लने पोखरीको रूपमा सुरु हुन्छन्, जुन बिस्तारै विस्तार हुन्छन् र कहिलेकाहीँ ठुला सुपरग्लेसियल ताल बनाउन मर्ज हुन्छन्,' इसिमोडले भनेको छ।

जल तथा मौसम विज्ञान विभाग, बाढी पूर्वानुमान शाखाका प्रमुख विनोद पराजुलीले रसुवागढीबाट २६ किलोमिटरमाथि रहेको तालमा परिवर्तन देखिएको, तर विस्तृत अध्ययन बाँकी रहेको बताए। 'त्यो ताल फुटेको पनि हुन सक्छ, त्यसमा केन्द्रित भएर अध्ययन भइरहेको छ,' उनले भने।

जलवायु विशेषज्ञ सुदीप ठकुरीले ठुला हिमताललाई मात्र प्राथमिकतामा राखिएको, तर ससाना ताल र हिमनदीमाथिका तालले पनि जोखिम बढाइरहेको बताउँछन्। 'हिमनदी आइसभित्र पनि ताल हुन्छन्। ती ताल फुट्न सक्ने सम्भावना हुन्छ,' उनले भने, 'ससाना ताल, पोखरीको अवस्था पनि थाहा पाउनुपर्ने वेला भएको छ।' र, ससाना हिमताल फुट्दा नै ठुलो क्षति भइरहेकाले यसबारे पनि अध्ययन हुनुपर्ने देखिन्छ। ठकुरीका अनुसार हिमनदी पग्लिएर नयाँ हिमताल बनिरहेका छन्।

संयुक्त राष्ट्रसंघीय विकास कार्यक्रम (युएनडिपी) र इसिमोडले चार वर्षअघि सार्वजनिक गरेको अध्ययन प्रतिवेदनमा हिन्दकुश हिमालय क्षेत्र भनिने यस क्षेत्र(नेपाल, भारत र तिब्बत) मा रहेका पहिचान भएका तीन हजार ६२४ हिमतालमध्ये ४७ विस्फोटनको उच्च जोखिममा छन्। यीमध्ये सबैभन्दा बढी तिब्बतमा २५, नेपालमा २१ र एउटा भारतमा छ। तर, हालैका घटनाले सुपरग्लेसियल पनि जोखिममा रहेको देखाएको छ। नेपालको वार्षिक तापक्रम अधिकतम वृद्धिदर औसत ०.०५६ डिग्री सेल्सियस छ, जसले हिमालमा हिउँको भण्डार झन्डै २९ प्रतिशतले घटेको छ भने हिमतालको संख्या ११ प्रतिशतले बढेको छ।

बाढीपछि...

पृष्ठ १ बाट क्रमशः

हामीलाई हेभी उपकरणको आवश्यक छ। तर, सडक अवरुद्ध भएकाले सम्भव हुन सकेको छैन,' सिडिओ पौडेलले भने, 'बाढीले क्षति पुऱ्याएको क्षेत्रमा बिजुली पनि छैन, सम्पर्कका लागि टेलिफोनले काम गर्दैन।' सडकसँगै जलविद्युत् आयोजना, विद्युत्का पोल र टेलिफोनको फाइबरमा क्षति पुगेको छ।

स्याफ्रुबेँसी-रसुवागढी सडकको १७ किलोमिटर खण्डको १५ ठाउँमा ११ सय मिटर सडक क्षतविक्षत भएको गल्छी-त्रिशूली-मैलुङ-स्याफ्रुबेँसी-रसुवागढी सडक योजनाका सूचना अधिकारी अमरेन्द्रकुमारकुमार यादवले बताए। 'हेभी उपकरण ल्याएर बुधबारबाट काम सुरु भएको छ,' उनले भने, 'भोटेकोशी नदीले कटान गर्नुका साथै माथिबाट पहिरो खसेको हो। बाढीप्रभावित क्षेत्र गोसाइँकुण्ड गाउँपालिका अध्यक्ष कैसाङनुर्पु तामाङले टिमुरे र रसुवागढीका दुई-तीन हजार नागरिक प्रभावित बनेको अध्यक्ष तामाङले बताए। 'पैदल हिँड्न मिल्ने गरी ट्र्याक त खोलिएको छ। तर, उद्धार र राहत सामग्रीका लागि गाडी हिँड्न सक्ने अवस्था छैन। गाउँमा बाढीको समस्या नभए पनि सडक, बत्ती, टेलिफोन नहुँदा समस्या छ। भोलि खाद्यान्न अभाव पनि हुन सक्ने जोखिम रहेकाले सडक पहिलो प्राथमिकतामा राखेर खुलाउन सरकारलाई अनुरोध गरेका छौँ।'

यही अवस्थालाई मध्यनजर गर्दै जिल्ला विपत् व्यवस्थापन समितिको बुधबारको बैठकले स्याफ्रुबेँसी-रसुवागढी सडक तत्काल पुनर्निर्माण गरी आवागमनलाई सञ्चालन बनाउन, सञ्चार र विद्युत् सेवालाई तत्काल नियमित गरी विपत्प्रभावित क्षेत्रको जनजीवन सहज तुल्याउन सरकारसँग अनुरोध गरेको छ। समितिको बैठकले सडक तत्काल पुनर्निर्माण गरी आवागमनलाई सञ्चालन गर्न प्रधानमन्त्री कार्यालय तथा भौतिक पूर्वाधार, गृह, परराष्ट्र र अर्थ मन्त्रालयसँगै बागमती प्रदेश सरकारसँग अनुरोध गरेको छ। 'यस कामका लागि आवश्यक पर्ने क्षतिको प्राविधिक मूल्यांकन, यन्त्र-उपकरणको आवश्यकतालगायतका विषयमा आवश्यक समन्वय र सहजीकरणको काम गल्छी-त्रिशूली-मैलुङ-स्याफ्रुबेँसी-रसुवागढी सडक योजना, नुवाकोटले गर्ने,' निर्णयमा भनिएको छ। सञ्चार र विद्युत् सेवा तत्काल नियमित गर्न विद्युत् प्राधिकरण, नेपाल टेलिकम, ऊर्जा मन्त्रालय र सञ्चार मन्त्रालयलाई अनुरोध गरिएको छ। जनजीवन सहज बनाउन अत्यावश्यक खाद्यान्न, औषधि, उपकरण र अन्य तत्कालको राहत सामग्री अभाव नहुने गरी आवश्यक प्रबन्ध गर्ने निर्णय पनि भएको सिडिओ पौडेलले बताए। राहत वितरण एकद्वार प्रणालीमार्फत सञ्चालन गरिने भएको छ।

रोजगारी, व्यवसाय र पर्यटनको सिलसिलामा चीनको केरुङमा रहेका नेपाली नागरिकलाई सुरक्षित साथ राख्न र नेपाल फर्कन चाहनेलाई फर्कने व्यवस्था गृहमार्फत परराष्ट्र मन्त्रालयलाई अनुरोध गरिएको छ।

भौतिक क्षतिको विवरण संकलन गर्न समिति

बाढीप्रभावित क्षेत्रको भौतिक क्षतिको प्रारम्भिक विवरण संकलन गर्न गल्छी-त्रिशूली-मैलुङ-स्याफ्रुबेँसी-रसुवागढी सडक योजनाका योजना प्रमुख खड्गलाल श्रेष्ठको संयोजकत्वमा १३ सदस्यीय समिति पनि गठन गरिएको छ। समितिले यथाशीघ्र प्रतिवेदन पेस गर्नुपर्नेछ।

प्रधानमन्त्रीले...

पृष्ठ १ बाट क्रमशः

एक पदाधिकारीले नाम नखुलाउने सर्तमा भने, 'त्रिविको वार्षिक सभा हो, त्यसैले त्रिविमै तय मितिअनुसार बस्नुपर्ने हो। तर, प्रधानमन्त्रीले समय नदिएपछि बैठक उहाँको अनुकूलतामा बालुवाटारमा सारिएको छ, यो सही अभ्यास होइन।' बैठक बिहीबार १० बजेका लागि बोलाइएको छ। सामान्यतः बैठक २० असारमा राख्नुपर्ने थियो। प्रधानमन्त्री एवं त्रिवि कुलपतिले यसलाई २२ असारका लागि सारेका थिए। १२:४५ बजेका लागि त्रिविसभाको वार्षिक बैठक तोकिए पनि प्रधानमन्त्री ओली नआएपछि रोकिएको थियो। वार्षिक बैठक तिथि (शुक्ल नवमी)मा बस्नुपर्ने परम्परा भए पनि ओलीले उक्त नियम मिचेर बैठक बोलाएका हुन्। त्यस दिन ओलीले बैठक राखेनन्। बैठकले त्रिविको आगामी वर्षको बजेट र शैक्षिक उपाधि प्राप्त गरेका विद्यार्थीको सूची पास गर्ने कार्यसूची छ। उपाधि प्राप्त ८९ हजार सात सय विद्यार्थी छन्।

विद्यार्थीलाई बेवास्ता

त्रिवि सभामा विद्यार्थी प्रतिनिधिसमेत रहने व्यवस्था छ। तर, यसपटक भने विद्यार्थी प्रतिनिधि नियुक्ति गर्न बाँकी रहेकाले सभामा उनीहरूको सहभागिता नहुने भएको छ। विद्यार्थी प्रतिनिधि नियुक्ति गर्ने जिम्मा त्रिवि कार्यकारी परिषद्को हो। तर, हालसम्म विद्यार्थी प्रतिनिधिहरूलाई नियुक्त गरिएको छैन। त्रिवि कुलपति एवं प्रधानमन्त्री ओलीले सभामा विद्यार्थी राख्दा बढी प्रश्न उठाउने र बैठक लम्बिने भन्दै कार्यकारी परिषद्लाई विद्यार्थी प्रतिनिधि नियुक्ति नगर्न निर्देशन गरेको त्रिवि स्रोत बताउँछ।

त्रिवि स्ववियु सभापति दीपकराज जोशीले विद्यार्थी प्रतिनिधिविनै बैठक बोलाउनु विद्यार्थीको अधिकार खोसिएजस्तै रहेको बताए। उनले भने, 'सभामा नबोलाउनु भनेको विद्यार्थी आवाज दबाउनु हो। नियुक्ति गर्न नसक्नु परिषद्को कमजोरी हो। विद्यार्थीविना सिनेट बस्न मिल्दैन। कुलपतिले स्वेच्छाचारी रूपमा सभा राख्नु विद्यार्थीको अधिकार हनन गर्नु हो।' त्रिवि पूर्वउपकुलपति केदारभक्त माथेमाले विद्यार्थीको उपस्थितिविना बैठक बस्नु न्यायोचित नहुने बताए। उनले भने, 'सभामा विद्यार्थीको प्रतिनिधि हुँदा सिनेट थप जिम्मेवार र समावेशी देखिन्छ। विद्यार्थी पक्ष पनि असन्तुष्ट हुँदैनन्। विद्यार्थीलाई समावेश नगर्दा उनीहरूका आवाज दबाएझैँ हुन्छ। सभामा विद्यार्थी उपस्थिति हुनुपर्छ।'

Government of Nepal
Ministry of Energy, Water Resources and Irrigation
Alternative Energy Promotion Centre (AEPC)
Tahachal, Kathmandu, Nepal
Tel: +977-1-4598013/4598014
Email: info@aepc.gov.np, Website: www.aepc.gov.np

Request for Expression of Interest (REoI) for Individual Consultant

Date of Notice Publication: **10 July 2025**
Country: Federal Democratic Republic of Nepal **Project ID Number: P149239**
World Bank SCF Grants Number: TF0A8382

1. The Government of Nepal has received financing from the World Bank towards the cost of the Private Sector-Led Mini-Grid Energy Access Project (MGEAP), under the Alternative Energy Promotion Centre (AEPC), and intends to apply part of the proceeds for following consulting services:

Position	Contract ID (STEP Ref.) No.	No. of Position	Type of Position
Project and Contract Management Specialist	NP-AEPC-5020251-CS-INDV	1	Full Time
Site Coordinator (Civil) for Mini Hydro Sub-project	NP-AEPC-5020252-CS-INDV	1	Full Time
Site Supervision Engineer (EM) for Mini Hydro Sub-project	NP-AEPC-5020253-CS-INDV	1	Full Time
Social/Environmental Coordinator for Mini Hydro Sub-project	NP-AEPC-5020254-CS-INDV	1	Full Time
Site Supervision Engineer for Large Biogas and Waste to Energy Sub-projects	NP-AEPC-5020255-CS-INDV	1	Full Time

2. The consulting services ("the Services") includes support to the Project in carrying out the activities for the implementation of the Project.
3. The Project now invites qualified and experienced individual consultants to express their interests for the positions, mentioned in the table above, to assist the Project on the project related activities.
4. Detailed terms & conditions and the scope of services for specific consulting service are mentioned in the Terms of Reference (ToR) which can be obtained from the website: www.aepc.gov.np. The selection will be carried out based on the qualification and experience criteria mentioned in the respective Terms of Reference (ToR).
5. Interested individual applicants should provide the information demonstrating that they have the required qualifications and relevant experiences to perform the services as per ToR.
6. The attention of interested Consultants is drawn to Section III, paragraphs, 3.14, 3.16, and 3.17 of the World Bank's Procurement Regulations for IPF Borrowers, 6th edition, February 2025 ("Procurement Regulations"), setting forth the World Bank's policy on conflict of interest.
7. A Consultant will be selected in accordance with Individual Consultant selection method set out in the Procurement Regulations.
8. Interested individual consultants are requested to submit their updated Curriculum Vitae (CV) along with a Cover Letter to the AEPC/MGEAP at the contact address given above or by mail or by email to info@aepc.gov.np no later than 28 July 2025. Late application will not be accepted and any canvassing shall lead to automatic disqualification.

भूमिसम्बन्धी...

पृष्ठ १ बाट क्रमशः

व्यवसायीहरूको चासोअनुसार सरकारले पनि संसदीय समितिमा छलफल नगरी विधेयक सिधै संसद् बैठकबाट पारित गराउने तयारी गरेको छ। 'सरकारको योजना' अनुसार नै सभामुख देवराज घिमिरेले बुधबारकै बैठकमा विधेयक कार्यसूचीमा राखेका थिए, तर कांग्रेसको चर्को असहमतिका कारण मात्रै रोकिएको छ। कांग्रेसका केही सांसदले आपत्ति जनाएपछि सभामुख घिमिरेले विधेयक कार्यसूचीबाट हटाएका छन्।

४० भन्दा धेरै हाउजिङ कम्पनीले अनुमति लिएर तथा अन्य २० कम्पनीले अनुमति नलिई हदबन्दीभन्दा धेरै जग्गा राखेका छन्। त्यस्ता जग्गा बिक्री गर्न दिने विधेयकको मुख्य उद्देश्य छ। त्यसैले, विधेयकमा नीतिगत चलखेलको आरोप लाग्दै आएको छ।

गत १७ वैशाखमा संसद्मा दर्ता भएको विधेयकमा हदबन्दीभन्दा धेरै जग्गा घरजग्गा व्यवसायका लागि बिक्री गर्न दिने र अव्यवस्थित बसोबासीलाई व्यवस्थापनका नाममा उनीहरूले प्रयोग गर्दै आएको सार्वजनिक जग्गा नै दिनेजस्ता विवादास्पद प्रावधान छन्। अनुमति नलिई जग्गा राख्नेहरूलाई समेत एकपटकका लागि भनेर त्यसलाई वैधता दिई बिक्री गर्ने बाटो विधेयकमार्फत खुलाउन लागिएको छ। हाउजिङ कम्पनीसहित १५६ कम्पनीको हदबन्दीभन्दा धेरै जग्गालाई वैधानिकता दिने गरी भूमि व्यवस्था मन्त्रालयले हालै प्रक्रिया अघि बढाइसकेको छ। यही वेला संसद्मा छलफल साँघुरो बनाएर नीतिगत चलखेल भइरहेको छ।

स्रोतका अनुसार व्यवसायी दीपक मल्होत्राको नेतृत्वमा घरजग्गा व्यवसायीहरूले नियमितजसो सत्तारूढ दलका नेताहरूसँग विधेयक पास गराइदिन लबिङ गर्दै आएका छन्। 'विधेयकको मस्यौदा नै घरजग्गा व्यवसायीले बाहिर नै बनाएर बुझाएको सुनिएको छ,' भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयका एक अधिकारीले भने, 'विगतमा जस्तै यसमा पनि ठुलो नीतिगत चलखेलको चर्चा छ।'

०७६ मा केपी ओली प्रधानमन्त्री भएकै वेला हदबन्दीभन्दा धेरै जग्गा राखेका कम्पनीहरूले सट्टापट्टा गर्न पाउने प्रावधान राखिएको थियो। झापाको गिरीबन्धु टी इस्टेटलाई लक्षित गरी त्यस्तो संशोधन भएको थियो। त्यसमा पनि व्यवसायी मल्होत्रा नै सक्रिय थिए। अहिले पनि उनकै पहलमा ऐन संशोधन हुन लागेको स्रोत बताउँछ। विधेयकको दफा १२(६) मा राखिएको छ, 'यस ऐनमा अन्यत्र जेसुकै कुरा लेखिएको भए तापनि दफा १२ को खण्ड (ङ १) बमोजिम घरजग्गा व्यवसाय गर्न अनुमति लिएको कम्पनीले सूचित आदेशले तोकेको हदभित्रको जग्गा प्रचलित कानुनबमोजिम जग्गा विकास गरी घडेरी वा त्यस्तो घडेरीमा वा आवास इकाइ (अपार्टमेन्ट) निर्माण गरी बिक्री गर्न सक्नेछ।' यो प्रावधानअनुसार घरजग्गा कारोबार गर्ने कम्पनीले विगतमा हदबन्दीभन्दा धेरै खरिद गरेर राखिएका जग्गा पनि बिक्री गर्ने बाटो खोल्न लागिएको छ।

हाल प्रस्तावमा घरजग्गा कारोबार गर्ने कम्पनी मात्र उल्लेख भए पनि संसद्बाट कृषिलगायत कम्पनीहरूसमेत थपेर त्यसलाई पारित गर्नसमेत कतिपय व्यक्ति लागिपरेको स्रोत बताउँछ। जसकारण पनि विधेयक विवादमा परेको छ। जबकि गिरीबन्धु टी इस्टेटसम्बन्धी मुद्दामा सर्वोच्चले हदबन्दीका जग्गा बिक्री तथा सट्टापट्टा रोक्न परमादेश दिएको थियो।

काठमाडौं उपत्यकामा घडेरीसहित बढीमा व्यक्ति तथा संस्थाले ३० रोपनीसम्म जग्गा राख्न पाउँछ। तर, हाउजिङ कम्पनीहरूले सयौँ रोपनी जग्गा राखेका छन्। तर, ३० रोपनीभन्दा धेरै बिक्री गर्न समस्या भएपछि उनीहरूका लागि कानुन नै संशोधन गर्न लागिएको हो।

विगतमा हाउजिङ कम्पनीले धेरै कम्पनी दर्ता गरेर हदबन्दी छलेर कारोबार गर्दै आएका थिए। कतिपय अवस्थामा मालपोत कर्मचारीसँगको मिलेमतोमा पनि बिक्री हुने गर्थ्यो। पछिल्लो समय जग्गाको बदमासीको विषयमा छानबिन हुन थालेपछि मालपोत कर्मचारीले पनि हदबन्दी हेरेर मात्र निर्णय गर्न थालेका छन्। सोही कारण ऐन नै संशोधन गर्न लागिएको हो। अझ समितिमा नै नलगी फास्ट ट्र्याकमा ऐन संशोधन गर्न खोज्नुले पनि यसमा विपक्षी मात्र होइन सत्तारूढ दलकै सांसदहरूको समेत आशंका बढेको छ।

अधिवक्ता ओमप्रकाश अर्याल हदबन्दी छुटको जग्गाको पछिल्लो समय राष्ट्रिय बहसको विषय भएकाले यससम्बन्धी कानुन बनाउँदा विस्तृत छलफल आवश्यक हुने बताउँछन्। 'जग्गाको हदबन्दी पछिल्लो समय राष्ट्रिय बहसको विषय भएकाले यससम्बन्धी कानुन बनाउँदा विस्तृत छलफल आवश्यक हुन्छ। यस्ता विषयमा फास्ट ट्र्याकमा कानुन बनाउनु गलत हो। यस विषयमा सर्वोच्च अदालतको परमादेशसमेत हेरेर विस्तृत छलफल हुनु जरुरी छ,' अर्यालले भने।

सरकारले यसअघि अध्यादेशमार्फत यससम्बन्धी कानुन संशोधन गर्ने प्रक्रिया अघि बढाएको थियो। तर, सत्तागठबन्धनभित्रै विवाद भएपछि त्यसलाई फिर्ता लिएर विधेयकमार्फत प्रक्रिया अघि बढाइएको हो। यस विषयमा पनि सत्तागठबन्धनका दलभित्र असमझदारी देखिएको छ।

व्यवसायी मल्होत्राले भने व्यक्तिगत रूपमा सो विधेयकमा आफूलाई चासो नभएको, तर विधेयक छिटो पारित हुनुपर्ने बताए। 'यो विधेयकमा मेरो व्यक्तिगत चासो छैन। किनकि मेरो कुनै पनि जग्गा हरबन्दीभित्रकै छ। तर, समग्र घरजग्गा व्यवसायीको विधेयकमा चासो छ। किनकि घरजग्गा व्यवसायका लागि ३० रोपनीभन्दा धेरै घरजग्गा किन्न दिने, तर बेच्न नदिने प्रावधानले धेरैलाई समस्या परेको छ,' उनले भने, 'घर बनाएर पनि बिक्री गर्न पाउनुभएको छैन। अर्कोतर्फ ३० रोपनी जग्गामा हाउजिङ बनाउन समस्या पनि हुने भएकाले यो व्यवसायलाई भविष्यमा सहजीकरण गर्नका लागि पनि विधेयक छिटो आउनुपर्छ।'

हदबन्दीभन्दा बढी जग्गा राखेका कम्पनी/संस्था

कम्पनी	क्षेत्रफल (रोपनी/बिघा/व.मि.)
आयुषा डेभलपर्स	२४५-०-०
कोहिनुर हिल हाउजिङ	५९-०-० २७०-०-०
अनुष्का इन्टरनेसनल कन्सर्न	२६०-०-०
सजीवनी आवास प्रा.लि.	३००-०-०
बागमती प्रोपर्टी डिलर्स	१०० २००
भृकुटी रियल इस्टेट	४३-१४-१-०
हेभेन्स भिलेज	६६-१-१-१
सी.ई. कन्स्ट्रक्सन	४२-१२-०-१
ग्याप नेपाल प्रा.लि.	
सिभिल इन्फास्ट्रक्चर डेभलपर्स	१०३-०-०- ४५-०-०-०
उपहार हाउजिङ	१२५-११-३-१
बृहत् इन्भेष्टमेन्ट	३३-४-२-०
स्पिङ उड रियल एन्ड हाउजिङ	४८-६-२-०
कोहिनुर हाउजिङ	२७०-०-०-०
होमल्यान्ड हाउजिङ	११९-९-२-२
आयुषा डेभलपर्स	२४५-०-०-०
ओरियन्टल बिल्डर्स डेभलपर्स	३००-०-०-०
अनुष्का इन्टरनेसनल कन्सर्न	३००-०-०-०
सिभिल से.फ.वे.को.लि.	१७८
पद्मा मर्चेन्ट कं.	८१-१५-२-३
डिमाइजन होम्स	८७-६-२-२
द कम्पट हाउजिङ	५६-५-२-१
टावर हाउजिङ	१०० काठमाडौं १० चितवन
टचउड हाउजिङ	२५०
सी.एम. डेभलपर्स	२०
शुभारम्भ हाउजिङ एन्ड डेभलपर्स	१०८-५-३
सी.डी. डेभलपर्स	६८-९-०-२
सिद्धार्थ हाउजिङ	१२७-४-१-१
सजीवनी आवास	९५-४-१-२
हिमाल इन्टरनेसनल	२०-०-०
सर्वोत्तम सिमेन्ट	
भारती कृषिफर्म	३०-९-१७
काबेली इनर्जी	१७५-०-०-०
युलेन्स एजुकेसन फाउन्डेसन	३००-०-०-०
सी.ई. कन्स्ट्रक्सन	४३-१४-१०
सिभिल इन्फास्ट्रक्चर डेभलपर्स	१०३-०-०- ४५-०-०-०
काबेली इनर्जी लि.	२५०
रैराङ हाइड्रोपावर डेभलपमेन्ट कं.	१५०
सांग्रिला टी इस्टेट	९६-६-३-४
फुड सङ चिया बगान प्रा.लि.	१५००
केशरी चिया बगान	५००
ओम टी गार्डेन	१५००
पुवामाई चिया बगान प्रा.लि.	१०००
सिद्धपोखरी टी इस्टेट	१०००
इलाम टी इस्टेट	५००
काजीकोढी टी गार्डेन	१५००
सान्भी इनर्जी प्रा.लि.	१२५
ढुंगाना टी इस्टेट प्रा.लि.	१०००
एमबी टी इस्टेट, झापा	६०-०-०
माङमालुङ चिया बगान	८००
मनमोहन चियाबारी	१२५०-०-०
मुंगेखोला टी इस्टेट	१२७
किराँतेश्वर टी गार्डेन, त्रिशूले	२५००
हिम चियाबगान	१५०
फिक्कल टी एन्ड कफी कं., कन्याम	९२५-१-३-२
ग्रिन लेन्ड टी इस्टेट, दाङपा	३००
सांग्रिला बहुक्रय कृषि फार्म	३९७-६-३
मनोकामना टी इस्टेट	६०-०-०
रोनक टी इस्टेट	२९-५-५
गोमादेवी टी इस्टेट	६२-१०-०
झापा टी इस्टेट	११२

कम्पनी	क्षेत्रफल (रोपनी/बिघा/व.मि.)
रारा टी इस्टेट, तेह्रथुम	१५००
कन्दन टी गार्डेन एन्ड फार्मिङ	१५०
राजगढ चिया विकास कं., भद्रपुर	२००
कमलादल टी इस्टेट	१००
कल्पना टी इस्टेट	५०
इन्स्टिच्युट अफ हेल्थ साइन्स एन्ड सर्भिसेज प्रा.लि.	१६
हदिया रियल टी इस्टेट	१२०
भारती कृषि फार्म	५०
मोहन टी इस्टेट इन्डस्ट्रिज	१००
बज्रयोगिनी टी इस्टेट	१५०
सनराइज टी इस्टेट	१८०
ज्यामिरगढी टी इस्टेट	८५-१०-१५
राज टी इस्टेट	५००
पदम टी इस्टेट	२५०
इलाम चियाबारी प्रा.लि.	२५०
पौडेल बन्धु टी इस्टेट	१८०
काज टी इस्टेट	१८२
हिमाल इन्टरनेसनल प्रा.लि.	२०
नक्कलबन्दा टी इस्टेट	२००
चकचकी टी इस्टेट	६०
नकलबन्दा टी इस्टेट	८३-९-२
सारिया टी इस्टेट	२००
सजीवनी व्यवसाय प्रा.लि.	७४-१५-५
लक्ष्मी टी इस्टेट	१५०
एच एन्ड एस छाङछेन टी इस्टेट	७०
सौरभ चिया उद्योग	१७४
टी इस्टेट प्रा.लि.	६०
इन्टरनेसनल इन्स्टिच्युट अफ हेल्थ साइन्स एन्ड सर्भिसेज	१६
चन्द्रगढी टी इस्टेट	२००
श्री रोमन टी इस्टेट	७५
श्री सनराइज टी इस्टेट	१८०
हडिया रियल टी इस्टेट	२००
प्रयास चिया उद्योग	१००
हिमालय टी गार्डेन एन्ड फार्मिङ	१०० ५००
ऋद्धि गणेश टी इस्टेट	८८-११-१
गौरीशंकर टी प्रा.लि.	२००
न्यु गिरी एन्ड सन्स	३२५
सरस्वती चिया बाटिका	६७-०-०
नरनाथ चिया बाटिका	६७-०-०
गुप्ता टी इस्टेट	१४१-०-०
कुवाडी देवी टी इस्टेट	४००
सप्तकोशी कृषि अनुसन्धान तथा विकास	१००
रिजाल क्यानिङ कं.	५९-९-१२
जिपी कोइराला फाउन्डेसन	५०
इस्टर्न स्टार कृषि तथा सहकारी	३०
महाराज टी हर्बल प्रोडक्ट	३०००
पूर्वाञ्चल कफी तथा चिया उद्योग	१५००
जिरी टी डेभलपमेन्ट प्रा.लि.	३०००
श्रीकृष्ण बहुमुखी केन्द्र	१५००
कुवापानी टी प्लान्टेसन	१५००
जुन चिया चियाबारी टी गार्डेन	१५००
मुंगा टी गार्डेन्स	१५००
रामकृष्ण चियाबगान	१०००
चुलाचुली टी इस्टेट	२५००
एसजेभिएन अरुण– ३ पावर डेभलपमेन्ट कं.	४७.७५
सोंगेच्यो चियाबगान	१५००
मारुती सिमेन्ट	४८.५
केचना टी इस्टेट	१७८-१०-०
सोलु हाइड्रोपावर (तल्लो सोलु)	८५०
अप्पर सोलु हाइड्रो इलेक्ट्रिक कं.	५२६
ग्रिन भेन्चर्स प्रा.लि.	५१०

कम्पनी	क्षेत्रफल (रोपनी/बिघा/व.मि.)
हिमालय ऊर्जा विकास कं., अप्पर खिम्ती	१५०
रिलायन्स सुगर एन्ड केमिकल्स इ.	२५०
गिजरा खाडखारी मिल प्रा.लि.	१८०
मोजिसिटी लाइफ स्टाइल प्रा.लि.	२७९-०-०
ग्याप नेपाल प्रा.लि.	८४-५-२-३
मेजिसिटी लाइफ स्टाइल प्रा.लि.	४००-०-०-०
युनाइटेड सिमेन्ट प्रा.लि.	२४६
इको अर्गानिक फार्मस्	५००
गोल्डेन फार्मस् प्रा.लि.	११५०
तिमाल इन्ट्रग्रेटेड कं.	३००
त्रिशक्ति सिमेन्ट	९१-५-३
द द्वारिकाज हिमालयन सांग्रिला भिलेज रिसोर्ट	१७५
आदिशक्ति विद्युत् विकास कं.	११४
नेपाल वाटर एन्ड इनर्जी डेभलपमेन्ट कं.	६००
लिबर्टी इनर्जी हाइड्रोपावर	३००
आराभा नेपाल मोडर्न एग्रिकल्चर कं.	२००
हिमालयन पावर पार्टनरसिप	२१०
होङ्सी शिवम् सिमेन्ट	२५००
सिजी सिमेन्ट	५००
अप्पर कर्णाली इनर्जी हाइड्रोपावर	९७१
सान्जेन जलविद्युत् कं. लि.	३१५
सगरमाथा सिमेन्ट	१००
घोराही सिमेन्ट	१००
सोनापुर सिमेन्ट	११४
इन्टरनेसनल इन्स्टिच्युट अफ मेडिकल साइन्स	५-२-०
रोल्पा सिमेन्ट, बुढागाउँ	४००
रोल्पा सिमेन्ट	२०
रोवस्ट इनर्जी	३५३
रोड सो रियल इस्टेट	१०९-३-१
सैबु भिलेज रिसोर्ट, भैंसेपाटी	३००
नारायणी उष्ट प्रा.लि.	१५००
ओरियन्टल बिल्डर्स एन्ड डेभलपर्स	३०००
सैबु भिलेज रिसोर्ट, भैंसेपाटी	२९७-९-३-२
पवनपुत्र सेक्युरिटी प्रा.लि.	३००
जनकबहादुर शाह	
रैराङ हाइड्रोपावर	१५० रोपनी
अरुण तेस्रो जलविद्युत्	८३.३५ हेक्टर
लिबर्टी इनर्जी हाइड्रोपावर	१८५-१३-१-३
हिमालयन ऊर्जा विकास कं.	१०६-११-२- ३ थप
रिजाल क्यानिङ	
वरुण वेभरेज	
घलेम्दी जलविद्युत्	
तनहुँ हाइड्रोपावर	१९६००-०-०-०
ग्लोबल हाइड्रोपावर	
धुलिखेल अस्पताल	
अल्पाइन कफी	
कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठान	१५००-०-०-०
सिँगटी खोला जलविद्युत्	
अश्विन्स मेडिकल कलेज एन्ड हस्पिटल	२५-०-०-०
सानिमा मिडिल तमोर हाइड्रोपावर	
एभिसेन्ना मेडी नेपाल	
नेपाल बहुउद्देश्यीय सहकारी संस्था	३०-०-०-०
श्वेतगंगा हाइड्रोपावर एन्ड कन्स्ट्रक्सन	५-०-०
वाइल्ड लाइफ डेभलपमेन्ट कं.	
मिडिल मोदी	
मध्यभोटेकोशी	
केपी ओली ट्रस्ट	
शोभा एग्रो एन्ड रिसर्च प्रा.लि.	९२५-१-०-२
ह्वासिन सिमेन्ट	८५-८-१-१

कांग्रेसको...

पृष्ठ १ बाट क्रमशः

पहल थियो। बैठकअघि सभामुखले भूमिमन्त्री, कांग्रेस, एमाले र माओवादीसँग परामर्श गरेका थिए। कांग्रेस र माओवादीले गम्भीर प्रकृतिको विधेयक भएकाले तत्काल कार्यसूचीमा नराख्न सुझाव दिएका थिए। तर, सभामुखले प्रधानमन्त्री र मन्त्रीको जोडबलमा बुधबारै दफावार छलफल गरेर पारित गर्ने कार्यसूचीमा राखे।

त्यसपछि कांग्रेस महामन्त्री विश्वप्रकाश शर्माले बिहान सबेरै ट्विटमार्फत सार्वजनिक रूपमै असन्तुष्टि जनाए। 'भूमिसम्बन्धी केही नेपाल ऐन संशोधन विधेयक स्वयंमा संशोधन गरेर सहमति जुटाउन जरुरी छ। पर्याप्त गृहकार्य नगरी सोझै पारित गर्ने गरी संसद्मा प्रस्तुत हुन लागेकोमा खुला विमति छ। लटरपटर नगरौँ, पूर्वसहमति खोजौँ कि समितिमा पठाऔँ। अन्यथा आजलाई कार्यसूचीबाट हटाइयोस्,' उनले लेखे।

भूमि विधेयकमा हदबन्दी छुटको जग्गा घडेरी बनाएर बेच्ने प्रावधानको विपक्षमा संशोधन राखेका सत्तासाझेदार दलका महामन्त्री शर्माले सार्वजनिक असहमति जनाएपछि सरकार नै दबाबमा पऱ्यो। महामन्त्री शर्माले कांग्रेसबाट विधेयकमा संशोधन राखेका सांसदहरूको बैठक राखे। प्रमुख सचेतक श्यामकुमार घिमिरेलाई बोलाएर विधेयक कार्यसूचीबाट हटाउनका लागि सभामुखलाई भन्न निर्देशन दिए। घिमिरेले सभामुखलाई विधेयक हटाउन माग गरे र नहटाए उभिएर विरोध गर्ने चेतावनी दिए। कांग्रेसको मागमा माओवादीको पनि समर्थन रह्यो। अनि सभामुख घिमिरेले एक बजे बोलाइएको प्रतिनिधिसभा बैठकअघि भूमि विधेयक कार्यसूचीबाट हटाएर नयाँ कार्यसूची सार्वजनिक गरेका थिए।

यसअघि २१ असारमा पारित पाक्षिक क्यालेन्डरमा २५ असारमा भूमि विधेयक दफावार छलफलका लागि सम्बन्धित समितिमा पठाइयोस् वा दफावार छलफल सदनमा गरियोस् र पारित गरियोस् भन्ने प्रस्ताव प्रस्तुत गर्ने उल्लेख थियो।

संसद् सचिवालयका एक पदाधिकारीका अनुसार भूमिसम्बन्धी विधेयक समितिमा पठाइए स्वार्थ पूरा नहुने भएकाले सरकार फास्ट ट्र्याकबाटै सदनबाट पारित गर्ने दाउमा छ। 'हदबन्दी तोडेर जतासुकै जग्गा प्रयोग गर्न मिल्ने गरी पहिले अध्यादेश ल्याइएको थियो,' ती पदाधिकारीले भने, 'तर, राष्ट्रिय सभामा बहुमत नपुगेपछि अध्यादेश अघि बढ्न सकेन। त्यसपछि सोही प्रावधानहरू समावेश गरेर विधेयक ल्याइयो र अहिले सिधै प्रतिनिधिसभाबाट पारित गर्ने तयारी गरिएको थियो।'

कांग्रेस सांसदले विधेयक कार्यसूचीबाट हटाउनुपर्ने वा संसदीय समितिमा पठाउनुपर्ने माग गरेपछि भूमिमन्त्री बलराम अधिकारीले कांग्रेस सभापति शेरबहादुर देउवालाई भेटेर गुनासो गरेका थिए। देउवाले महामन्त्रीसँग सल्लाह गर्नू, मिलाएर अगाडि बढाउनू भनेर फिर्ता पठाएको कांग्रेसका एक सांसदले बताए।

मन्त्री अधिकारीले प्रमुख प्रतिपक्षीसँग थप छलफल गर्नुपर्ने भएकाले विधेयक कार्यसूचीबाट हटाइएको बताए। 'विधेयकमा प्रमुख प्रतिपक्षीसँग पनि छलफल गर्नुपर्ने भएकाले हटाइएको हो, चाँडै पारित हुन्छ,' उनले भने।

साउनदेखि जटिल रोगका बिरामीलाई दुई लाखसम्मको स्वास्थ्य बिमा

जटिल रोगका नौ हजार बिरामीलाई थप राहत पुग्ने, तर स्वास्थ्य बिमाको १६ अर्ब भुक्तानी बाँकी



● **प्रदीप पौडेल**, स्वास्थ्यमन्त्री

कडा रोग लागेर उपचार खर्च जुटाउन नसक्ने नागरिकको पीडालाई सम्बोधन गर्न १ साउनदेखि लागू हुने गरी आठ प्रकारका जटिल रोगका बिरामीलाई दुई लाखसम्मको स्वास्थ्य बिमा सुविधा प्रदान गरिनेछ।

शिवहरि घिमिरे/नयाँ पत्रिका

जटिल रोगका बिरामीले अब दुई लाख रुपैयाँसम्मको स्वास्थ्य बिमा सुविधा पाउने भएका छन्। स्वास्थ्य मन्त्रालयले आगामी आर्थिक वर्षदेखि लागू हुने गरी यो सुविधा थप गर्ने निर्णय गरेको छ।

हालसम्म जटिल रोगका बिरामीलाई एक लाख रुपैयाँको बिमा सुविधा दिँदै आएको सरकारले अब त्यसमा थप एक लाख रुपैयाँ दिने तयारी गरेको हो। मुटु, मिर्गौला, हेड इन्जुरी, स्पाइनल इन्जुरी, सिकलसेल एनिमिया, पार्किन्सोनिज्म र अल्जाइमरका बिरामीले यो सुविधा पाउनेछन्। यसअघि स्वास्थ्य बिमाका हरेक बिमितले जस्तै उनीहरूले पनि एक लाखको उपचार सुविधा पाउँथे।

स्वास्थ्यमन्त्री प्रदीप पौडेलले जटिल रोगले थलिएका बिरामीलाई राहत पुऱ्याउने उद्देश्यले बिमा रकम वृद्धि गरिएको बताए। 'कडा रोग लागेर उपचार खर्च जुटाउन नसक्ने नागरिकको पीडालाई सम्बोधन गर्न १ साउनदेखि लागू हुने गरी आठ प्रकारका जटिल रोगका बिरामीलाई दुई लाखसम्मको स्वास्थ्य बिमा सुविधा प्रदान गरिनेछ,' उनले भने। मन्त्रालयले स्वास्थ्य बिमा बोर्डलाई पत्र पठाएर यो निर्णय कार्यान्वयनमा ल्याउन निर्देशन दिइसकेको छ। मंगलबार बसेको बोर्डको बैठकले पनि यही निर्णयलाई अनुमोदन गरेको छ।

यसपटकदेखि बिमितले आफू बसेकै स्थानबाट स्वास्थ्य सेवा लिन मिल्ने गरी 'प्रथम विन्दु' सुविधासमेत व्यवस्था गरिएको छ। यसले सेवा लिन सहज बनाउने मन्त्री पौडेलको विश्वास छ। 'स्वास्थ्य बिमा थप परिष्कृत गर्दै आमनागरिकको पहुँच बढाउने हाम्रो प्रयास जारी रहनेछ,' उनले भने, 'हामीले बिमालाई सहज बनाउन यसको स्रोतहरू औंल्याइसकेका छौं, राज्यलाई थप भार नपर्ने र दिगो हुने गरी बिमालाई भरपर्दो र व्यवस्थित गर्दै छौं।'



> स्वास्थ्य बिमाका हरेक बिमितले जस्तै हालसम्म जटिल रोगका बिरामीलाई पनि एक लाख रुपैयाँ बिमा सुविधा दिँदै आएकोमा अब त्यसमा एक लाख थप गरिने

मन्त्री पौडेलका अनुसार स्वास्थ्य मन्त्रालयले स्वास्थ्य बिमा कोषको आयस्रोत बढाउन सरकारी तथा संगठित क्षेत्रका कर्मचारीलाई बिमामा आबद्ध गराउने तयारी गरिरहेको छ। सो विषय स्वास्थ्य बिमा ऐनमा समेत उल्लेख छ। साथै, वैदेशिक रोजगारीमा रहेका नागरिक र उनीहरूको परिवारलाई समेत बिमामा ल्याउने पहल गरिएको छ।

हाल बिमा बोर्डले विभिन्न स्वास्थ्य संस्थालाई १६ अर्बहाराहारी रकम भुक्तानी गर्न बाँकी छ। सो भुक्तानी नहुँदा कतिपय सरकारी अस्पतालहरूको आम्दानीमा समेत समस्या देखिएको छ। मन्त्रालयले अर्थ मन्त्रालयसँग यसबारेमा पहल गरेको र छिट्टै बक्यौता तिर्ने मन्त्रालयले जनाएको छ। स्वास्थ्य बिमा बोर्डका अनुसार यो रकम बिमा बोर्डको स्रोतमै समावेश गरिएको छ। बोर्डले आन्तरिक खर्च मिलान गरेर भए पनि जटिल रोगका बिरामीलाई सेवा दिँदा लाग्ने थप व्ययभार व्यवस्थापन गर्न सकिने आकलनसमेत गरेको छ। बोर्डको प्रारम्भिक तथ्यांकअनुसार हाल नेपालमा जटिल रोगका उपचार गराइरहेका नौ हजारभन्दा बढी बिरामीले यस्तो प्रकारको सेवा लिनेछन्। सरकारले स्वास्थ्य बिमाबापत सबैलाई एकै प्रकारको सुविधा दिँदै आए पनि अब भने जटिल रोग लागेका बिरामीलाई थप राहत दिने गरी यस्तो नियम ल्याएको हो।

बोर्डका कार्यकारी निर्देशक डा. रघुराज काफ्लेले जटिल रोगका बिरामीलाई थप सहज होस् भनेर यस्तो सेवा लागू गर्न लागिएको बताए। 'जटिल रोगका बिरामीलाई राज्यले अन्य शीर्षकमा पनि सहयोग गर्दै आइरहेको छ, तर बिमामा चाहिँ सबैलाई एउटै सुविधा थियो, जटिल रोग लागेका बिरामीलाई अरूलाई भन्दा थप सुविधा दिनुपर्छ भनेर हामीले दुई लाख दिने योजना तय गरेका हौं,' उनले भने, 'यो सेवा धान्न सकिन्छ भनेरै थप गरेका हौं, बरु आन्तरिक खर्च घटाउने हाम्रो योजना छ।'

■ बिमाको भुक्तानी नभए सेवा रोक्ने अस्पतालहरूको चेतावनी

स्वास्थ्य बिमा बोर्डको मातहतमा रहेर देशभर ४८५ वटा स्वास्थ्य संस्थाले बिमाको सेवा दिँदै आइरहेका छन्। त्यसमध्ये ४८ वटा निजी अस्पताल र अन्य सरकारी तथा सामुदायिक स्वास्थ्य संस्था छन्। बिमाको भुक्तानी नभएपछि सरकारी स्वास्थ्य संस्थासमेत समस्यामा छन्। अधिकांश स्वास्थ्य संस्थालाई एक करोडदेखि दुई करोडसम्म भुक्तानी गर्नुपर्ने अवस्था रहेको बोर्डले जनाएको छ। सरकारबाट बिमाबापतको भुक्तानी नभएपछि सरकारी अस्पताललाई पनि आर्थिक समस्या निम्तिएको छ। वज्रबाराही चापागाउँ अस्पतालका मेडिकल सुपरिटेन्डेन्ट डा. अंकुर पौडेलले बिमाको डेढ करोड भुक्तानी नहुँदा अस्पताललाई कठिन भएको बताए। 'हामीसँग बजेट पनि थोरै हुन्छ, भएको धेरैजसो बजेट चालूमा खर्च हुन्छ,' उनले भने, 'अझ बिमाको रकम पनि समयमा आएको छैन, यस्तो अवस्थामा आर्थिक व्यवस्थापन कठिन हुने गरेको छ।' बोर्डका कार्यकारी निर्देशक डा. काफ्लेका अनुसार हाल ती स्वास्थ्य संस्थाहरूलाई १६ अर्ब रकम भुक्तानी गर्न बाँकी छ। अधिकांश स्वास्थ्य संस्थाहरूले बिमाको भुक्तानी माग गर्दै पटकपटक पत्रसमेत पठाएका छन्। तर, बोर्डले अर्थ मन्त्रालयबाट बजेट नआएसम्म भुक्तानी गर्न नसक्ने उनको भनाइ छ। 'हामीसँग बजेट छैन, अर्थले बजेट दियो भने मात्रै भुक्तानी गर्न सकिन्छ,' उनले भने, 'कतिपय सेवाप्रदायक स्वास्थ्य संस्थाले भुक्तानी पुगेन भने सेवा रोक्नेसम्मको चेतावनी दिएका छन्, असारको अन्तिमसम्म भुक्तानी माग गरिरहेका छन्, यसबारे स्वास्थ्य मन्त्रालयलाई पनि जानकारी गराइसकेका छौं।'

काफ्लेका अनुसार हाल देशभर स्वास्थ्य बिमा गराउनेको संख्या ६५ लाख पुगेको छ। त्यसमध्ये उपचार सेवा लिने बिरामी संख्या झन्डै ३० लाखहाराहारी छ। बिमा गरेकामध्ये झन्डै ५० प्रतिशले बिमामा उपचार गराउने भएकाले यसको व्ययभार जटिल अवस्थामा रहेको बोर्डले जनाएको छ। पछिल्लो समय बिमामा सरकारले ठुलो रकम खर्च गरिरहेको अवस्थामा बोर्डले विभिन्न स्रोत सुनिश्चित गर्नुपर्ने विकल्प पनि सरकारलाई पेस गरेको छ। सरकारको हालको दायित्व नबढ्ने गरी थुप्रै उपाय सुझाएर ठोस प्रस्ताव बोर्डले स्वास्थ्य मन्त्रालयलाई पठाएको काफ्लेले जानकारी दिए।

कांग्रेसले चलायो अनुशासनको डन्डा

अन्तर्घातको आरोपमा डेढ दर्जन नेतामाथि कारबाही

कारबाहीमा परेका अधिकांश नेता-कार्यकर्ता संस्थापनइतरका

नयाँ पत्रिका

आमनिर्वाचन सकिएको साढे तीन वर्षपछि पार्टीका आधिकारिक उम्मेदवारलाई असहयोग र अन्तर्घात गरेको अभियोगमा कांग्रेसले डेढ दर्जन नेता कार्यकर्तामाथि कारबाही गरेको छ। जसमा प्रदेश महामन्त्रीदेखि पूर्वमन्त्रीसम्म छन्।

कांग्रेसको केन्द्रीय अनुशासन समितिको बैठकले ०७९ को स्थानीय तह, प्रदेश सभा र प्रतिनिधिसभा निर्वाचनमा पार्टीका उम्मेदवार वा पार्टीले समर्थन गरेका उम्मेदवारविरुद्ध गतिविधि गरेको आरोपमा लुम्बिनी प्रदेशका महामन्त्री विक्रम खनालसहित डेढ दर्जनमाथि अनुशासनको कारबाही गरेको हो।

अनुशासन आयोगका संयोजक आनन्दप्रसाद ढुंगानाले पार्टीका उम्मेदवारलाई पराजित गराउने गलत मनसायका साथ सामाजिक सञ्जाल, अडियो-भिडियोलगायत अनेकन् हतकन्डा प्रयोग गरिएका प्रमाणलाई आधार मानेर पार्टी नेता तथा कार्यकर्तालाई निष्कासन/निलम्बन गर्ने निर्णय गरिएको विज्ञप्तिमार्फत जानकारी गराएका छन्।



विक्रम खनाल, महामन्त्री, लुम्बिनी प्रदेश समिति



कुमार खड्का, महासमिति सदस्य, कास्की



विष्णुकुमार राई, कांग्रेस, खोटाङ सभापति



तुलसी सुब्बा, महासमिति सदस्य, तेह्रथुम

कारबाहीमा परेकामा लुम्बिनी प्रदेशका महामन्त्री खनाल, कास्कीका महासमिति सदस्य एवं गण्डकी प्रदेशका पूर्वमन्त्री कुमार खड्का, खोटाङका सभापति विष्णुकुमार राई, तेह्रथुमका महासमिति सदस्य तुलसी सुब्बा, पर्सा १ का क्षेत्रीय सभापति अरविन्दकुमार गुप्तालाई पार्टीबाट एक वर्षका लागि निष्कासन गरिएको छ। कास्कीका निवर्तमान सभापति कृष्ण केसीलाई तीन महिनाका लागि निलम्बन गर्ने निर्णय गरिएको छ। यी सबै कांग्रेसमा संस्थापनइतर समूहका हुन्।

त्यस्तै, धनुषा लक्ष्मीनिया गाउँपालिकाका सभापति आनन्द यादवलाई ६ महिनाका लागि निष्कासन गरिएको छ। धनुषा सबैला नगरपालिकाका नगर सभापति खटरु यादव, धनुषाधाम नगरपालिका- १ का रामबाबु यादव र मुखियापट्टी मुसहरनियाका सभापति फुलगेन यादव र कास्की २ का क्षेत्रीय सहसचिव भावना श्रेष्ठ, कैलाली जिल्ला धनगढी उपमहानगरपालिका- २ का महाधिवेशन प्रतिनिधि भीमबहादुर शाह, निवर्तमान जिल्ला सचिव पूर्णकुमार कुँवरलाई निलम्बन गरिएको छ।

त्यस्तै, धनगढी उपमहानगरपालिका- १ का पूर्वमहासमिति सदस्य आनन्दराज जोशी, धनगढी उपमहानगरपालिका- २ का क्षेत्रीय प्रतिनिधि रवीन्द्रप्रताप सिंह, क्रियाशील सदस्य लेखराज ओझा, धनगढी उपमहानगरपालिका- १ का क्रियाशील सदस्य सुभाष चन्द, धनगढी उपमहानगरपालिका- ५ का पूर्वमहाधिवेशन प्रतिनिधि बब्लुकुमार चौधरीलाई ६ महिना निलम्बन गरिएको छ।

अनुशासन आयोगले छानीछानी इतर समूहका नेता कार्यकर्तालाई कारबाही गरेको भन्दै कांग्रेसमा असन्तुष्टि उत्पन्न भएको छ। हालै सम्पन्न कांग्रेस केन्द्रीय कार्यसमिति बैठकमा नेता डा. शेखर कोइरालाले पार्टीको अनुशासन समितिमा केन्द्रीय समितिभन्दा बाहिरका सिनियर साथीहरूलाई राख्नुपर्ने बताएका थिए। 'अहिले अनुशासन समितिमा रहनुभएका साथीहरू कति कमजोर हुनुहुन्छ भने कारबाहीका लागि सिफारिस भएका केन्द्रीय सदस्य साथीहरूलाई एउटा चिठ्ठीसम्म पनि काट्न सक्ने ताकत राख्नु हुँदो रहेनछ। तपाईंका विरुद्ध यस्तो उजुरी छ, के हो भनेर सोध्न सक्ने हैसियत पनि राख्नुहुन्न उहाँहरू। यस्तो अनुशासन समितिले निष्पक्ष काम गर्न सक्दैन। एउटै प्रकृतिको विषयमा कसैलाई सचेत गराइएको छ, कसैलाई निलम्बन गर्ने प्रस्ताव आएको छ। कारबाहीमा किन विभेद ?' उनले प्रश्न गरेका थिए।

तर केन्द्रीय समिति बैठक सकिएलगत्तै अनुशासन आयोगको बैठकले इतर समूहका नेता कार्यकर्तामाथि अनुशासनको कारबाही गरेको छ। बहुमतको आधारमा संयोजक ढुंगानाले कारबाही गर्ने निर्णय गरेका हुन्। आयोग सदस्य राजीव कोइराला र सञ्जय गौतमले भने कडा प्रतिवाद गरेको स्रोतले बतायो।

संक्षेप

संविधान र लोकतान्त्रिक गणतन्त्रको आधिकारिक पक्ष माओवादी : प्रचण्ड



काठमाडौं/ माओवादी अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डले वर्तमान संविधान र लोकतान्त्रिक गणतन्त्रको आधिकारिक पक्ष माओवादी नै भएको दाबी गरेका छन्। अहिले कानुनी र संख्याको हिसाबले सदनमा तेस्रो स्थानमा भए पनि नेपाली राजनीतिको संस्थापन पक्ष माओवादी नै भएको उनको दाबी छ। 'अहिले कानुनी र संख्याको हिसाबले हामी सदनमा तेस्रो स्थानमा छौं। तर, हाम्रो जतिसुकै सिट हुँदा पनि आजको नेपाली राजनीति, संघीय लोकतान्त्रिक गणतन्त्रको संविधान, महिला, दलित, आदिवासी, जनजाति, मजदुर, किसान, मधेसी, मुस्लिम सबै उत्पीडित समुदायको अधिकार र पहिचान स्थापना गर्ने हिसाबले नेपाली राजनीतिको संस्थापन पक्ष माओवादी नै हो,' प्रचण्डले बुधबार सामाजिक सञ्जाल फेसबुकमार्फत भनेका छन्। कांग्रेस र एमालेप्रति लक्षित गर्दै प्रचण्डले जतिसुकै संख्या भए पनि अरू शक्ति प्रतिपक्ष भएको उनले बताएका छन्। 'जतिसुकै संख्या भए पनि माओवादी संस्थापन हो, अरू शक्ति प्रतिपक्ष हुन्। यो संविधान र लोकतान्त्रिक गणतन्त्रको आधिकारिक पक्ष माओवादी नै हो,' उनले भनेका छन्।

सर्वोच्चको आदेशपछि कर फर्स्योट आयोगका पूर्वपदाधिकारी थुनामुक्त

काठमाडौं/ कर फर्स्योट आयोगमा भएको भ्रष्टाचार सम्बन्धमा विशेष अदालतले प्रतिवादीहरूलाई तारेख दिएको छ। मंगलबार राति सर्वोच्च अदालतबाट भएको फैसलाको मिसिल बुधबार विशेषमा पुगेपछि प्रतिवादीहरूको मुद्दामा पेसी तोकिएको हो। 'सर्वोच्चले विशेषको फैसला बदर गरेपछि आज मिसिल आयो र उहाँहरूलाई पनि उपस्थित गराइयो। उहाँहरूको कैद जरिवाना अब शून्यमा गयो,' विशेषका उपरजिस्ट्रार कृष्णशरण लामिछानेले भने, 'हामीले १२ साउनका लागि साधारण तारेख दिएका छौं। त्यसपछि मात्र यो मुद्दा पेसी चढ्छ।' लामिछानेका अनुसार बयान गराउनेलगायत काम नभए पनि सर्वोच्चले भनेका साक्षी-प्रमाण बुझ्ने, बकपत्र गराउने, प्रतिवादीको वकिललाई जिरह गर्न दिने, विशेषज्ञको रायजस्ता विषयमा भने फेरि कारबाही हुनेछ। आयोगका अध्यक्ष लुम्बध्वज महत तथा सदस्यहरू चूडामणि शर्मा र उमेशप्रसाद ढकालको विषयमा विशेषले गरेको फैसला बदरको मागसहित एक वर्षअघि सर्वोच्च अदालतमा परेको पुनरावेदन मंगलबार मात्र टुंगिएको थियो। जसमा तीनै प्रतिवादीलाई साधारण तारेखमा राखी पुनः मुद्दा हेर्न विशेषलाई भनिएको थियो।

शिक्षक श्रेष्ठविरुद्ध बाल यौन दुरुपयोग कसुरमा अनुसन्धान

लहान/ सिराहाको गोलबजार नगरपालिका- ८ चोहर्वास्थित जनता नमुना माध्यमिक विद्यालयका शिक्षक हरि श्रेष्ठविरुद्ध बाल यौन दुरुपयोगसम्बन्धी कसुरमा मुद्दा चलाइएको छ। पीडित परिवारको उजुरीका आधारमा श्रेष्ठविरुद्ध बाल यौन दुरुपयोगसम्बन्धी कसुर मुद्दामा अनुसन्धानका लागि सिराहा जिल्ला अदालतबाट पहिलोपटक लिएको तीन दिनको म्याद बुधबार सकिएको छ। जिल्ला प्रहरी कार्यालय सिराहाका अनुसार आरोपी श्रेष्ठलाई बिहीबार पुनः दोस्रो दिनको म्याद लिएर अनुसन्धान छिटो सिध्याएपछि अदालतमा मुद्दा लगिनेछ। छात्रामाथि यौन दुर्व्यवहार गर्दै आएका श्रेष्ठबारे विद्यालय र प्रहरीले बेवास्ता गरेको भन्दै सोमबार आक्रोशित आफन्त र स्थानीयले विद्यालय तोडफोड गरेका थिए। त्यसक्रममा विद्यालयको प्रशासनिक भवनको दोस्रो र तेस्रो तलामा रहेको कार्यालयको झ्याल, भेन्टिलेसनको सिसा र शौचालयअगाडिको ऐना तोडफोड भएको थियो। विद्यालयमा तोडफोड भएपछि आरोपी शिक्षकलाई प्रहरीले नियन्त्रणमा लिई दुर्व्यवहारमा परेका पीडित चारजना बालिका छात्रालाई दुर्व्यवहारको जाँच, उपचार र मनोपरामर्शका लागि जिल्ला सदरमुकामस्थित ओसिएमसी (एकद्वार संकट व्यवस्थापन केन्द्र) पठाएको थियो। आरोपी शिक्षक श्रेष्ठ गाउँकै विद्यालयमा सरुवा भएर आउनुअघि पढाएका विद्यालयमा पनि यौन दुर्व्यवहारको घटनामा संलग्न रहेको थाहा पाएको नाम उल्लेख नगर्ने सर्तमा स्थानीय एक युवकले सुनाए। विद्यालय तोडफोड गरेको थियो।

सांसद गौतमको अभिव्यक्तिमा कांग्रेस-एमालेको प्रतिवाद

नयाँ पत्रिका

रास्वपा सांसद सोविता गौतमले प्रधानमन्त्री केपी ओलीको स्पेन भ्रमणमा सहभागी केही नेपाली नफर्किएको भन्दै उच्चस्तरीय छानबिनको माग गरेकी छिन्। प्रतिनिधिसभाको बुधबारको बैठकमा उनले भिजिट भिसाको दुरुपयोग र मानव तस्करीको आवाज उठाइरहेकै वेला यो घटना हुनु दुःखद भएको बताइन्। संसद्मा उच्चस्तरीय छानबिन आयोग वा संसदीय छानबिन समिति बनाउनुपर्ने माग गरिरहेको र सरकारले टालटुले प्रशासनिक समिति बनाएर झेली गरेको उनको भनाइ थियो।

गौतमले स्पेनको संयुक्त राष्ट्रसंघको कार्यक्रममा सहभागी नेपाली नफर्किएको विषय उठाउँदा रेकर्डबाट हटाउन माग गरिएको, प्रधानमन्त्रीको सचिवालयबाट चुनौती आएको र केही सांसदले 'बतासे', 'केटाकेटी' भनेकोमा आपत्ति जनाइन्। सांसद गौतमले आफूले कहीं पनि स्पेनको कार्यक्रममा प्रधानमन्त्रीसँग गएका मानिसहरू फर्किएनन् नभनेको स्पष्ट पारिन्।

आफूले मंगलबारको बैठकमा प्रधानमन्त्री गएको स्पेनको कार्यक्रममा समेत केही मानिसहरू कार्यक्रममा सहभागी हुने बहानामा गएर नफर्किएको भन्नेलगायत समाचार आइरहेका छन् भनेको दोहोऱ्याउँदै गौतमले भनिन्, 'प्रधानमन्त्री गएको कार्यक्रममा केही गएर फर्किएनन् भन्नु र प्रधानमन्त्रीसँग गएर फर्किएनन् भन्नुमा निकै अन्तर छ। किन मेरो भनाइ रेकर्डबाट हटाउने ? सांसद



महोदयहरूको नेपाली भाषा बुझ्काइमा समस्या भएका कारण मेरा भनाइहरू हटाउनुपर्ने त होइन होला नि ? मैले भनेको विषय कसैले नबुझेर अपव्याख्या गर्छ, चुनौती दिन्छ भन्ने त्यो मेरो समस्या होइन। जसको समस्या हो, उसैको उपचार गरियोस्।'

सांसद गौतमको अभिव्यक्तिको एमाले र कांग्रेसले प्रतिवाद गरेका छन्। एमाले सचेतक सुनिता बरालले तथ्यका आधारमा हेक्का पुऱ्याएर बोल्न चेतावनी दिइन्। संसद् अफवाह फैलाउने, गलत कुराको प्रचार गर्ने, गलत टिप्पणी गर्ने र बाहिरिने, कुनै कुरा धैर्यपूर्वक सुन्न पनि नसक्ने ठाउँ नभएको उनको भनाइ थियो। कांग्रेसकी शान्ति विकले प्रधानमन्त्रीलाई तथ्यहीन आरोप लगाउन नपाइने बताइन्। एमाले मुख्य सचेतक महेश बर्तौलाले भाइरल बन्न गलत र हावादारी कुराहरू व्यक्त र दूषित समाचार सम्प्रेषणको थलो बनाइएको भन्दै सभामुखको ध्यानाकर्षण गराए।

गृहमन्त्री रमेश लेखकले प्रतिनिधिसभामा बोल्दै स्पेन गएको को मान्छे फर्किएन भनेर प्रश्न गरे। 'प्रधानमन्त्री क्याबिनेटबाट निर्णय गरेर भ्रमणमा गएको र को-को मानिस प्रधानमन्त्रीसँग गए भन्ने लिस्ट छ। म माननीय सदस्यहरूलाई आग्रह गर्न चाहन्छु, को-को जानुभएको थियो, को फर्केर आएन भन्दिनुभयो भने सरकारलाई सजिलो हुन्थ्यो,' उनले भने, 'होइन भने यस्तो कल्पनामा, अनुमानमा, असत्यता पुलिन्दा बाँधेर कहीं पनि पुर्गिँदैन। प्रधानमन्त्रीसँग गएको प्रतिनिधिमण्डल फर्किसकेको छ। को मान्छे फर्किएन भन्दिनुहोला।'

बुढ्यौलीमा नागरिकता पाएका दलितको घर बनाउन चन्दा संकलन अभियान

लहान/ सिराहाको गोलबजार नगरपालिका- ३ जमदह मुसहर्निया गाउँमा आश्रय लिएर एकल जीवन बिताउँदै आएका ६४ वर्षीय नथु दमाईंको घर बनाउन स्थानीयले चन्दा अभियान थालेका छन्। गाउँघरमा सिरक-डस्ना सिलाएर हातमुख जोड्दै आएका उनको आफ्नै घरमा बस्ने चाहना पूरा गर्न चन्दा संकलन अभियान थालिएको स्थानीय आनन्द पाख्रिनले बताए। 'घर नहुँदा गाउँघरमा आश्रय लिएर बस्दै आएका दमाईंले आफ्नै घर बनाउने रहर भएको सुनाएका थिए,' उनले भने, 'सिरक-डस्ना सिलाउँदा प्राप्त हुने रकमले हातमुख जोड्न पनि मुस्किल हुने भएकाले नयाँ घर बनाइदिन चन्दा संकलन अभियान थालेका हौं।'

नयाँ घर बनाउन चन्दा अभियान व्यवस्थित गर्न बुधबार गोलबजारस्थित ग्लोबल आइएमई बैंकमा खातासमेत खोलिएको उनले बताए। 'सरकारले दिएको सामाजिक सुरक्षा भत्ताबापत पाएको १५ हजार रुपैयाँ जोगाएर राखेको रकम जम्मा गरेर बैंकमा खाता खोर्ले,' दमाईंले नयाँ पत्रिकासँग भने, 'अब सहृदयीहरूले घर बनाउन दिने रकम त्यही खातामा आउँछ होला।' मनकारीहरूले दिएको रकम खातामा जम्मा गरेर आगामी भदौको पहिलो सातादेखि नयाँ घर बनाउने योजना रहेको उनले सुनाए। वर्षौंदेखि जमदहको मुसहर्निया गाउँबरपरका टोल-बस्तीमा आश्रय लिएर बस्दै आएका उनको नयाँ घर निर्माणका लागि जग्गा व्यवस्थापन गर्न वडा कार्यालयसँग समन्वय गरिरहेको गोलबजारस्थित दलित महिला केन्द्र नेपालले जनाएको छ।

विशेष अदालतमा ८३ मुद्दा मात्रै बाँकी, सम्पत्ति शुद्धीकरण र पुनरावेदनका मुद्दा शून्य

नयाँ पत्रिका

विशेष अदालतमा चालू आर्थिक वर्षमा फैसला हुन बाँकी ८३ वटा मुद्दा छन्। १२३ मुद्दामा फैसला गरेको विशेषमा सम्पत्ति शुद्धीकरण र पुनरावेदनका एउटा पनि मुद्दा बाँकी छैन। विशेषको अध्यक्षमा टेकनारायण कुँवर, सदस्यहरूमा तेजनारायणसिंह राई, रामबहादुर थापा, मुरारीबाबु श्रेष्ठ, रितेन्द्र थापा र विदुर कोइराला छन्।

२५ असार ०८१ सम्म कार्यालय समयको सुरुवातमा २०६ मुद्दाको लगत रहेकोमा ६० प्रतिशत किनारा लागेको विशेषले जनाएको छ। अदालतमा गैरकानुनी सम्पत्तिका १० मुद्दा रहेकोमा आठवटा बाँकी छन्। घुसका ४३ मध्ये ११ मुद्दामा फैसला हुन बाँकी छ। निर्णयगत अनियमितताका १०६ निवेदन रहेकोमा ५६ वटामा फैसला भइसकेको छ। नक्कली प्रमाणपत्रका ४१ मध्ये २८ वटामा फैसला भई १३ वटा बाँकी छन्। अदालतको अवहेलनासम्बन्धी एउटा निवेदन विचाराधीन छ।

पछिल्लो पाँच वर्षमा सबैभन्दा बढी गत आर्थिक वर्षमा मुद्दा फर्स्योट भएकोमा हाल भने लगतको ४० प्रतिशत अझै किनारा लाग्न बाँकी छ। पछिल्लो समय धमाधम मुद्दा दर्ता भइरहँदा अंग नपुगेको र सुनुवाइ हुन बाँकी रहेकाले यस वर्ष गत वर्षभन्दा कम फर्स्योट



भएको अध्यक्ष कुँवरले बताए।

०७७/७८ मा १७ र त्यसपछिका वर्षमा क्रमशः ४२.८० र ४२.९२ प्रतिशत मुद्दा फर्स्योट भएका थिए। ०८०/८१ मा भने ५७५ मुद्दाको लगत रहे पनि ८८ प्रतिशत अर्थात् ५०६ मुद्दामा फैसला भएको थियो। यस वर्ष भने अब ८३ वटा मुद्दा विचाराधीन छन्।

'पछिल्ला महिनामा मुद्दा दर्ता प्रक्रिया बढेको छ। त्यसैले अंग नपुगेर सुनुवाइ हुन नसकेको हो र फर्स्योट दर कम देखिएको हो। अर्को कारण, विदेशमा रहेका खाता, सम्बन्धित फैसलाहरू हेर्ने, बुझ्ने काम पनि भइरहेकाले गत वर्षभन्दा कम हो,' अध्यक्ष कुँवरले भने। अख्तियार दुरुपयोग अनुसन्धान आयोगले वैशाखयता मात्र पाँच दर्जनभन्दा बढी मुद्दा दायर गरेको छ। झन्डै तीन महिनामा विशेषमा ६१ वटा आरोपपत्र दायर भएका छन्।

कानुनअनुसार सकेसम्म ६ महिनाभित्र दर्ता मुद्दा किनारा गर्नुपर्ने भएकाले सोहीअनुसार काम भइरहेको विशेषले जनाएको छ। पछिल्लो समय अदालतले नेपाल मात्र नभई विश्वको जुनसुकै स्थानबाट भर्चुअल सुनुवाइ गर्ने, अदालत हाताभित्र केही स्थानमा सुनुवाइको प्रत्यक्षीकरण गर्ने, फैसला कार्यान्वयनलाई तीव्रता दिनेजस्ता कार्य गरिरहेको जनाएको छ। यद्यपि, बजेट र जनशक्ति अभावका कारण फैसला लेखनसमेतका कार्यमा ढिलाइ भएको स्विकार्दै यसमा सुधार ल्याउन प्रतिबद्ध रहेको अध्यक्ष कुँवरले बताए। 'हामीले अध्ययनका क्रममा के देख्यौं भने यहाँबाट ०६४/६५ तिर भएका फैसला पनि कार्यान्वयन भएका छैनन्। यस विषयमा अध्ययन गर्दै छौं,' उनले भने।

■ विशेषले पायो आइएसओ प्रमाणपत्र

विशेष अदालतले एनएस आइएसओ प्रमाणपत्र पाएको छ। उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयको नापतौल तथा गुणस्तर विभागले एनएस/आइएसओ ९००१:२०१५ प्रमाणपत्र दिएको हो। विशेषका अनुसार तीन वर्षका लागि प्रमाणपत्र दिइएको छ। यस अवधिमा आवधिक मूल्यांकन र निरीक्षण गरिनेछ। मुद्दा व्यवस्थापन प्रक्रिया, कोर्टरुम सपोर्ट र अप्रेसन, सार्वजनिक तथा सेवाग्राहीलाई दिइने सेवा, प्रशासनिक प्रक्रिया तथा प्रविधिको प्रयोग, व्यवस्थापन र सुधार एवं न्यायिक निर्णयमा शीघ्रतालगायतलाई मध्यनजर गरी प्रमाणपत्र दिइएको विभागले जनाएको छ। ८ जुलाई २०२५ देखि २०२८ सम्मका लागि प्रमाणपत्र प्रदान गरिएको हो। विभागका अडिटर तथा प्रणाली प्रमाणीकरण शाखाका निर्देशक आलोक मिश्रले विशेषको निवेदन परेपछि दुई चरणमा अडिट गरी प्रमाणपत्र दिइएको बताए। 'यो आइएसओले विकास गरेको मापदण्ड हो। त्यसभित्र परेपछि प्रमाणपत्र प्रदान गरिएको हो,' मिश्रले भने।

नेपालको आर्थिक भविष्य

गाउँबाट सहर र परदेशतिर भासिने क्रममा सुधार ल्याउन र श्रमयोग्य जनशक्तिलाई स्वदेशमै रोक्न सकिएन भने अर्थतन्त्रमा सुधार कठिन छ



● ठाकुरप्रसाद बस्ताकोटी

अग्रलेख

किराँतकाल, लिच्छविकाल हुँदै मल्लकालसम्म आइपुग्दा नेपालले उत्तरको तिब्बत र दक्षिणका विभिन्न राज्यमा कृषिउपज र पशुजन्य उत्पादन प्रवर्द्धन गर्ने गरेको पाइन्छ । राणाकालसम्म पनि नेपालको बाटो हुँदै दक्षिण र उत्तरमा विभिन्न व्यापारिक आयात निर्यात हुने गर्थ्यो ।

२००७ सालपश्चात् भने नेपालले वैदेशिक अनुदान प्राप्त गर्न थाल्यो । यसका साथै सरकारले योजनाबद्ध आर्थिक विकासको अवधारणा अगाडि सार्‍यो । २०१३ सालदेखि प्रथम पञ्चवर्षीय योजना सुरु भयो । २०१३ सालमा स्थापित नेपाल राष्ट्र बैंकले नेपाली नोटको छपाइ सुरु गर्‍यो । यसले बजारमा सहज कारोबार हुने भारतीय मुद्राको प्रयोगमाथि रोक लगायो र बैंकबाट मात्र विनिमय गर्ने व्यवस्था गरियो । सोही साल त्रिभुवन विश्वविद्यालय स्थापना भयो । कलेज र विद्यालय स्थापनामा वृद्धि भयो र शिक्षाको आधारशिला तयार भयो ।

०१६ मा प्रथम जननिर्वाचित सरकारले भू-स्वामित्व प्रणालीमा रहेको बिर्ता उन्मूलन गर्‍यो । ०१७ मा 'कु' भयो र राजाको हातमा शक्ति केन्द्रित गरियो । ०१८ मा राजारजौटा र किपट प्रथाको उन्मूलन भयो । ०१९ देखि औद्योगिक क्षेत्र स्थापना भयो । अमेरिकी सरकारको प्राविधिक तथा आर्थिक सहयोगमा बालाजुमा पहिलो औद्योगिक क्षेत्र स्थापना भयो । पछि क्रमशः पाटन, हेटौँडा, धरान, नेपालगन्ज, पोखरा, बुटवल, भक्तपुर, सुर्खेत, राजविराज गरी अरू नौ ठाउँमा औद्योगिक क्षेत्र स्थापना भए ।


अन्तर्राष्ट्रिय प्रभाव : विश्व अर्थव्यवस्थामा आएको निरन्तर फेरबदलको प्रभाव नेपालको अर्थतन्त्रमा पनि आंशिक रूपमा पर्‍यो । नेपालमा पनि विश्व बैंक र अन्तर्राष्ट्रिय मुद्रा कोषका नीतिका कारण सन् १९८४ देखि संरचनागत सुधारअन्तर्गत घाटामा चलिरहेका सरकारी संस्थानलाई दिइने सरकारी अनुदान कटौती भए । बिस्तारै निजी क्षेत्रका बैंक र विद्यालय स्थापनाको अनुमति दिइयो । निजी क्षेत्रमाथिका नियन्त्रण केही खुकुला भए ।

०४६ को राजनीतिक परिवर्तनले देशमा बहुदलीय शासन पद्धति स्थापित गर्‍यो । पहिलो आमनिर्वाचनबाट निर्वाचित सरकारले विश्व बैंक, अन्तर्राष्ट्रिय मुद्रा कोष, विश्व व्यापार संगठनको निर्देशनअनुसार निजीकरण र उदारीकरणको नीतिलाई अगाडि बढायो । संस्थानहरूलाई निजीकरण गरी सरकारी लगानीलाई प्रभावकारी बनाउने, निजी क्षेत्रको सहभागिता र नेतृत्वमा उद्योगधन्दाको विकास गर्ने र रोजगारी वृद्धि गर्ने भनेर सुरु भएको निजीकरण कार्यक्रम सरकारी संस्थान र उद्योग बिक्री गर्ने, बन्द गर्नेमा सीमित मात्र भएन, निजीकरण गरिएका कारखाना या संस्थान खरिदकर्ताले सञ्चालन गर्न नसकी पुनः सरकारले नै फिर्तासमेत लिनुपर्‍यो, कैयौँले खरिदमूल्य पनि नतिरी अलपत्र पारे । बिक्री गरेपछिको अवधिको त्यस्ता कारखाना र संस्थानका कर्मचारीको तलबभत्तासमेत सरकारले नै तिर्नुपर्‍यो । तैपनि, त्यस नीतिका कारण बैंक र वित्तीय क्षेत्र, निजी विद्यालय, अस्पताल, घरजग्गा खरिद, आयात आधारित राजस्व वृद्धिले अर्थतन्त्रको आकारमा वृद्धि र विस्तार भयो ।

द्वन्द्व, राजनीतिक अस्थिरता, सरकारको सोच र कार्यान्वयन क्षमताका कारण ऊर्जा विकासमा प्रगति हुन सकेन । फलस्वरूप सन् २००६ देखि २०१६ सम्म नेपाली जनताले गम्भीर विद्युत् संकट सामना गर्नुपर्‍यो । हाल यो अवस्थामा सुधार भई भारत र बंगलादेशजस्ता देशमा ऊर्जा निर्यातको अवस्थासमेत तयार भइसकेको छ ।

अवसर र चुनौती : विगतमा द्वन्द्व र विद्युत् संकटका कारण देशमा लगानी भित्रिन सकेन । विश्व बैंकको अध्ययनअनुसार विद्युत् संकटको नौ वर्षको अवधिमा कुल गार्हस्थ उत्पादनको ६ प्रतिशतभन्दा बढी नोक्सानी व्यहोर्नुपर्‍यो । लोडसेडिङ नभएको भए वार्षिक सात प्रतिशतभन्दा बढीको आर्थिक वृद्धि र वार्षिक लगानी ४८ प्रतिशतका दरले बढ्न सक्ने थियो भनिन्छ । सन् २०१७ पश्चात् थप विद्युत् उत्पादन, लोड व्यवस्थापन र भारतबाट विद्युत् आयातमा वृद्धि भएका कारण लाडसेडिङ हट्यो । नेपाल अहिले ऊर्जा निर्यातलाई प्रवर्द्धन गर्ने नीति कार्यान्वयनमा लागेको छ । स्वदेशभित्रै ऊर्जा खपतको वातावरणका लागि भने औद्योगिकीकरणको अवस्था सिर्जना हुन सकेको छैन । यससँगै नेपालमा रहेको अर्थतन्त्रको मूलभूत चुनौती र सम्भावनालाई देहायअनुसार वर्णन गर्न सकिन्छ ।

(क) उन्नत कृषि व्यवस्था : नेपालको कुल क्षेत्रफलको २७ प्रतिशत जमिन खेतीयोग्य छ । तथ्यांकअनुसार एक करोड ५५ लाख ३८ हजार एक सय छजना जग्गाधनी छन् । ती जमिन तीन करोड ६२ लाख ५० हजार नौ सय ५९ कित्तामा विभाजित छन् । हाम्रो जस्तो सानो मुलुकमा यति धेरै टुक्रामा भूखण्डित हुनु अनुत्पादक कार्य हो । साँचो रूपमा भूमिलाई व्यवस्थित गर्ने र भूमिलाई अधिकतम उपयोग गरी लाभ लिने हो भने भूमिको समस्यालाई अध्ययन गरी सही नीति अँगाल्नुपर्छ । जमिनलाई उपयोगका आधारमा वर्गीकरण गर्नुपर्छ । कृषि, आवास, उद्योग, व्यावसायिक र अन्य प्रकारका जमिनको वर्गीकरण गरी ती जमिनलाई तोकिएबाहेक अन्य काममा प्रयोग गर्न नपाउने व्यवस्था गर्नुपर्छ । खाद्यान्नविना कोही पनि बाँच्न सक्दैन । कृषिको विकास नभई पर्याप्त मात्रामा खाद्यान्न उत्पादन हुँदैन । त्यसका लागि जमिन, मल, बिउ मात्र होइन, जनशक्ति पनि उत्तिकै महत्त्वपूर्ण हुन्छ । कृषिमा नागरिकलाई आकर्षित गर्न कृषि जमिनलाई करमुक्त गर्नुपर्छ । कृषिका लागि आवश्यक पर्ने पुँजी, सिँचाइ र अन्य पूर्वाधार निर्माण, मल बिउ, यन्त्र उपकरण र प्रविधि, भण्डारण र बजारको उच्च व्यवस्थापन गर्नुपर्छ ।



(ख) औद्योगिक सुदृढीकरण : औद्योगिकीकरणका लागि नेपालमा उद्योग मन्त्रालयको स्थापना, औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेड गठन, औद्योगिक क्षेत्र स्थापना, विशेष आर्थिक क्षेत्र, उद्योग ग्राम आदिको व्यवस्था छ । तर, त्यसले बदलिँदो समय र राष्ट्रिय अन्तर्राष्ट्रिय प्रतिस्पर्धाबिच राष्ट्रिय आवश्यकतालाई सम्बोधन गर्न, आवश्यक सुधार गर्न, व्यवस्थित गर्न, गुणस्तरीय उत्पादन र बजारीकरणमा जोड दिन सकेको छैन ।

त्यसमाथि पनि सशस्त्र द्वन्द्व, राजनीतिक अस्थिरता, ऊर्जा संकट, नाकाबन्दी, भूकम्प र कोरोना महामारीले उद्योगधन्दाको विकासमा अवरोध सिर्जना गरेको छ । उद्योगी, व्यवसायीप्रतिको नकारात्मक सोच, सरकारी कर्मचारी प्रशासनको सकारात्मक सहयोगको अभाव, पुँजी र नवअन्वेषणको अभावले उद्योगधन्दाले अपेक्षित गति लिन सकेको छैन ।

(ग) शैक्षिक विकास : विश्वकै अंगका रूपमा रहेको नेपालमा विश्वमा आएको परिवर्तनले असर पारिरहेकै छ । तर, आवश्यकताअनुसार शिक्षामा लगानी बढाउन सकेको छैन । शिक्षामा लगानीको क्षेत्र र बजेट विस्तार गर्न सकिएको छैन । ०६६-६७ मा शिक्षा बजेटको हिस्सा १७ प्रतिशत रहेकामा पछिल्ला बजेटमा १०/११ प्रतिशतमा झरेको देखिन्छ । शिक्षामा गर्ने लगानी सामान्य चेतना दिने वा शिक्षादानका रूपमा मात्र नहेरी भावी पुस्ताका लागि लगानी सम्झिनु आवश्यक छ । शिक्षाको लगानीलाई देशको भौतिक पूर्वाधार र उत्पादनसँग जोड्दै लैजानुपर्छ । विज्ञान, प्रविधि, ज्ञान, खोज र अनुसन्धानमा लगानी बढाउनुपर्छ ।

> कृषि जमिनलाई करमुक्त गरी कृषिका लागि आवश्यक पर्ने पुँजी, सिँचाइ, अन्य पूर्वाधार, मल, बिउ, यन्त्र, उपकरण, प्रविधि, भण्डारण र बजारको व्यवस्थापन हुन सके नेपालको आर्थिक भविष्य यसैबाट सुध्रिन सक्छ

(घ) पुँजीको प्रवर्द्धन : नेपालको प्राकृतिक सुन्दरता र विविधता विश्वमै अनुपम छ । तर, सुन्दरतालाई भरपूर उपयोग गर्ने गरी मानव र आर्थिक स्रोतको लगानी नगरेसम्म सुन्दरताको उपयोग र विकास हुन सक्दैन । मानौँ, हिमाली क्षेत्रमा पर्वत चढ्नेहरूका लागि विश्राम गर्ने र खाने ठाउँ, मनोरञ्जन गर्ने र आराम गर्ने ठाउँ आदिको बन्दोबस्त गर्न सकिएन भने पर्यटक ती स्थानमा जाँदैनन् । त्यसो हुनाले हाम्रो नेपालको प्राकृतिक सुन्दरलाई ध्यानमा राखी विकासलाई गति दिन पूर्वाधार विकास गर्नुपर्छ । विभिन्न सुन्दर, ऐतिहासिक र धार्मिक स्थानलाई पर्यटन गन्तव्यका रूपमा विकास गर्नुपर्छ । उद्यमीहरूका लागि सडकजस्ता पूर्वाधारमा लगानी, लिजमा जमिन उपलब्ध गराउने र पुँजीको उपलब्धताका लागि नीति बनाउनुपर्छ । आर्थिक उत्पादन, व्यावसायिक कारोबारको वृद्धि, रोजगारी सिर्जना र राजस्व वृद्धिको कुराले मात्र देश समृद्ध हुन सक्छ ।

(ङ) मौलिक सहरीकरणमा जोड : बस्तीहरू एकै ठाउँमा भएको खण्डमा मानिसलाई चाहिने बिजुली, पानी, ढल, बजार आदिको सुविधा पुर्‍याउन सजिलो र सस्तो हुनुका साथै समयको पनि बचत हुन्छ । यसले जंगल क्षेत्र, चरन क्षेत्र र खेतीयोग्य जमिनको पनि बचाउ हुन सक्छ । त्यसकारण बजार केन्द्र र आवास क्षेत्रको विकास गरी सहरीकरणमा जोड दिनुपर्छ । विगतमा हामीले जग्गा उपलब्ध गराउन दिँदै आएको जोडको सट्टा घर वा फ्ल्याट उपलब्ध गराउने नीति लिनुपर्छ । सहरीकरणका निम्ति स्थानीयदेखि संघीय सरकारले आवश्यक पर्ने बजेट, नीति सुनिश्चित गर्नुपर्छ ।

(च) ऊर्जाको संवर्द्धन : विश्वबैंकको अध्ययन प्रतिवेदनमा नेपालमा १८ हजार मेगावाट सौर्य ऊर्जा र दुई हजार मेघावाट हावाबाट विद्युत् उत्पादनको सम्भावना भएको उल्लेख छ । विश्वमा प्रविधिको क्षेत्रमा भएको नयाँ-नयाँ उपलब्धिले ऊर्जा विगतमा भन्दा सस्तो हुँदै गएको छ । यस अवस्थालाई ध्यान दिई दिनमा सौर्य ऊर्जा र रातमा जलविद्युत् उत्पादनको सम्भावनाबारे अध्ययन गर्नुपर्छ र उपयुक्त भएको योजना लागू गर्नुपर्छ । विश्वमा बढ्दै गइरहेको पेट्रोलियमको अभाव, विश्वमा देखा परेको तनाव, पेट्रोलियम पदार्थमाथिको परनिर्भरताबाट नेपालले व्यहोर्दै आएका समस्याबाट मुक्त हुन ऊर्जाक्षेत्रको उत्पादनलाई बढाउनुपर्छ । यसका लागि नेपालको स्रोतलाई भरपूर उपयोग गर्नुपर्छ ।

(छ) जनसांख्यिक प्रतिफल : श्रमशक्ति बाहिरिँदै जाने, नयाँ उद्योगधन्दा नखुल्ने, भएका उद्योगसमेत बन्द हुँदै जाने तथा उत्पादनको क्षेत्र सीमित घरानियाँको कब्जामा रहने कारणले व्यापारघाटा बढ्दो छ । पछिल्ला दिनमा भौतिक पूर्वाधारका हिसाबले उल्लेख्य सुधार भए पनि नेपालका ग्रामीण क्षेत्रहरू अर्थोपार्जनका हिसाबले फलदायी बन्न सकेका छैनन् । फलस्वरूप, रोजगारीका लागि बिदेसिने र अवसरको खोजीमा गाउँ छाडेर सहर बसाइँ सर्ने क्रम बढ्दो छ । नेपालका पहाडी गाउँहरू करिब-करिब खाली हुँदै गएका छन् । कृषिसँगै अन्य आय आर्जनका बाटो खोल्ने र कृषि उत्पादनमा आधारित साना तथा मझौला उद्योग ग्रामीण क्षेत्रमा सञ्चालनमा ल्याउन सरकारी तवरबाट नतिजामुखी प्रयत्न हुने हो भने स्थानीय जनताको जीवनस्तर अभिवृद्धि भई बढ्दो बसाइँसराइ न्यूनीकरण हुँदै जानेछ । गाउँ छाडेर सहर र परदेशतिर जाने प्रचलन बढ्दा देशको समग्र अर्थतन्त्रमै नकारात्मक प्रभाव पर्ने हुनाले यसलाई उचित उपायबाट नियन्त्रण गर्न सक्दा अर्थतन्त्रको समानुपातिक विकास हुन्छ, जुन दीर्घकालीन अर्थव्यवस्थाको दृष्टिले निकै मजबुत आधार हो ।

निष्कर्ष : विकसित देशका अर्थशास्त्री, वैज्ञानिक र नीति-निर्माताले चौथो औद्योगिक क्रान्तिको बहस र पाँचौँ चरणको औद्योगिक क्रान्तिबारे सोच्न र तयारी गर्न थालिसकेका छन् । हामी भने अझै पनि पहिलो औद्योगिक क्रान्तिको वेलाको जस्तो सोच, चिन्तन र मानसिकता बोकिरहेका छौँ । अहिले समष्टिगत आर्थिक क्षेत्र, निर्यात, पूर्वाधार, निजी क्षेत्र, सहकारी, शिक्षा, वित्तीय क्षेत्र, डिजिटल अर्थतन्त्र, वित्तीय संघीयता, नियामकीय संयन्त्रलगायत अठार क्षेत्रलाई अर्को चरणको सुधारका क्षेत्र भनिएको छ । तर, बजेट तथा योजनाबिच उचित तालमेल नहुँदा यस्ता सुधारका कार्यक्रम अलपत्र परेको देखिन्छ । बलियो र आधुनिक पूर्वाधार सञ्जालले आर्थिक सम्भावनाको ढोका खोल्न, व्यापारलाई सहज बनाउन र विदेशी लगानीलाई आकर्षित गर्न सक्छ । देशभित्र र छिमेकी राष्ट्रसँगको सम्पर्क सुधारले विकासको नयाँ-नयाँ बाटो खोल्न सक्छ । राम्रो शिक्षित र दक्ष जनशक्ति नवप्रवर्तन र उत्पादकत्वका लागि मात्रै आवश्यक छैन, यसले योग्य श्रमशक्ति खोज्ने उद्योगलाई पनि आकर्षित गर्छ । देशको समृद्धिका लागि यस्तो गन्तव्यलाई प्राथमिकतामा पार्न ढिलाइ गर्नुहुँदैन ।

(बस्ताकोटी सर्वोच्च अदालतका उपसचिव हुन्)

३ प्रश्न

बागमती प्रदेश, नीति योजना आयोगका उपाध्यक्ष **गंगादत्त नेपाल**लाई



नीति योजना आयोगको उद्देश्य बजेटसँग मेल खाएन, किन होला ?

हामीले नीति बनाउँदा एक्सपर्टको टिमसहित अनुसन्धान र छलफल गरेर बनायौँ । तर, यहाँ त योजना छनोटको जिम्मेवारी पार्टी र सभासद्लाई दिने चलन रहेछ । उहाँहरूको घर, बस्ती, चुनावमा गरेको 'कमिटमेन्ट'का आधारमा पाँच/दश लाखका योजना ल्याइदिनुभयो । नीतिमा लेखेको कुरा बजेटमा आएन । यस्ता कुरा 'कन्ट्रोल' गर्न हामीले योजना बैंक सुरु गर्‍यौँ । करिब ६ हजार योजना 'इन्ट्री' भए । उहाँहरूले योजना बैंक लागू गर्ने भने पनि मुख्यमन्त्री कार्यालयको प्रशासनिक नेतृत्वले यसलाई लागू गर्न आँटै गरेन । २५ लाख सामाजिक र ५० लाख भौतिक क्षेत्रका योजनाको सीमासहित कार्यविधि संशोधन गरेर क्याबिनेट पठायौँ । मुख्यमन्त्री कार्यालयले राख्नै मानेन । अर्थ मन्त्रालयले योजना बैंक चाहिन्छ भने पनि सबै काम आफैँले गर्न खोजेकाले त्यस्तो सोच भएको नेतृत्वका कारण योजना बैंक र नीति कार्यक्रमलाई बजेटसँग जोड्न सकिएन ।

बजेटमा देखिने विकृति न्यूनीकरण गर्न के गर्नुपर्ला ?

संकल्प प्रस्तावको कुरा आएको छ । कति लागू हुन्छ थाहा छैन । प्रत्येक प्रदेश निर्वाचन क्षेत्रबाट निर्वाचित प्रदेश सभा सदस्यको नेतृत्वमा योजना छानेर त्यसमा स्थानीय जनप्रतिनिधिलाई पनि जोडियो भने कम्तीमा पनि पालिका र प्रदेशबिचका योजना एउटै आउँछन् कि ?

पूरक प्रस्तावसहितको बजेट कार्यान्वयन हुने सम्भावना कति छ ?

नेपाल सरकारको 'बजेटरी सिस्टम'अनुसार त्यसमा नपरेका योजना लागू गर्न अर्थ र अन्य मन्त्रालय बाध्य हुँदैनन् । त्यसलाई राजनीतिक निर्णयका आधारमा मुख्यमन्त्रीले क्याबिनेटबाट निर्णय गराएर कार्यान्वयनमा लानुभयो भने मात्रै हो । त्यसका लागि पनि बजेट चाहियो । १६ सय नयाँ योजना थपिएका छन्, त्यसका लागि करिब तीन अर्ब चाहिन्छ । त्यो पैसा कहाँबाट ल्याउने ? उद्योग र सामाजिक विकास मन्त्रालयलगायतले छुट्याएका एनजिओवाला योजना सबै हटाउन हो भने करिब तीन अर्ब निस्किन्छ । राजनीतिक सहमतिका आधारमा त्यसलाई कभर गरेर काम गर्ने हो भने बजेट कार्यान्वयन हुन्छ ।

प्रेरक प्रसंग

चमत्कारी बुटी

एक मिहिनेती युवक जहिल्यै आफ्नो मिहिनेत सफल हुने या नहुने द्विविधामा रहन्थे । कहिलेकाहीँ यसैका कारण उनी अरूमाथि क्रोधित पनि हुन्थे ।

एक दिन गाउँमा एक महात्मा पुगे । युवक पनि महात्मालाई भेट्न गए । भेटघाटमा युवकले भने- महात्माज्यू, कडा मिहिनेतसाथ सफलताका लागि हरसम्भव प्रयत्न पनि गरे पनि मलाई सफलता प्राप्त हुँदैन । म के गरौँ ।

महात्माले भने- तिम्रो समस्याको समाधान यस चमत्कारी बुटीबाट हुनेछ । मैले यसमा केही विशेष मन्त्र लेखेर राखेको छु । त्यसले तिम्रो हरेक बाधालाई भगाउनेछ । तर, यस बुटीलाई जगाउन तिमीले एक रात एक्लै मसानमा बिताउनुपर्छ । मसानको नाम सुन्दैमा युवक झस्किए । उनले काँप्दै भने- म एक्लै मसानमा रातभर कसरी बस्न सक्छु ? महात्माले भने- डराउनुपर्दैन, यो साधारण बुटी होइन । यसले तिमीलाई हरेक संकटबाट बचाउनेछ । युवक रातभर एक्लै मसानमा बसे र बिहानै महात्मा भए ठाउँमा पुगे । खुसी हुँदै उनले भने- महात्माज्यू, यो साँच्चै एक चमत्कारी बुटी रहेछ । यसले मजस्तो डरछेरुवा मान्छेलाई पनि मसानमा रात बिताउने शक्ति दियो । अब यसको सहायताबाट म अवश्य सफल हुनेछु ।

यस घटनापछि युवक बिल्कुलै बदलिए । उनमा जे गर्दा पनि बुटीका कारण आफू सफल हुने विश्वास बढ्दै गयो, उनी सफल हुँदै गए । उनी गाउँका सबैभन्दा सफल व्यक्तिमा गनिन थाले । यसको एक वर्षपछि महात्मा फेरि गाउँमा आइपुगे । युवक तुरुन्तै उनको दर्शनमा पुगे । उनले त्यहाँ चमत्कारी बुटीको गुणगान गरे ।

महात्माले उनीसित त्यो बुटी मागेर त्यसलाई खोलेर युवकलाई देखाए । यथार्थमा त्यहाँ कुनै मन्त्र थिएन । त्यहाँ त एउटा सामान्य धातुको टुक्रा मात्र थियो । युवकले अचम्म मान्दै भने- महात्माज्यू, यो त एक साधाराण बुटी देखिन्छ । तर, यसले कसरी यति महत्त्वपूर्ण काम गर्‍यो ? महात्माले भने- तिमीले यस बुटीका कारण होइन, आफ्नो मिहिनेतका कारण सफलता पाएका हौ । आफ्नो परिश्रम र आफूमाथि विश्वास गर्ने हो भने सफलता पाउन कठिन छैन । बुटी नपाउन्जेल तिम्रो आत्मविश्वास कमजोर थियो । बुटी पाएपछि तिमीमा आत्मविश्वास भरियो । त्यसैले, तिमी सफल भयौ ।

टिप्पणी

nayapatrikaofficial
@naya_patrika

नेताहरूको स्वार्थको राजनीति

'विद्या रोक्न देउवा-ओली एउटै मोर्चामा' शीर्षकको समाचार पढेपछि केही लेख्न मन लाग्यो । आखिर यो घिनलाग्दो राजनीतिमा के मात्र हुँदैन ? सत्ताको स्वार्थ मिलेपछि यहाँ चिरप्रतिद्वन्द्वी पहिलो र दोस्रो दल मिलेर पनि सरकार बनाउँछन् । हुँदाहुँदा पहिलो दलको नेताले भनेको कुरामा दोस्रो दलले आँखा चिम्लेर ठप्पा लगाउने र दोस्रो दलले भनेको कुरामा पहिलो दलले आँखा चिम्लेर ल्याप्चे लगाउने पनि गरिँदो रहेछ । अहिले पूर्वराष्ट्रपति विद्यादेवी भण्डारी राजनीतिमा सक्रिय हुने घोषणाले पहिलो र दोस्रो दुवै दलका नेताको निद्रा खोसिएको छ । नेताहरूको स्वार्थमा ठेस लाग्ने अवस्था आएपछि यतिखेर दुवै नेताले एक-अर्काको बोलीमा लोली मिसाइरहेका छन् ।

● **गोपिका आचार्य**, थली, काठमाडौँ

रेमिट्यान्सको सदुपयोग गर

बिदेसिएका युवाले ११ महिनामा १५ खर्बभन्दा बढी रेमिट्यान्स पठाएको तर त्यसको हुनुपर्नेजति सदुपयोग नहुँदा देशको अर्थतन्त्रमा भने खासै ठुलो सकारात्मक योगदान पुग्न नसकेको समाचार पढियो । यथार्थमा यो सरकारसित युवाले विदेशी भूमिमा रगत-पसिना बगाई पठाएको रेमिट्यान्सको सदुपयोगसम्बन्धी कुनै योजना नै छैन । रेमिट्यान्सबाट भित्रिएको रकमको सदुपयोग गरेर अर्थतन्त्रमा दीर्घकालीन योगदान पुर्‍याउने, रोजगारी सिर्जना गर्ने, उत्पादनमूलक क्षेत्रमा लगानी प्रवर्द्धन गर्ने दिशामा सरकारको ध्यान किन गइरहेको छैन ?

● **अनमोल सेन्चुरी**
कुलेश्वर, काठमाडौँ

एनपिएलमा बाधा नपुर्‍याऊ

भव्य रूपमा सम्पन्न भएको नेपाल प्रिमियर लिग (एनपिएल) को पहिलो संस्करणको खर्च व्यवस्थापन पारदर्शी नभएको, अनियमितता भएकोलगायत आरोप लागिरहेको छ । यस विषयमा राष्ट्रिय खेलकुद परिषद्ले कार्यदल नै बनाएर छानबिन गरिरहेको पनि छ । ठिक छ, अनियमितता भएको छ भने त्यसमा संलग्न व्यक्ति जोसुकै भए पनि कारबाहीको भागीदार हुनैपर्छ । तर, छानबिनकै नाममा एनपिएलको दोस्रो संस्करणको तयारी रोक्ने निर्देशन दिनु भने कुनै हालतमा ठिक होइन ।

● **वेदकुमार पन्जियार**
दधिकोट, भक्तपुर

राजनीतिक नियुक्ति बन्द गर

राजनीतिक नियुक्तिका कारण हाम्रा संवैधानिक निकाय कमजोर बन्दै गएका छन् । संवैधानिक निकायलाई राजनीतिक हस्तक्षेपबाट मुक्त राख्न त्यहाँ राजनीतिक नियुक्ति बन्द हुनुपर्छ । संसारमा कहीँ नभएको जात्रा यहीँ छ । राजनीतिक रूपमा भागबन्डा लगाएर संवैधानिक निकाय चलाउने कस्तो संस्कारको विकास गरिँदै छ यहाँ ? राष्ट्र बैंकका गभर्नर नियुक्तिमा भागबन्डा नमिल्दा दुई महिना ढिलो भयो । यो त एउटा उदाहरण मात्र हो । यहाँ सर्वोच्च अदालतका प्रधानन्यायाधीश, न्यायाधीश, अख्तियार प्रमुखदेखि निर्वाचन आयोग प्रमुखसम्म सबैलाई पार्टीकै ठप्पा लगाएर मात्र नियुक्त गरिन्छ । हुँदाहुँदा प्रहरीमा समेत कसको आइजिपी कसको एआइजी, डिआइजी बनाउने भनेर भाग लगाइन्छ । यसले देशको समस्त संयन्त्र नै कमजोर बन्दै गएको छ ।

यसरी भागबन्डामा आएका पदाधिकारीले जनताको होइन, नेताले अराएको काम गर्छन् । राजनीतिक नियुक्ति लिएर गएका पदाधिकारीका कारण संवैधानिक निकायले काम गर्न सक्ने अवस्था छैन । यस्ता महत्त्वपूर्ण संवैधानिक निकाय विधि, नीति, सिद्धान्त र पद्धतिबाट भन्दा पनि नेताको आदेशका भरमा चल्न थालेका छन् । तैपनि, नागरिक समाज तथा बौद्धिक वर्गले यस विषयमा बोल्ने हिम्मत गरेका छैनन् । जबसम्म संवैधानिक निकाय स्वतन्त्र हुँदैनन्, तबसम्म जनताले न्याय पाउन सक्दैनन् । नेताले नियुक्त गरेका पदाधिकारीले नेताकै पक्षमा निर्णय गर्छ, जनताको पक्षमा होइन । त्यसैले, मिडियाले पनि यस्ता विषयलाई प्राथमिकतासाथ उठाउनुपर्छ । किनकि, नेतालाई खबरदार गर्ने शक्ति भनेकै मिडिया मात्र हो ।

● **पुरुषोत्तम घिमिरे**, जोरपाटी, काठमाडौँ
ghimirepuru@gmail.com

लेखका लागि : opinion@nayapatrikadaily.com
टिप्पणीका लागि : comment@nayapatrikadaily.com

समानतायुक्त मुलुकको सूचीमा भारतको स्थान

वास्तवमा भारत एक अत्यधिक असमान मुलुक हो र यो असमानता झन्-झन् गहिरिँदै गएको छ



देश/विदेश

● सुरभी केशर


हालै भारतका ठुला पत्रपत्रिकाले विश्व बैंकको प्रतिवेदनको हवाला दिँदै भारत विश्वकै चौथो समानता (बराबरी) युक्त देश भएको दाबीसहित समाचार प्रकाशित गरेका छन् । तर, यो दाबी गलत छ । सन् २०१९ सम्म भारत दुई सय १६ मध्ये एक सय ७६औँ स्थानमा थियो । पछिल्लो दाबी प्रेस इन्फर्मेसन ब्युरो (पिआइबी) को एक विज्ञप्तिमा आधारित छ, जसले विश्व बैंकको संक्षिप्त प्रतिवेदनलाई गलत ढंगले बुझेको छ । दुर्भाग्य, धेरैजसो समाचार माध्यमले यो दाबीलाई तथ्य-जाँचबिनै प्रकाशित गरेका छन् ।

विश्व बैंकको प्रतिवेदनमा यस्तो लेखिएको छ- 'भारतको उपभोगमा आधारित जिनी सूचकांक (असमानता जाँच्ने सूचकांक) सन् २०११-१२ मा २८.८ बाट घटेर सन् २०२२-२३ मा २५.५ पुगेको छ । यसका बाबजुद तथ्यांकको सीमितताका कारण असमानता कम देखिन सक्छ । यसविपरीत वर्ल्ड इनिक्वेलिटी डेटाबेसअनुसार आय असमानता भने सन् २००४ मा ५२ जिनीबाट बढेर सन् २०२३ मा ६२ पुगेको छ । सन् २०२३-२४ मा शीर्ष १० प्रतिशतको औसत आम्दानी तल्लो १० प्रतिशतको भन्दा १३ गुणा बढी छ ।'

तर, पिआइबीले २५.५ को उपभोग असमानता उठाएर भारतलाई ती देशसँग तुलना गरेको छ, जहाँ सूचकांक आय असमानताका आधारमा तय गरिन्छ, जुन गम्भीर तथ्यांकीय त्रुटि हो । अधिकांश देशमा उपभोग असमानता सधैँ आय असमानताको भन्दा कम देखिन्छ, किनभने धनी वर्गले धेरैजसो आम्दानी बचत गर्छ । त्यसैले, भारतको उपभोग जिनीलाई अन्य देशको आय जिनीसँग तुलना गर्नु स्याउ र सुन्तलाबिच तुलनाजस्तै हो । विश्व बैंकले यस्तो तुलना गरेको छैन, यी सूचकांक तुलनायोग्य नै होइनन् । न्यायोचित तुलना भारतको आय जिनी अन्य देशको आय जिनी वा उपभोग जिनीसँग मात्र गर्न सकिन्छ, तर यस्ता तथ्यांक सो प्रतिवेदनमा छैनन् । वर्ल्ड इनिक्वेलिटी डेटाबेसअनुसार भारतको आम्दानी असमानता मापन गर्ने जिनी सूचकांक सन् २०१९ र २०२३ दुवै वर्षमा ६१ रहेको छ, जसलाई विश्व बैंकको संक्षिप्त प्रतिवेदनले पनि पुष्टि गर्छ । यो असमानता सन् १९९० को दशकदेखि निरन्तर बढ्दो छ, जसका कारण भारत अत्यन्त असमान मुलुकमध्ये एक बनेको छ ।

हामीले आयमा आधारित समानताका आधारमा देशहरूको सूचकांक तयार गर्ने हो भने भारत सन् २०१९ मा दुई सय १६ मध्ये एक सय ७६औँ स्थानमा पर्छ, जबकि सन् २००९ मा यो स्थान ११५औँ थियो । यसले भारत समयक्रममा अरू देशका तुलनामा थप असमान बन्दै गएको देखाउँछ । धन-सम्पत्तिमा आधारित असमानताको सूचकांक त झनै उच्च छ, अर्थात् सन् २०१९ मा ७४ थियो र सन् २०२३ मा ७५ मा उक्लियो ।

विश्व बैंकले भारतको उपभोग जिनी सूचकांकलाई अन्य देशसँग कहीँ पनि तुलना गरेको छैन । थप गम्भीर के छ भने विश्व बैंकको प्रतिवेदनले स्वयं भारतको उपभोग असमानता तथ्यांकको सीमितताका कारण कम आँकिएको हुन सक्छ भनेर स्पष्ट चेतावनी दिएको छ । प्रतिवेदनमा भनिएको छ- 'भारतका लागि



तस्बिर : जोसुवा कोलाह/अनस्प्ल्यास

अन्तर्राष्ट्रिय गरिबीको मापन सन् २०११-१२ को उपभोग खर्च सर्वेक्षण (सिइएस) र सन् २०२२-२३ को घरायसी उपभोग खर्च सर्वेक्षणमा आधारित छ, जसमा 'मोडिफाइड मिक्स्ड रेफरेन्स पिरिओड' प्रयोग गरिएको छ र स्थान तथा समयअनुसार समायोजित उपभोग कल्याण सूचक प्रयोग गरिएको छ । प्रश्नावलीको संरचना, सर्वेक्षणको कार्यान्वयन र नमुनाकरण विधिमा भएका सुधारले सर्वेक्षणको गुणस्तर त बढाएको छ, तर समयगत तुलना गर्न कठिन बनाएको छ । त्यसैगरी नमुना र तथ्यांकको सीमितताले उपभोग असमानता कम देखिन सक्ने सम्भावना रहन्छ ।'

यी सीमितता गम्भीर छन् । सन् २०२२-२३ को घरायसी उपभोग खर्च सर्वेक्षणको सर्वेक्षण विधि अघिल्लो सन् २०११-१२ को सिइएसभन्दा निकै फरक छ, जसले गर्दा यी दुई अवधिको प्रत्यक्ष तुलना भरपर्दो हुँदैन । भारतीय अर्थशास्त्री र तथ्यांकविद्ले पनि यस विषयमा व्यापक छलफल गरिसकेका छन् । उपभोग असमानताको यथोचित तुलना गर्न हामी प्रतिव्यक्ति क्यालोरी उपभोगको असमानता हेर्न सक्छौँ, जसले खाद्य उपभोगमा रहेको असमानतालाई पनि झल्काउँछ । राष्ट्र संघअन्तर्गतको खाद्य तथा कृषि संगठनको तथ्यांक (आवर वर्ल्ड इन डाटाद्वारा प्रशोधन गरिएको) अनुसार सन् २०१९ मा भारत एक सय ८५ मध्ये एक सय दुईऔँ स्थानमा थियो, जुन सन् २००९ मा रहेको ८२औँ स्थानभन्दा झनै खराब हो ।

जसरी हेरे पनि तथ्यांकले स्पष्ट तस्बिर देखाउँछ, अर्थात् भारत एक अत्यधिक असमान मुलुक हो र यो असमानता झन्-झन् गहिरिँदै छ । यस्तो अवस्थामा धनीमाथि कर लगाउनेजस्ता नीतिसहित सम्पत्तिको व्यापक पुनर्वितरण अत्यावश्यक छ । यसलाई गलत रूपमा प्रस्तुत गर्नु केवल भ्रामक मात्र नभई खतरनाक पनि हुन सक्छ । जब देशका विश्वासिलो भनिएका राष्ट्रिय सञ्चार माध्यमले विनापरीक्षण तथ्यांकीय त्रुटि दोहोर्‍याउँछन्, त्यसले देशले सामना गरिरहेको गम्भीर समस्यालाई ओझेलमा पार्छ र करोडौँ जनताको प्रत्यक्ष अनुभवलाई बेवास्ता गर्छ ।

(केशर एसओएस युनिभर्सिटी अफ लन्डनको अर्थशास्त्र विभागकी वरिष्ठ लेक्चरर हुन्)

द वायरबाट

युएसएआइडीलाई प्रतिस्थापन गर्न इच्छुक छैन चीन

चिनियाँ दस्ताबेजले देशलाई अन्तर्राष्ट्रिय सहायता गतिविधिमा त्यति महत्त्व दिएको पाइँदैन



● हेनरी तुगेनधाट



● जेम्स पामर

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले अमेरिकी अन्तर्राष्ट्रिय विकास एजेन्सी 'युएसएआइडी' कटौती गर्न थालेदेखि नै धेरै टिप्पणीकारले चीनलाई नयाँ अवसर खुलेको बताउन थालेका थिए। बेइजिङले वासिंटनले छोडेको 'रिक्तता भर्ने' तिनको तर्क छ। उसो त अमेरिकी विश्लेषकमाझ पनि चीनले अमेरिकी विदेशी सहायतालाई प्रतिस्थापन गर्ने डर वर्षौंदेखि चिन्ताको विषय थियो। राष्ट्रपति डोनाल्ड ट्रम्पले युएसएआइडीलाई बन्द गर्न थालेदेखि चीनले नेपाल र कम्बोडियाजस्ता केही देशमा अमेरिकी परियोजना प्रतिस्थापन गर्न पहिले नै कदम चालिसकेको छ।

तर, अमेरिकी सहयोगको विशाल परिमाण र चीनमा विदेशी सहायता बढाउने विचारले निम्त्याउनसक्ने घरेलु विरोधको कारण बेइजिङलाई वासिंटनको भूमिका भर्ने गरी अघि आउन त्यति सजिलो भने हुनेछैन। चिनियाँ कम्युनिस्ट पार्टी (सिसिपी) र जनता दुवै यस विचारका विरोधी हुन्। पिइपिएफएआर, विश्वव्यापी एचआइभी/एड्स नियन्त्रणका पहल वा युएसएआइडीले वार्षिक रूपमा प्रदान गर्ने १० लाख मेट्रिक टनभन्दा बढी खाद्य सहायताको स्तरका अमेरिकी परियोजनालाई प्रतिस्थापन गर्न चीनको खासै इच्छा छैन।

> बेइजिङलाई अन्तर्राष्ट्रिय विश्व व्यवस्थामा भइरहेको द्रुत परिवर्तनबारे थाहा छ। यसले सम्भव भएसम्म राजनीतिक अवसर प्रयोग गर्नेछ, तर यसले विश्वव्यापी मञ्चमा वासिंटनको सफ्ट-पावर 'ब्लुप्रिन्ट'को नक्कल गर्न खोज्दैन।

ट्रम्पको दोस्रो कार्यकालअघि अमेरिकाले ६३ अर्ब डलर सहायता गर्ने गरेकोमा चिनियाँ विदेशी सहायता प्रतिवर्ष पाँच अर्बदेखि आठ अर्ब डलरको बिचमा छ। चिनियाँ विदेश नीतिका विज्ञ युन सुनले दस्ताबेजीकरण गरेझैं अफ्रिका र अन्य क्षेत्रलाई गरिने सहयोगले प्रायः चिनियाँ सार्वजनिक क्षेत्रमा आलोचनाको सामना गर्नुपरेको छ। सिसिपीको स्वामित्वमा रहेको राष्ट्रवादी ट्याब्लोइड 'द ग्लोबल टाइम्स'ले त सार्वजनिक शंकाका कारण विदेशी सहायताको फाइदा खुलेआम छलफल गर्न नसकिने तर्क गरेको छ।

यो अनिच्छाको एउटा कारण चीनको आफ्नै विकास स्थिति हो, देशको आर्थिक स्थिति भर्खर उच्च-मध्यम आय भएको मुलुकको श्रेणीमा पुगेको छ। यसको प्रतिव्यक्ति आय अमेरिकाको सात भागको एक भागमा छ। चिनियाँ राष्ट्रपति सी जिनपिङले स्वदेशमै गरिबी उन्मूलनमा जोड दिएका छन्, तर



ग्रामीण इलाकाको ठुलो हिस्सा र धेरै सहरी आप्रवासी अझै पनि गरिबीसँग जुधिरहेका छन्।

चीनको नेतृत्व 'सहायता' वा 'दाता'को शब्दावलीबाट पनि सावधान छ। आधिकारिक रूपमा सीले चीन 'विकासशील देशको सदस्य रहने' बताउने गरेका छन्। चीनले अहिले पनि विश्व व्यापार संगठनभित्र विकासशील राष्ट्रको स्थिति कायम राख्छ। चिनियाँ दस्ताबेजले देशलाई अन्तर्राष्ट्रिय सहायता गतिविधिमा त्यति महत्त्व दिएको पाइँदैन। यी सबै कुराले चीनका धेरै मानिस अझै पनि संघर्ष गरिरहेका वेला विदेशीलाई किन सहायता प्रदान गर्नुपर्छ भनेर चिनियाँ जनतालाई सोच्न बाध्य बनाएको छ।

सी आफैंलाई सहायता बढाउनुको राजनीतिक मूल्यबारे विश्वस्त पार्न आवश्यक पर्न सक्छ। चिनियाँ नेताले स्वदेशमा तथाकथित कल्याणकारी व्यवस्थाको बारम्बार आलोचना गरेका छन्। चिनियाँ अभिजात वर्गमा रहेको सामान्य विश्वासलाई प्रतिध्वनित गर्दै उनले धेरै सरकारी सहयोगले आलस्य र निर्भरता सिर्जना गर्ने बताएका छन्। सीले तर्क गरेका छन् कि ल्याटिन अमेरिकी देशहरू कल्याणमा अत्यधिक निर्भर भए र त्यहाँका नागरिकलाई 'मध्यम आयको पासो'मा छोडे। विदेशी सहायतालाई कहिलेकाहीं सी र अन्य चिनियाँ नेताले समस्याको कारक भनेर चित्रण गर्छन्। ट्रम्प प्रशासनले पनि 'सहायता होइन, व्यापार'जस्ता भाषा प्रयोग गरेको छ।

चीन सधैं यस्तो थिएन। सन् १९७० को दशकको सुरुमा देशले आफ्नो अर्थतन्त्रको आकारको अनुपातमा ठुलो हिस्सा विदेशी सहायता प्रदान गर्थ्यो। उसले त्यति बेला आफ्नो जिडिपीको आश्चर्यजनक ५.८८ प्रतिशतबराबर सहायता प्रदान गरेको देखिन्छ। कम्युनिस्ट विश्वमा चीनले आफ्नो प्रतिद्वन्द्वी सोभियत संघमाथि प्रधानता कायम गर्न खोजेको थियो। यस सहायताको धेरैजसो अंशले उपनिवेशविरोधी आन्दोलन र समाजवादी साझेदारलाई समर्थन गऱ्यो, यद्यपि यसमा तान्जेनिया-जाम्बिया रेलवेजस्ता केही भव्य परियोजना पनि समावेश थिए।

यद्यपि सन् १९७० को दशकको अन्त्यसम्म पुग्दा चीनले आफ्नो विदेशी सहायता संलग्नतामा आमूल पुनर्विचार गरिसकेको थियो। आफ्नो तथाकथित सुधार र खुलापन अवधिको पूर्वसन्ध्यामा अर्थात् सन् १९७१ देखि १९७५ र १९७६ देखि १९८० को पञ्चवर्षीय योजना अवधिको बिचमा चीनको औसत विदेशी सहायता खर्च ५५ प्रतिशतले घट्यो। यो परिवर्तन सन् १९७६ मा सांस्कृतिक क्रान्ति समाप्त भएपछि घरेलु अर्थतन्त्रलाई गम्भीर सुधार आवश्यक पर्दा विदेशमा धेरै पुँजी केन्द्रित गर्ने अस्थिरता र सोभियत संघसँगको तनाव कम हुँदै गएको मान्यताले प्रेरित भएको थियो। तर, पछि सन् १९८९ मा तियानमेन स्क्वायर नरसंहारपछि पश्चिमी देशले चीनलाई त्यागेपछि त्यहाँको सरकारले 'ग्लोबल साउद'को धेरै भागसँग पुनः संलग्न हुन थाल्यो।

बेइजिङले त्यसवेलादेखि सहायताको सट्टा चीनको प्रभुत्व बन्दै गएको व्यापार वित्तलाई प्राथमिकता दिन थाल्यो। यसमा सामान्यतया निर्यात-आयात बैंक अफ चाइना भनिने निर्यात क्रेडिट एजेन्सीद्वारा निर्यात गरिएका चिनियाँ सामान र सेवाको लागत समेट्न ऋणीका लागि विस्तार गरिएको ऋण समावेश छ। यी ऋणले पूर्वाधारदेखि सवारीसाधन हुँदै दूरसञ्चार उपकरणसम्म सबै कुरा समेट्न सक्छन्।

वास्तवमा, विश्लेषकको एउटा सामान्य गलत धारणा भनेको विदेशी सरकार र संस्थालाई दिइने चिनियाँ ऋणलाई 'विकास वित्त'को रूपमा परिभाषित गर्नु हो, किनभने यसको धेरैजसो भाग विकासशील देशमा प्रवाहित भइरहेको छ। यद्यपि, केही चिनियाँ ऋण आर्थिक सहयोग र विकास संगठनको परिभाषाअन्तर्गत विदेशी सहायताको रूपमा मान्यता पाउन पर्याप्त सहुलियतपूर्ण थिए, वास्तविकता यो हो कि यसको धेरैजसो अंश व्यावसायिक थियो।

निश्चित रूपमा चीनले हालैका महिनामा केही साना युएसएआइडी कार्यक्रम प्रतिस्थापन गर्ने प्रस्ताव गरेको छ। तथापि ती निक्कै सानो स्तरका छन्। कम्बोडियामा चीनले संयुक्त राज्य अमेरिकाले त्यागेको खानीसम्बन्धी कार्यक्रमलाई सहयोग गर्न ४४ लाख डलर प्रदान गरेको छ। त्यो कम्बोडियालाई व्यापार वित्तमा प्रदान गरिएको अर्बौंको तुलनामा फिक्का छ। नेपालमा चीनले अमेरिकी सहयोग प्रतिस्थापन गर्ने प्रस्ताव गरेको बताइएको छ, तर यससम्बन्धमा कमै विवरण बाहिरिएका छन्। भारतसँग चीनको विवादित सीमामा नेपालको निकटताले पनि यसलाई बेइजिङको हिमालय रणनीतिका लागि विशेष रूपमा केन्द्रबिन्दु बनाउँछ।

बेइजिङलाई अन्तर्राष्ट्रिय विश्व व्यवस्थामा भइरहेको द्रुत परिवर्तनबारे थाहा छ। यसले सम्भव भएसम्म राजनीतिक अवसर प्रयोग गर्नेछ, तर यसले विश्वव्यापी मञ्चमा वासिंटनको सफ्ट-पावर ब्लुप्रिन्टको नक्कल गर्न खोज्दैन। र, चीनको उदय उदारवादी विश्व व्यवस्थाले प्रेरित गरेकाले मात्र यसले आफ्ना सबै सिद्धान्त अपनाउन खोजेको होइन। चीनले वर्तमान अमेरिकी प्रशासनको कटौतीले छाडेको खाडललाई अन्धाधुन्ध भर्नेछ भनेर अनुमान गर्नु हतार हुनेछ।

जोन्स हप्किन्स विश्वविद्यालयको स्कुल अफ एड्भान्स्ड इन्टरनेसनल स्टडिजमा चाइना-अफ्रिका रिसर्च इनिसिएटिभका अनुसन्धान सहयोगी हेनरी तुगेनधाट र फरेन पोलिसीका उपसम्पादक जेम्स पामरको संयुक्त आलेख।

फरेन पोलिसिबाट

विश्व | संक्षेप

प्रदर्शनकारीविरुद्ध दमनको आदेश दिएको अडियो हसिनाकै भएको बिबिसीको दाबी

ढाका/ बिबिसीले प्राप्त गरेको एक अडियो रेकर्डिङले बंगलादेशकी पूर्वप्रधानमन्त्री सेख हसिनाले गतवर्ष विरोध प्रदर्शनमाथि घातक कारबाहीको आदेश दिएको संकेत गरेको छ। गत वर्ष जुलाई र अगस्टमा भएको विशाल प्रदर्शनविरुद्ध सरकार कठोर रूपमा प्रस्तुत हुँदा एक हजार चार सय मानिस मारिएका थिए। पछि सेनाले हसिनाको साथ छाडेपछि ७७ वर्षीया हसिना सत्ता छाडेर छिमेकी भारत पलायन भएकी थिइन्। हसिनाको अनुपस्थितिमा गत जुन १ मा ढाकामा उनीविरुद्ध मानवताविरोधी काम गरेको अपराधको मुद्दा सुरु भएको छ। बिबिसीले अनुसन्धान टोलीमार्फत हसिनाको भनिएको अडियोको विश्लेषण गरेको थियो। सन् २०२४ जुलाई १८ को उक्त रेकर्डिङमा हसिनाको भनिएको आवाजले सुरक्षा फौजलाई प्रदर्शनकारीविरुद्ध 'घातक हतियार प्रयोग गर्न' र 'जहाँ भेटियो, त्यहीं गोली हान्ने' अधिकार दिएको सुनिन्छ। बिबिसीले फरेन्सिक विशेषज्ञले अडियोमा भाषण सम्पादन वा हेरफेर गरिएको कुनै प्रमाण फेला नपारेको बताएको छ। बंगलादेश प्रहरीले पनि अडियोलाई हसिनाको प्रमाणित रेकर्डिङ भएको बताएको छ। अब यो अडियो हसिनामाथि मानवताविरुद्धको मुद्दा दायर गरेका अभियोजन पक्षको मुख्य प्रमाणको आधार बनेको छ।

अर्मेनिया र अजरबैजानबिच युएईमा शान्तिवार्ता हुने

दुबई/ अर्मेनिया र अजरबैजानका नेताबिच बिहीबार संयुक्त अरब इमिरेट्स (युएई) मा शान्तिवार्ताका लागि पहल भएको छ। बाकु र येरेभानले विवादित काराबाख क्षेत्रमा दुई युद्ध लडिसकेका छन्। सन् २०२३ को पछिल्लो युद्धपछि सो भेगलाई अजरबैजानले पुनः कब्जा गरेको छ। दुई कट्टर दुस्मनले मार्चमा एक बृहत् शान्ति सम्झौताका लागि तयार प्रस्तावमा सहमति जनाएका थिए। तथापि, बाकुले कुनै प्रकारको शान्ति सम्झौतामा हस्ताक्षर गर्नुअघि अर्मेनियाले काराबाखमाथि दाबी गर्न छाड्नुपर्ने र यसका लागि अर्मेनियाली संविधानमा संशोधन हुनुपर्ने माग राखेको छ। अमेरिकी विदेशमन्त्री मार्को रुबियोले ककासस क्षेत्रका दुई छिमेकीबिच छिटो शान्ति सम्झौता हुने आशा व्यक्त गरेपछि दुई देशबिच उच्चस्तरीय भेटवार्ता हुन ।लागेको हो।

रुसमाथि नयाँ प्रतिबन्ध लगाउने तयारीमा अमेरिका


वासिंटन डिसी/ अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले मस्कोविरुद्ध थप प्रतिबन्ध लगाउने विचार गरिरहेको बताएका छन्। ह्वाइट हाउसमा भएको मन्त्रिपरिषद् बैठकमा बोल्ने क्रममा ट्रम्पले युक्रेनमाथि जारी आक्रमणका कारण रुसमाथि थप प्रतिबन्ध लगाउने सिनेटको विधेयकलाई समर्थन गर्ने कि नगर्ने भनेर विचार गरिरहेको प्रतिक्रिया दिएका हुन्। विधेयकमा रुसबाट तेल र ग्यास आयात गर्ने देशमा भारी शुल्क लगाउने प्रावधान छ। त्यस्तै, रुसी ऊर्जा क्षेत्रसँग जोडिएका विदेशी कम्पनीमाथि पनि प्रतिबन्ध लगाउने विषय विधेयकमा समावेश छ। अमेरिकी रक्षा विभागले हतियार भण्डारणको समीक्षा गरेपछि युक्रेनका लागि अस्थायी रूपमा स्थगित गरिएको हतियार ढुवानी पुनः सुरु गर्न स्वीकृति दिएको पनि ट्रम्पले मंगलबार बताए।

गुजरातमा पुल भत्किँदा नौजनाको मृत्यु

नयाँदिल्ली/ बुधबार गुजरातको बडोदरामा माहीसागर नदीमा बनेको पुरानो पुल अचानक भत्किँदा नौजनाको मृत्यु भएको छ भने ६ जना घाइते भएका छन्। बिबिसी गुजरातीका अनुसार बडोदरास्थित माहीसागर नदीको सो पुलको बिचको एक हिस्सा भत्किँदा पुलमा रहेका सवारीसाधन नदीमा खसेका थिए। समाचार एजेन्सी पिटिआईका अनुसार यो पुल लगभग ४० वर्ष पुरानो थियो। दुर्घटनाको समयमा दुई ट्रक, एउटा पिकअप भ्यान, एउटा इको कार र एउटा अटो रिक्सा नदीमा खसेको बडोदराका जिल्ला कलेक्टर अनिल धमेलियाले बताए। यसैबिच, गुजरात सरकारका प्रवक्ता मन्त्री ऋषिकेश पटेलले सरकारले घटनाको अनुसन्धानको आदेश दिएको बताए। ऋषिकेश पटेलले भने, 'सन् १९८५ मा निर्माण भएपछि यो पुल पटक-पटक मर्मत गरिएको थियो। तैपनि, यो दुर्भाग्यपूर्ण र दुःखद घटना भएको छ। मुख्यमन्त्रीले आफ्नो स्तरमा २१२ करोड रुपैयाँको लागतमा नयाँ पुल निर्माण गर्न स्वीकृति दिएका थिए। यसको लागि टेन्डर र डिजाइन प्रक्रिया चलिरहेको थियो।' प्रधानमन्त्री नरेन्द्र मोदीले पुल भत्किको घटनाप्रति दुःख व्यक्त गरेका छन्। मोदीले सामाजिक सञ्जाल एक्समा पोस्ट गर्दै भनेका छन्, ' गुजरातको बडोदरा जिल्लामा पुल भत्किएको घटना दुःखद छ। आफ्ना प्रियजन गुमाउनेप्रति मेरो समवेदना छ। प्रधानमन्त्री राष्ट्रिय राहत कोषबाट घटनाका प्रत्येक मृतकका परिवारलाई दुई लाख रुपैयाँको अनुदान प्रदान गरिनेछ भने घाइतेहरूलाई ५० हजार रुपैयाँ दिइनेछ।'

गुजरातका विपक्षी दलहरू कंग्रेस र आम आदमी पार्टीले भने यस घटनाका लागि गुजरात राज्यमा लामो समयदेखि शासन गर्दै आएको भाजपा सरकारलाई दोष दिएका छन्। गुजरातका कंग्रेस नेता अमित चावडाले पुल यति खतरनाक अवस्थामा रहँदारहँदै पनि गुजरात सरकारले मर्मत नगरेकोमा प्रश्न उठाए। साथै, आम आदमी पार्टीका नेता इसुदन गढवीले गुजरात सरकारमाथि प्रश्न उठाएका छन्।

नोबेल शान्ति पुरस्कारमा ट्रम्पको मनोनयन बहसमा



● बेलेन फर्नान्डेज



विश्वव्यापी राजनीति र कूटनीतिमा चल्ने 'यति हदसम्म पनि कसैले गर्न सक्छ' भन्ने प्रतियोगिताको पछिल्लो संस्करणमा इजरायली प्रधानमन्त्री बेन्जामिन नेतन्याहुले संयुक्त राज्य अमेरिकाका राष्ट्रपति डोनाल्ड ट्रम्पलाई नोबेल शान्ति पुरस्कारका लागि मनोनीत गरेका छन्। सीधा भाषामा भन्दा गाजामा प्यालेस्टिनीहरूको नरसंहारको नेतृत्व गरेका नेताले विश्वको प्रतिष्ठित शान्ति पुरस्कारका लागि सो नरसंहारको सबैभन्दा ठुलो समर्थकलाई मनोनयन गरेका छन्।

ट्रम्प तिनै हुन्, जसले गत मार्च महिनामा मात्रै गाजाको 'काम फत्ते गर्न इजरायललाई आवश्यक पर्ने सबै कुरा सहयोग पठाउने' वाचा गरेका थिए। त्यो 'सबै कुरा'मा अर्बौं डलर मूल्यको घातक हतियार र अन्य सहयोग समावेश छन्। अक्टोबर २०२३ देखि हालसम्म लगभग ६० हजार प्यालेस्टिनी इजरायली आक्रमणमा मारिइसके। यद्यपि, धेरै मानिस अझै भवनका भग्नावेशमा पुरिएको आशंका गरिन्छ। सो संख्यासमेत ख्याल गरियो भने वास्तविक मृत्युदर निःसन्देह धेरै बढी हुन आउँछ। पछिल्लो केही साताभित्रै अमेरिका र इजरायल दुवैको समर्थनमा 'गाजा ह्युमानिटेरियन फाउन्डेसन'ले सञ्चालन गरिएको सहायता लिन गएका झन्डै ७०० भन्दा बढी प्यालेस्टिनीहरू इजरायली आक्रमणमा मारिएका छन्।

जनवरीमा दोस्रो कार्यकाल ग्रहण गरेदेखि ट्रम्पले यमनी नागरिकमाथि जथाभावी बमबारी गर्नेदेखि इरानमाथिको अवैध आक्रमणजस्ता स्पष्ट रूपमा अशान्तिपूर्ण प्रकृतिका धेरै कामको निर्देशन दिइसकेका छन्। वास्तवमा मिडियाले ट्रम्पको नोबेल शान्ति पुरस्कारको मनोनयनसम्बन्धी समाचार जसरी प्रस्तुत गरिरहेका छन्, त्यो आफैंमा उदेकलाग्दो छ। उदाहरणका लागि, सिएनले लेख्यो 'नोबेल शान्ति पुरस्कार ट्रम्पको अन्तिम लक्ष्य बनेको छ, जुन विश्वभरका द्वन्द्व अन्त्य गर्ने प्रयासका लागि उपयुक्त भएको उनले बताएका छन्।'

सन् २०२५ को आफ्नो तेस्रो वासिंटन भ्रमणका क्रममा ह्वाइट हाउसको डिनरमा भाग लिने क्रममा नेतन्याहुले राष्ट्रपति ट्रम्पलाई पुरस्कारका लागि मनोनयन गरेकोबारे जानकारी गराइएका थिए। यस सम्मानका लागि नेतन्याहुलाई धन्यवाद दिँदै ट्रम्पले भने, 'ओहो! यो प्रस्ताव विशेषगरी तपाईंबाट आउनु धेरै अर्थपूर्ण छ।' अब यसलाई 'अर्थपूर्ण' भन्नुमा अन्य रहस्य पनि होला, तर यो शब्दले यस सम्पूर्ण प्रायोजनको आडम्बरपनलाई राम्रोसँग व्यक्त गर्न सक्दैन।

> ट्रम्पलाई नोबेल शान्ति पुरस्कारका लागि मनोनीत गर्ने नेतन्याहुको कदमलाई एक युद्ध अपराधीले आफ्नो सबैभन्दा ठुलो समर्थकलाई सम्मानित गर्ने प्रयासका रूपमा हेरिएको छ

रेकर्ड हेर्ने भने नोबेल शान्ति पुरस्कार आफैंमा सधैं उपयुक्त व्यक्तिलाई दिइएको इतिहास भने छैन। यो पुरस्कार घोषित रूपमा 'राष्ट्र-राष्ट्रबिचको भ्रातृत्वका लागि, स्थायी द्वन्द्व उन्मूलन वा सेना कटौतीको र शान्ति सम्मेलनको आयोजना तथा प्रवर्द्धनका लागि सबैभन्दा वा उत्तम काम गर्ने व्यक्तिलाई प्रदान गरिने' भनिएको छ। तर, सधैं यी सर्त पूरा गर्ने व्यक्तिले मात्र पुरस्कार पाएका छैनन्।

सन् २००९ मा भर्खरै अमेरिकी राष्ट्रपति पद सम्हालेका बराक ओबामालाई पुरस्कार प्रदान गरिएको थियो। जसले पछि गएर अफगानिस्तान, पाकिस्तान, लिबिया, यमन, सोमालिया, इराक र सिरियामाथि व्यापक बमबारी गरे। अब त्यसबाट कत्तिको अन्तर्राष्ट्रिय 'भ्रातृत्व' विकास भयो, त्यो सबैले देखेकै छन्। त्यसबाहेक ओबामाले 'सूची' बनाएर उनको व्यक्तिगत लहडका आधारमा विदेशमा सैन्य हत्याको निर्देशन दिएको पाइएको छ। नोबेल शान्ति पुरस्कार हासिल गर्नेको सूचीमा कोलम्बियाका दक्षिणपन्थी पूर्वराष्ट्रपति हुवाँ म्यानुयल सान्तोसको नाम पनि समावेश छ। इजरायली उदारवादी पत्रिका 'हारेट्ज'को सन् २०१३ को एक रिपोर्टअनुसार सान्तोसले आफ्नो देशलाई 'ल्याटिन अमेरिकाको इजरायल' भनिएकोमा 'गर्व' रहेको बताउने गर्थे। राष्ट्रपति निर्वाचित हुनुअघि रक्षामन्त्री रहँदा सान्तोसले कोलम्बियाली सैनिकलाई करिब १० हजारभन्दा बढी नागरिकको हत्या गर्न निर्देशन दिएको र तिनलाई 'आतंकवादी' भनेर प्रचार गराएका थिए। 'आतंकवाद'विरुद्ध लड्ने नाममा नागरिकहरूको नरसंहार गर्ने इजरायलको स्वभावलाई मध्यनजर गर्दा सान्तोसले उनको देशलाई इजरायलसँग तुलना गर्नु उपयुक्त ठहऱ्याउन सकिन्छ।

धेरैले बिर्सिसके होलान् तर नोबेल शान्ति पुरस्कार विजेताहरूको सूचीमा स्वर्गीय इजरायली राजनीतिज्ञ सिमोन पेरेस पनि समावेश छन्। उनलाई सन् १९९४ मा पुरस्कार प्रदान गरिएको थियो। जबकि, त्यसको दुई वर्षअघि उनकै निगरानीमा लेबनानको काना भन्ने ठाउँमा संयुक्त राष्ट्र संघको परिसरमा आश्रय लिइरहेका १०६ शरणार्थीको हत्या भएको थियो। सन् २०२१ मा, ट्रम्पका आफ्नै ज्वाइँ जेर्ड कुसनरलाई हार्वर्ड कानुन स्कुलका पूर्वप्राध्यापक एलन डेरसोविट्जले नोबेल शान्ति पुरस्कारका लागि मनोनयन गरेका थिए। डेरसोविट्ज तिनै व्यक्ति हुन्, जसले आफ्नो कानुनी करियरको अधिकांश समय इजरायलले गरेका अरब नागरिकको हत्यालाई जायज ठहऱ्याउन समर्पित गरेका थिए। कुस्नरले इजरायल र विभिन्न अरब राज्यबिचको सम्बन्धलाई सामान्य बनाउने अब्राहम सम्झौताहरू निर्माणमा भूमिका निभाएको भन्दै उनको नाम मनोनयन गरिएको थियो।

ट्रम्पले यसअघि अमेरिकाले गाजापट्टी कब्जा गर्ने, त्यहाँ बसोवास गर्ने प्यालेस्टिनी जनसंख्यालाई जबर्जस्ती निकाल्ने सो तहसनहस क्षेत्रमाथि 'मध्यपूर्वको रिभेरा' बनाउने प्रस्ताव गरेका थिए। जे भए पनि यो अझै नोबेल शान्ति पुरस्कार मनोनीतको कार्यसूचीमै भएको काम हो।

'टाइम्स अफ इजरायल'ले वासिंटनमा ट्रम्प-नेतन्याहु भेटघाटसम्बन्धी समाचारको शीर्षक : नेतन्याहुले ट्रम्पलाई भेटेर नोबेल पुरस्कारका लागि मनोनयन गरी चकित पारे, भेटमा दुई नेताले गाजालाई खाली गर्ने विषयमा कुरा गरे' दिएको छ। सोही समाचारमा 'नेतन्याहुले ट्रम्पलाई इरानविरुद्ध अमेरिका र इजरायलले मिलेर गरेको आक्रमणले मध्यपूर्वको अनुहार परिवर्तन गरेको र अब्राहम सम्झौता विस्तार गर्ने अवसर सिर्जना गरेको' बताएको उल्लेख छ। आखिर, प्यालेस्टाइनलाई पूर्ण रूपमा समाप्त गर्नुजस्तो 'राष्ट्र-राष्ट्रबिचको भ्रातृत्व' अब यो संसारमा अरू के बाँकी रह्यो र!

इरानमाथिको बमबारी गर्ने आफ्ना कदमलाई ट्रम्पले केहीअघि दोस्रो विश्वयुद्धको समयमा जापानी सहर हिरोसिमा र नागासाकीमा परमाणु बम खसाल्ने अमेरिकी राष्ट्रपति ह्यारी ट्रुम्यानको निर्णयसँग तुलना गरे। लाखौं मानिसको ज्यान लिने परमाणु आक्रमणलाई सकारात्मक रूपमा प्रस्तुत गर्ने कुनै पनि व्यक्ति खासमा गम्भीर शान्ति पुरस्कारका लागि स्पष्ट रूपमा अयोग्य हुनुपर्छ। तर, हामी यस्तो विश्वमा बाँचिरहेका छौं, जहाँ शान्तिको खोजीलाई प्रायः थप युद्धको बहानाको रूपमा प्रयोग गरिन्छ, त्यहाँ ट्रम्पजस्ता नेताको यस्तो पुरस्कारको लागि मनोनयन साँच्चै अर्थपूर्ण हुन्छ।

अल - जजिरा

इतिहासमा आज



सन् २०२० : छैटौं शताब्दीमा चर्चका रूपमा बनेको 'हागिया सोफिया' पुनः मस्जिदमा घोषणा भयो। सन् १९३४ मा देशका संस्थापक नेता मुस्तफा अतातुर्कले संग्रहालय घोषणा गर्नुअघि सन् १४५३ देखि लगातार मस्जिद नै थियो।

सन् १८०६ : इस्ट इन्डिया कम्पनीको शासनविरुद्ध उठेको 'सिपाई विद्रोह'को पहिलो उभार 'भेलोर विद्रोह'का रूपमा आजकै दिनबाट सुरु भएको थियो।

सन् १९१३ : विश्वको औपचारिक तथ्यांकअनुरूप सबैभन्दा उच्च तापक्रम ५६.७ डिग्री सेल्सियस आजकै दिन क्यालिफोर्निया राज्यको डेथ भ्यालीस्थित 'ग्रिनल्यान्ड च्यान्च' वा फर्नान्स क्रिक च्यान्च'मा मापन भयो।

सन् १९१८ : सोभियत संघको सबैभन्दा ठुलो हिस्सा रुसी सोभियत संघीय समाजवादी गणतन्त्रको गठन भयो।

सन् १९१९ : अमेरिकी राष्ट्रपति विड्रो विल्सनले पहिलो विश्वयुद्ध अन्त्य गर्नेसम्बन्धी सम्झौता 'भर्साय सन्धि' आफ्नो देशको सिनेटमा पेस गरे।

सन् १९२३ : इटालीको सत्तामा पुगेका फासीवादीहरूले सबै राजनीतिक दलमाथि प्रतिबन्ध लगाए।

सन् १९२५ : सोभियत संघमा सरकारी समाचार एजेन्सी 'तास' गठन भयो, जन संघ विघटन भएपछि पनि क्रियाशिल छ।

सन् १९३४ : सत्तारूढ अमेरिकी राष्ट्रपतिको पहिलो दक्षिण अमेरिका महादेश भ्रमणका क्रममा प्रयांकलिन डी रुजवेल्ट कोलम्बिया पुगे।

सन् १९४७ : बेलायतका तत्कालीन प्रधानमन्त्री क्लिमेन्ट एट्लीले मोहम्मद अली जिन्नाहलाई भावी पाकिस्तानको पहिलो गर्भनर-जनरल सिफारिस गरे।

सन् १९९१ : सोभियत नेता मिर्खाइल गोर्बाचेभको 'पेरेस्ट्रोइका' नीतिअनुरूप सत्तारूढ गैरकम्युनिस्ट नेता बोरिस यल्तसिन रुसी महासंघको पहिलो निर्वाचित राष्ट्रपति बने।

सन् २०११ : ब्रिटिस ट्याबलोइड पत्रिका 'न्युज अफ द वर्ल्ड' प्रकाशित हुन थालेको १६८ वर्षपछि आजकै दिन अन्तिम संस्करण छापिएर बन्द भयो। 'फोन ह्याकिङ प्रकरण'पछि पत्रिका बन्द भएको थियो।

सन् २०२३ : 'नेचर मेडिसिन' जर्नललले अघिल्लो वर्ष चलेको हिट-वेभ (तातो लहर)का क्रममा युरोपभरमा ६१ हजार मानिसले ज्यान गुमाएको अध्ययन प्रकाशित गऱ्यो।

अर्थ पत्रिका
नयाँ पत्रिका
बिहीबार २६ असार ०८२

सरकारी भुक्तानी बन्द हुने अन्तिम दिन साढे १९ अर्ब खर्च

मंगलबारसम्म पुँजीगत खर्च ५२.९६ प्रतिशत मात्रै



अर्थ मन्त्रालयका प्रवक्ता श्यामप्रसाद भण्डारी भन्छन्-



सञ्चित कोषमा व्ययभार नहुने र सरकारी कोषमा हस्तान्तरण गरिएका रकमबाहेक सबैखाले भुक्तानी बुधबारसम्म खर्च हुन्छन् । त्यसपछि ३२ असारसम्ममा हिसाब मिलानबाहेक खर्च गरिँदैन ।

पवन तिमिल्सिना/नयाँ पत्रिका

चालू आव ०८१/८२ को भुक्तानी बन्द हुनुअघि एकैदिनमा सरकारी निकायले खर्च बढाएका छन् । आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, ०७७ अनुसार आर्थिक वर्ष सकिनु एक साताअगावै भुक्तानी निकासा बन्द गर्नुपर्ने हुन्छ । जसअनुसार चालू आर्थिक वर्ष ०८१/८२ सकिनु सात दिनअघि अर्थात् २५ असारसम्ममा सरकारी निकायले भुक्तानीमा तीव्रता दिएका हुन् ।

मंगलबार एकैदिनमा सरकारी निकायहरूले १९ अर्ब ४६ करोड रुपैयाँभन्दा बढी भुक्तानी निकासा दिएका छन् । सो दिन सात अर्ब १४ लाख चालू खर्च भएको छ भने पुँजीगत खर्च ८ अर्ब ९२ करोड ५० लाख रुपैयाँ भएको छ । त्यस्तै, ऋणको साँवाब्याज भुक्तानीमा एकैदिन तीन अर्ब ५३ करोड ६६ लाख खर्च भएको छ ।

२४ असारसम्ममा सरकारले ५२.९६ प्रतिशत मात्रै पुँजीगत खर्च गरेको छ । तीन खर्ब ५२ अर्ब ३५ करोडको पुँजीगत बजेट विनियोजनमा एक खर्ब ८६ अर्ब ६१ करोड मात्रै खर्च भएको हो । त्यस्तै, चालूतर्फ ८४.५१ प्रतिशत अर्थात् ९ खर्ब ६४ अर्ब एक करोड खर्च भएको छ । ऋणको साँवाब्याज भुक्तानीतर्फ तीन खर्ब १५ अर्ब ९६ करोड रूपैयाँ (विनियोजनको ८६.०३ प्रतिशत) खर्च भएको छ । कुल बजेट खर्च १४ खर्ब ६६ अर्ब रूपैयाँ छ ।

२५ असारसम्म विनियोजन ऐनले फ्रिज नहुने भनी तोकिएको



शीर्षकबाहेकको रकम मात्रै भुक्तानी हुने व्यवस्था छ । त्यस्तै, विनियोजन ऐनअनुसार प्रदेश वा स्थानीय तहमा हस्तान्तरण भएको ससर्त अनुदानको रकम समायोजन गरी बाँकी रकम सोधभर्नाका रूपमा २५ असारभित्र हस्तान्तरण गर्नुपर्ने उल्लेख छ ।

सरकारी निकायका विभिन्न कोषमा रकमान्तर हस्तान्तरण गरिएको अवस्था हुने खर्चबाहेकको हकमा भुक्तानी निकासा बुधबार मध्यरात १२ बजेटपछि बन्द हुने अर्थ मन्त्रालयका प्रवक्ता श्यामप्रसाद भण्डारीले जानकारी दिए । उनले भने, 'सञ्चित कोषमा व्ययभार नहुने र सरकारी कोषमा हस्तान्तरण गरिएका रकमबाहेक सबैखाले भुक्तानी बुधबारसम्म खर्च हुन्छन् । त्यसपछि ३२ असारसम्ममा हिसाब मिलानबाहेक खर्च गरिँदैन ।'

नियमावलीअनुसार २५ असारपछि सम्बन्धित निकायलाई कार्यक्रम संशोधन भई थप बजेट प्राप्त भएमा, खर्चको स्रोत परिवर्तन भएमा वा अति आवश्यक काम परी खर्च गर्नु परेमा पनि निकासा गर्न पाइने व्यवस्था छ । तर, त्यस्तो खर्च पुष्ट्याइँ गर्ने बिल, भरपाई, बजेट थप भएको प्रमाण र अन्य कागजातसहित कोष तथा लेखा नियन्त्रक कार्यालयमा पेस गरी भुक्तानी निकासा माग गर्न सकिने भनिएको छ । त्यसरी भुक्तानी निकासा माग भइआएमा कोष तथा लेखा नियन्त्रक कार्यालयले प्राप्त बिल, भरपाई र सोसाथ संलग्न कागजात परीक्षण गर्दा भुक्तानी निकासा दिन आवश्यक देखेमा सम्बन्धित व्यक्ति वा फर्मको नाममा भुक्तानी निकासा दिनुपर्ने नियमावलीमा उल्लेख छ ।

कोष तथा लेखा नियन्त्रक कार्यालयबाट असार मसान्तसम्म जारी भएको चेक वा विद्युतीय कोषको भुक्तानी कुनै कारणले १५ दिनभित्र नसाटिएमा वा भुक्तानी पाउनेको खातामा रकम जम्मा नभएमा सम्बन्धित कार्यालयबाट निकासा र खर्च घटाई भुक्तानी आदेशसहित २१ साउनभित्र कोष तथा लेखा नियन्त्रक कार्यालयमा निकासा र खर्च समायोजनका लागि पठाउनुपर्ने व्यवस्था छ । यस्तो निकासा भएर खर्च घटाइसकेपछि वार्षिक आर्थिक विवरण तयार गरी प्रमाणित गर्नका लागि सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयमा पेस गर्नुपर्ने उल्लेख छ ।

कोष तथा लेखा नियन्त्रक कार्यालयले आर्थिक वर्ष समाप्त भएको तीन दिनभित्र भुक्तानी हुन बाँकी चेकको विवरण सम्बन्धित बैंकमा पठाउनुपर्नेछ । बैंकले कोष तथा लेखा नियन्त्रक कार्यालयवाट प्रमाणित विवरणअनुसारको चेकको मात्र भुक्तानी दिनुपर्ने भनिएको छ ।

रसुवा बाढीले नेपाल-चीन व्यापार अन्योलमा

मालसामान बोकेर नेपाल आउँदै गरेका पाँच सयभन्दा बढी कन्टेनर चीनतर्फ अड्किए, तातोपानी नाकासमेत जोखिममा रहेकाले दुई देशबिचको व्यापार अनिश्चित

कृष्ण रिजाल/नयाँ पत्रिका

मंगलबार आएको बाढीले रसुवागढी-केरुङ नाका क्षतिग्रस्त भएपछि नेपाल-चीनबिचको व्यापारमा अन्योल देखिएको छ । उत्तरतर्फको प्रमुख व्यापारिक नाका रसुवागढीको मितेरी पुल बाढीले बगाएर सडक सम्बन्धविच्छेद भएसँगै दुई देशबिचको व्यापार पूर्णरूपमा रोकिएको मात्र छैन, अनिश्चितसमेत बनेको छ ।

बाढीले मितेरीपुल बगाएको, नेपालतर्फको करिब दुई किलोमिटर सडक पूर्णरूपमा क्षतिग्रस्त बनेको र निर्माणाधीन सुक्खा बन्दरगाहमा पनि असर परेपछि रसुवा-केरुङ नाका तत्कालन सञ्चालनमा आउने नदेखिएको रसुवा भन्सार कार्यालयका प्रवक्ता रवीन्द्रप्रसाद प्याकुरेलले बताए । 'बिजुली, इन्टरनेट, फोनको कनेक्सन टुटेको छ, सडक सञ्जाल विच्छेद भएको छ' उनले भने, 'अहिले तत्कालन उद्धार र राहतका काम भइरहेका छन्, व्यापार के हुने ? कहिले सुरु हुने भन्ने कुरामा अन्योल छ ।' चीन जोड्ने अर्को प्रमुख नाका तातोपानीसमेत पूर्णरूपमा चल्न सकेको छैन । सञ्चालनमा रहेका दुईमध्ये एक नाका पूर्ण क्षतिग्रस्त भएको र अर्कोसमेत जोखिममा रहेका कारण चीनतर्फको व्यापारमा अन्योल देखिएको नेपाल हिमालय सीमापार वाणिज्य संघका अध्यक्ष रामहरि कार्कीले बताए ।

मालसामान बोकेर नेपालतर्फ आउँदै गरेका पाँच सयभन्दा बढी कन्टेनर केरुङ (चीनतर्फ) नै अड्किएको व्यवसायीले बताएका छन् । नजिकिँदै गरेको तिज, दसैँ तिहारलगायत चाडपर्वलाई लक्षित गरेर ल्याएका लत्ताकपडा, जुत्ताचप्पल, कस्मेटिक्स, इलेक्ट्रोनिक्स, फलफूललगायत सामग्री बोकेर नेपाल आउँदै गरेका केन्टेनर पारि (चीन)मै अड्किएको नेपाल हिमालय सीमापार वाणिज्य संघका अध्यक्ष रामहरि कार्कीले बताए । 'अहिले सामान मगाउने सिजन हो, धेरै व्यवसायीले मगाएको सामान कतिपय बाटोमा छन्, कतिपय पारि केरुङ आइपुगेर अड्किएका छन्,' उनले भने, 'ती सामान के-कसरी नेपाल भित्र्याउने ? नाका कहिले र कसरी सञ्चालन गर्ने भन्नेलगायत विषयमा अन्योल देखिएको छ ।' सरकारले चीनसँग समन्वय गरेर अविलम्ब पुनर्निर्माणका काम गरेर नाका सञ्चालनमा ल्याउनुपर्ने उनको भनाइ छ ।

नेपाल र चीनबिच वार्षिक सबा तीन खर्ब रुपैयाँ हाराहारीको व्यापार हुँदै आएको छ । चालू आवको जेठ मसान्तसम्ममा नेपालमा चीनबाट तीन खर्ब १४ अर्ब ५७ करोड ५६ लाख रुपैयाँबराबरको आयात भएको छ । यस अवधिमा निर्यात भने दुई अर्ब ४८ करोड १७ लाख रुपैयाँबराबरको भएको भन्सार विभागको तथ्यांक छ ।

■ रसुवागढीबाट कति हुन्छ व्यापार ?

नेपाल र चीनबिच सबैभन्दा बढी आयात निर्यात हुने प्रमुख व्यापारिक नाका रसुवागढी-केरुङ हो । चालू आर्थिक वर्षको ११ महिना अर्थात् जेठ मसान्तसम्ममा रसुवा नाका हुँदै ९१ अर्ब २५ करोड ४८ लाखबराबरको आयात भएको छ जुन कुल आयातको २.८५ प्रतिशत हो । यस अवधिमा रसुवा हुँदै एक अर्ब ९६ करोड १४ लाखबराबरको निर्यात भएको छ जुन कुल निर्यातको ०.७९ प्रतिशत बराबर हो ।

गत आर्थिक वर्ष ०७९/८० को ११ महिना अर्थात् जेठ मसान्तसम्ममा रसुवा नाकाबाट २७ अर्ब २५ करोड १८ लाखबराबरको आयात भएको छ । जुन नेपालको कुल आयातको १.८४ प्रतिशत बराबर हो । त्यस्तै, यस अवधिमा रसुवा हुँदै एक अर्ब एक करोड १९ लाखबराबरको निर्यात भएको छ जुन कुल निर्यातको ०.७० प्रतिशत हो ।

■ तातोपानीबाट आयात मात्रै

सञ्चालनमा रहेको अर्को नाका तातोपानीबाट अहिले आयात भइरहे पनि निर्यात ठप्प छ । चालू आवको ११ महिनामा तातोपानी नाकाबाट ४६ अर्ब ८९ करोड ३५ लाखबराबरको आयात भयो । जुन कुल आयातको २.८५ प्रतिशत हो । यस अवधिमा तातोपानीबाट निर्यात भने भएको छैन । गत आर्थिक वर्ष ०७९/८० जेठ ११ महिना अर्थात् जेठ मसान्तसम्ममा तातोपानी नाकाबाट ११ अर्ब ७९ करोड ८६ लाखबराबरको आयात भएको थियो जुन कुल आयातको ०.८० प्रतिशतबराबर हो । सोही अवधिमा तातोपानी नाका हुँदै ५९ लाखबराबरको निर्यात भएको देखिन्छ ।

■ नेपाल-चीन आपूर्ति प्रणालीमा पूर्ण अवरोध : चेम्बर

नेपाल-चीन सिमानामा रहेको प्रमुख नाका रसुवागढीको टिमुरे क्षेत्र भएर गत मंगलबार आएको भीषण वर्षाले मानवीय र भौतिक रूपमा ठुलो क्षति व्यहोर्नुपरेको नेपाल चेम्बर अफ कमर्सले जनाएको छ । चेम्बरले बुधबार विज्ञप्ति जारी गर्दै मालसामान लिएर नेपाल आउँदै गरेका सयौँ कन्टेनर सवारीसाधन बाढीले बगाउँदा व्यापार तथा व्यवसायमा गम्भीर क्षति भएको उल्लेख गरेको छ । 'गत मंगलबार आएको बाढीले मानवीय क्षतिसँगै भौतिक रूपमा पनि ठूलो क्षति गरेको छ । सो क्षेत्रमा हराइरहेकाहरूको खोजीका साथै भौतिक पूर्वाधार निर्माणलाई तीव्रता दिएर महत्त्वपूर्ण व्यापारिक मार्ग तत्काल सुचारु गर्न सरकारसँग आग्रह गर्दछौं, ।' रसुवागढीको टिमुरे क्षेत्रमा तत्कालीन राहत व्यवस्थासँगै दीर्घकालीन संरचना निर्माण, वैकल्पिक पुल निर्माण तथा प्राविधिक पूर्वतयारी गर्नसमेत चेम्बरले सरकारको ध्यानाकर्षण गराएको छ ।

नाका १० वर्षअघिकै अवस्थामा पुगेको छ



● **रवीन्द्रप्रसाद प्याकुरेल**, प्रवक्ता, रसुवा भन्सार कार्यालय

मंगलबारको बाढीले रसुवागढी-केरुङ नाकालाई १० वर्षअघिको अवस्थामा पुऱ्याइदिएको छ । नाका क्षतिग्रस्त छ । पुल बगाएको छ, सडक भत्किएको छ, सुक्खा बन्दरगाह क्षतिग्रस्त छ, फोन, विद्युत्, इन्टरनेटलगायत सबैको नेटवर्क छैन, जटिलता र जोखिम धेरै छ । अहिले व्यापार सुचारुभन्दा पनि तत्काल राहत र उद्धारका काम भइरहेका छन् । पारिको अवस्था के छ औपचारिक जानकारी आएको छैन । प्रधानमन्त्री, अर्थमन्त्री, उर्जामन्त्रीले अवलोकन गर्नुभएको छ ।

नाका सञ्चालनमा नआए व्यापारी पलायन हुन्छन्

● **रामहरि कार्की**, अध्यक्ष, नेपाल हिमालय सीमापार वाणिज्य संघ

नेपाल चीन व्यापारको लागि रसुव-केरुङ प्रमुख नाका हो । प्रमुख नाका क्षतिग्रस्त भएपछि दुई देशबीचको व्यापार प्रभावित हुने नै भयो । अहिले पाँच सयभन्दा बढी लोडेड कन्टेनर पारि (चीन)तर्फ अड्किएका छन् । ती कन्टेनरमा तिज तथा दसैँ-तिहारलक्षित लत्ताकपडा, जुत्ताचप्पल, इलेक्ट्रोनिक्स, कस्मेटिक, फलफूललगायत सामान छन् । समयमै पुल तथा बाटो निर्माण भएर नाका सञ्चालनमा नआए व्यापारीको लगानी डुब्छ, पलायन हुन्छन् ।

२५० मेगावाटका सात विद्युत् परियोजनाको उत्पादन बन्द



बाढीले क्षति पुऱ्याएको त्रिशूली ३ बी सबस्टेसन

काठमाडौं/ भोटेकोशी नदीमा आएको बाढीले जलविद्युत् परियोजना तथा पूर्वाधार क्षतिग्रस्त भएपछि २५०.५० मेगावाट विद्युत् उत्पादन ठप्प भएको छ । बाढीका कारण २३१ मेगावाटका पाँचवटा जलविद्युत् परियोजना बन्द भएको तथा सबस्टेसनमा क्षतिग्रस्त हुँदा सामान्य अवस्थामै रहेका साढे १९ मेगावाटका दुई आयोजनाको उत्पादन बन्द गर्नुपरेको नेपाल विद्युत् प्राधिकणले जनाएको छ ।

प्राधिकरणका अनुसार बाढीले १११ मेगावाटको रुसुवागढी जलविद्युत् परियोजनाको हेडवर्क्स पूर्ण रूपमा क्षतिग्रस्त भएको छ । १० वर्ष लगाएर विद्युत् प्राधिकरणले निर्माण गरेको यो परियोजना गत मंसिरदेखि मात्रै सञ्चालनमा आएको थियो । सञ्चालनमा आएको ६ महिनामै यो परियोजना बाढीबाट प्रभावित भएको छ । यसैगरी, २२ मेगावाटको चिलिमे जलविद्युत् आयोजनाको टेलरेसबाट पानी छिरेको छ । ६० मेगावाटको त्रिशूली ३ ए जलविद्युत् आयोजनाको ड्यामसाइटको दुईवटा गेट क्षतिग्रस्त भएको छ । बाढीबाट प्रभावित यी तीनैवटा आयोजनाबाट विद्युत् उत्पादन बन्द गरिएको छ ।

यस्तै, ड्यामसाइटमा ढुंगामुढा आएर थुपिएपछि २४ मेगावाटको त्रिशुली जलविद्युत् परियोजना र १४ मेगावाटको देवीघाट जलविद्युत् परियोजना पनि बन्द गरिएको छ । खोलाले धार परिवर्तन गरेर त्रिशूली ३ बी हब सबस्टेसनभित्र छिरेर १३२ कभी को 'बेय' लगायतका संरचनामा क्षति पुऱ्याएको छ । यसबाट विद्युत् प्रवाह गरिने १४.५ मेगावाटको मैलुङ र पाँच मेगावाटको बुद्धभूमि जलविद्युत् परियोजना पनि बन्द गरिएको छ । उक्त दुई परियोजनालाई बाढीले कुनै क्षति पुऱ्याएको छैन । तर, त्यसको विद्युत् प्रवाह हुने सबस्टेसन प्रभावित भएपछि सामान्य अवस्थामा रहेको उक्त दुई परियोजनाको विद्युत् उत्पादन बन्द गरिएको प्राधिकरणका प्रवक्ता राजन ढकालले बताए । आर्थिक रुपमा क्षतिको विवरण आउन भने बाँकी छ ।

हवाई इन्धन डिपो सार्न प्राधिकरणलाई निगमको ताकेता

हाल डिपो रहेको स्थान भत्काएर 'रन वे' बनाउने प्राधिकरणको योजना

काठमाडौं/ त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल विस्तार गुरुयोजनाअनुसार सिनामंगलस्थित हवाई इन्धन डिपो स्थानान्तरणका लागि जग्गा उपलब्ध गराउन आयल निगमले नागरिक उड्डयन प्राधिकरणलाई ताकेता गरेको छ । विगतमा पनि पत्राचार गर्दै आएको निगमले पछिल्लोपटक मंगलबार पुनः पत्र लेख्दै डिपो स्थानान्तरण हुने गुप्तेश्वरीस्थित जग्गा खाली गरिदिन आग्रह गरेको हो ।

आयल निगमको सिनामंगलस्थित हवाई इन्धन कार्यालय प्रमुख प्रदीप यादवले गरेको पत्राचारमा मुख्य गरी चारवटा विषयमा प्राधिकरणको सहजीकरण खोजिएको छ । करिब ५० रोपनी जग्गाको चारकिल्ला तोकिदिनुपर्ने, प्रस्तावित निर्माणस्थलमा रहेको करिब दुई सयवटा रुख काटिदिनुपर्ने, सेनाको भवनहरू हटाइदिनुपर्ने र जग्गा भाडासम्बन्धी सम्झौता गरिदिन आग्रह गरेको यादवले जानकारी दिए ।

'यसअघि भएको समझदारीअनुसार विमानस्थलको उत्तर-पश्चिम कुनामा रहेको जग्गामा नयाँ डिपो बनाउन हाम्रोतर्फबाट विस्तृत अध्ययन प्रतिवेदन तयार गर्ने काम टुंगिन लागेको छ, तर प्राधिकरणले खाली जग्गा उपलब्ध गराउन सकेको छैन,' उनले भने, 'तत्काल जग्गा उपलब्ध भए डिपिआरअनुसार परियोजना निर्माणका लागि टेन्डर प्रक्रिया थालिहाल्ने थियौं ।'

हाल सिनामंगलमा रहेको कार्यालय भने विमानस्थल विस्तार गुरुयोजनाअनुसार भत्काएर 'रन वे' बनाउने प्राधिकरणको योजना छ । निगमले यसअघि भोगचलन गर्दै आएको केही जग्गाको संरचना भत्काएर प्राधिकरणले रनवे विस्तारको कामसमेत थालिसकेको छ । त्यसैले, हालको डिपो स्थानान्तरण गर्न नयाँ ठाउँमा छिटो नयाँ डिपो बनाउनुपर्ने बाध्यता निगमलाई छ ।

हालको डिपो रन वेबाट धेरै नजिक रहेकाले आकस्मिक दुर्घटना भएर इन्धन ट्यांकीमा क्षति भए ठुलो नोक्सानी हुने जोखिम छ । त्यसैले उक्त स्थानबाट डिपो स्थानान्तरण गर्न प्रधानमन्त्री केपी ओली र उद्योग बाणिज्य तथा आपूर्तिमन्त्री दामोदर भण्डारीले समेत निर्देशन दिइसकेका छन् ।

म्याद सकिन एक साता बाँकी, २२ ब्रोकरले पुऱ्याएनन् चुक्तापुँजी

चैतसम्म म्याद थप्ने धितोपत्र बोर्डको तयारी



मिलन विश्वकर्मा/नयाँ पत्रिका

तोकिएको समयसीमा सकिँदै गर्दा अझै २२ ब्रोकर कम्पनीले न्यूनतम चुक्तापुँजी पुऱ्याउन नसकेको देखिएको छ । सेयर ब्रोकर कम्पनीले न्यूनतम २० करोड रुपैयाँ चुक्तापुँजी कायम गर्नुपर्ने समय यही असार मसान्तसम्म छ । तर, नेपाल धितोपत्र बोर्डको २४ असारसम्मको तथ्यांकअनुसार २२ ब्रोकर कम्पनीले तोकिएको पुँजी पुऱ्याउन सकेका छैनन् ।

नेपाल धितोपत्र बोर्ड (सेबोन)ले भदौ ०७९ मा धितोपत्र व्यवसायी (धितोपत्र दलाल तथा धितोपत्र व्यापारी) नियमावली संशोधन गर्दै ब्रोकर कम्पनीलाई तीन वर्गमा विभाजन गर्दै फरक-फरक दरमा चुक्तापुँजीको न्यूनतम सीमा तोकेको थियो । त्यसमा सीमित कार्य गर्ने ब्रोकरलाई २० करोड, पूर्ण कार्य गर्ने ब्रोकरलाई ६० करोड र धितोपत्र व्यापार गर्ने ब्रोकरले एक अर्ब ५० करोड न्यूनतम चुक्तापुँजी पुऱ्याउनुपर्ने व्यवस्था गरिएको थियो । त्यसका लागि असार ०८२ सम्मको समय तोकिएको थियो ।

समय सकिन एक साता मात्रै बाँकी हुँदा २२ ब्रोकरले न्यूनतम २० करोड रुपैयाँ चुक्तापुँजी पनि कायम गर्न सकेका छैनन् । यो नीति पछि स्थापना भएका ४२ वटा नयाँ ब्रोकर कम्पनी भने तोकिएअनुसार चुक्तापुँजी पुऱ्याएर नै सञ्चालनमा आएका छन् । तर, यो नीति आउनुभन्दा अघि नै स्थापना भएका ५० मध्ये ३८ कम्पनीको भने चुक्तापुँजी बढाउनुपर्ने थियो । पुराना १२ ब्रोकर कम्पनीको चुक्तापुँजी नयाँ नीतिअनुसार नै कायम थियो । त्यसमा २४ असारसम्म १६ कम्पनीले तोकिएअनुसारको न्यूनतम चुक्तापुँजी कायम गरेका छन् । २२ कम्पनीले भने न्यूनतम २० करोड रुपैयाँको चुक्तापुँजी कायम गर्न बाँकी छ ।

त्यसमा एबिसी सेक्युरिटिज प्रालि, अरुण सेक्युरिटिज प्रालि, एसियन सेक्युरिटिज प्रालि, क्रिएटिभ सेक्युरिटिज प्रालि, क्रिस्टल कञ्चनजंघा सेक्युरिटिज प्रालि, दिव्य सेक्युरिटिज एन्ड स्टक हाउस प्रालि र इन्भेस्टमेन्ट म्यानेजमेन्ट नेपाल प्रालि रहेका छन् ।

यसैगरी, कालिका सेक्युरिटिज प्रालि, मल्ल एन्ड मल्ल स्टक ब्रोकिङ कम्पनी प्रालि, मार्केट सेक्युरिटिज एक्सचेन्ज कम्पनी प्रालि, मिडास स्टक ब्रोकिङ कम्पनी प्रालि, नेपाल स्टक हाउस प्रालि, ओपल सेक्युरिटिज इन्भेस्टमेन्ट प्रालि र प्रज्ञा सेक्युरिटिज प्राललिे पनि चुक्तापुँजी पुऱ्याएका छैनन् ।

यस्तै, सगरमाथा सेक्युरिटिज प्रालि, सेक्युरड सेक्युरिटिज लि, सेवा सेक्युरिटिज प्रालि, सिप्ला सेक्युरिटिज प्रालि, साउथ एसियन बुल्स प्रालि, श्री हर्ज सेक्युरिटिज प्रालि, सुमेरु सेक्युरिटिज प्रालि र स्वेता सेक्युरिटिज प्राललिे पनि तोकिएको न्यूनतम चुक्तापुँजी पुगेको छैन ।

३८ मध्ये १६ ब्रोकरले भने न्यूनतम चुक्तापुँजी कायम गरेका छन् । त्यसमा श्रीकृष्ण सेक्युरिटिज लिमिटेड, आर्यतारा इन्भेस्टमेन्ट एन्ड सेक्युरिटिज प्रालि, सुन्धारा सेक्युरिटिज लिमिटेड, अग्रवाल सेक्युरिटिज प्रालि, लिंच स्टक मार्केट लिमिटेड, कोहिनुर इन्भेष्टमेन्ट एन्ड सेक्युरिटिज प्रालि, नेपाल इन्भेस्टमेन्ट एन्ड सेक्युरिटिज ट्रेडिङ प्रालि र जेएफ सेक्युरिटिज कम्पनी प्रालि रहेका छन् ।

यस्तै, सिप्रवी सेक्युरिटिज प्रालि, भृकुटी स्टक ब्रोकिङ कम्पनी प्रालि, कुमारी सेक्युरिटिज सर्भिस प्रालि, नीव सेक्युरिटिज प्रालि, आशुतोष ब्रोकरेज एण्ड सेक्युरिटिज प्रालि, प्राइमो सेक्युरिटिज प्रालि, थ्राइभ ब्रोकेरेज हाउस प्रालि र त्रिशुल सेक्युरिटिज एन्ड इन्भेस्टमेन्ट लिमिटेडले पनि चुक्तापुँजी पुऱ्याएका छन् ।

बोर्डका प्रवक्ता निरञ्जय घिमिरेले २२ ब्रोकर कम्पनीको चुक्तापुँजी पुग्न बाँकी रहेको बताए । 'बोर्डमा आएको जानकारीअनुसार २२ ब्रोकरको न्यूनतम चुक्तापुँजी पुग्न बाँकी छ । यद्यपि, अझै एक साता समय बाँकी छ, त्यो अवधिमा उहाँहरूले तोकिएअनुसार चुक्तापुँजी पुऱ्याउनुहुन्छ भन्ने आशा छ,' उनले बताए ।

कारबाही नगरिने, चैतसम्म म्याद थप गर्ने तयारी

बोर्डले चुक्तापुँजी नपुऱ्याउने कम्पनीलाई कारबाही गर्नुको सट्टा म्याद थप गर्ने तयारी गरेको छ । धितोपत्र व्यवसायी (धितोपत्र दलाल तथा धितोपत्र व्यापारी) नियमावली संशोधन गरेर बाँकी ब्रोकर कम्पनीलाई चुक्तापुँजी बढाउन आगामी चैत मसान्तसम्मको समय दिने प्रस्ताव गरिएको छ । नियमावलीको उक्त संशोधित मस्यौदा बोर्डको सञ्चालक समितिले पारित गरेर स्वीकृतिका लागि अर्थ मन्त्रालय पेस गरिएको छ । अर्थ मन्त्रालयबाट भने संशोधित नियमावली स्वीकृति हुन बाँकी छ ।

नियमावलीमा चुक्तापुँजी नपुऱ्याउने कम्पनीलाई कारबाही गर्ने व्यवस्था गरिएको छैन । तर, चुक्तापुँजी पुऱ्याउन नसक्ने कम्पनी मर्जमा जान सक्ने व्यवस्था गरिएको थियो । यसका लागि म्याद सकिनुभन्दा ६ महिना नै बोर्डमा निवेदन दिन सक्ने भनिएको थियो । 'न्यूनतम पुँजी पुऱ्याउन सक्ने अवस्था नभएमा तोकिएको समय समाप्त हुनुभन्दा कम्तीमा ६ महिनाअगावै प्राप्ति गर्ने वा गाभिने गरी बोर्डसमक्ष निवेदन दिन सक्नेछ,' नियमावलीमाभ भनिएको छ । योअनुसार गत पुस मसान्तभित्र चुक्तापुँजी नपुऱ्याउने कम्पनी मर्जर प्रक्रियामा जान सक्ने थिए । तर, मर्जर प्रक्रियामा पनि उनीहरू गएनन् । यता बोर्डले भने चैतसम्म समय दिने तयारी गरेको छ ।

उदयपुरका ३६२ गाईभैँसीमा लम्पी स्किनको संक्रमण

असार तेस्रो हप्तासम्म तीन सय ६२ गाईभैँसीमा संक्रमण पुष्टि, गर्मी बढिरहेकाले थप बढ्ने अनुमान

उदयपुरमा **विदुर कटुवाल**

उदयपुरका आठवटै स्थानीय तहमा घरपालुवा जनावरमध्ये गाई, गोरु, भैँसी र राँगामा लम्पी स्किन रोगको संक्रमण देखापरेको छ । जिल्लास्थित भेटेरिनरी अस्पताल तथा पशुसेवाविज्ञ केन्द्र गाईघाटका प्रमुख सुकराज लिम्बूका अनुसार गर्मीयाम सुरुभएसँगै थोरै देखिएको लम्पी स्किन अहिले बढ्दै गएको छ ।

उनका अनुसार क्याप्रीपक्स भाइरसको संक्रमणबाट विशेषगरी, गाईमा लाग्ने यो लम्पी स्किन रोग भैँसीमा पनि देखिन थालेको हो । सुरुमा गाईभैँसीमा ज्वरो आउने, झोक्राउने, दानापानी कम खाने, दुध उत्पादन घट्ने, छालामा एकदेखि पाँच सेन्टिमिटरको साह्रो गोलो गिर्खा देखिने, ओठ, मुख र नाकभित्र घाउ देखिने, आँखा र नाकबाट अत्यधिक मात्रामा तरल पदार्थ आउने, च्याल काढ्नेजस्ता लक्षण देखिने र अन्त्यमा मृत्यु हुने गरेको उनले बताए ।

लिम्बूले असार सुरु भएदेखि तेस्रो हप्तासम्म आइपुग्दा उदयपुरमा तीन सय ६२ वटा गाईभैँसीमा लम्पी स्किनको संक्रमण पुष्टि भएको जानकारी दिए ।



उनले भने, 'संक्रमण उदयपुरको त्रियुगा नगरपालिकामा ९७, चौदन्डीगढी नगरपालिकामा २०, बेलका नगरपालिकामा ८, कटारी नगरपालिकामा १०७, उदयपुरगढी गाउँपालिकामा ७, रौतामाई गाउँपालिकामा ४१, लिम्चुडबुङ गाउँपाकिलामा ३०, ताप्ली गाउँपाकिलामा ५२ वटा पशुमा देखापरेको छ । त्यस्तै, लम्पी स्किनबाट रौतामाई गाउँपाकिलामा एक दुधालु गाई मरेको छ ।

उनले विशेषगरी यो रोग गाईगोरुमा बढी देखापरेको बताए । उनले भने, 'असारको पहिलो हप्ता एकसय एकवटा पशुमा देखिएको लम्पी स्किन दोस्रो हप्ता दुई सय ६१ पशुमा देखिएको थियो । अब गर्मी बढिरहेकाले अझ बढ्न सक्ने अनुमान लगाउन सकिन्छ ।' लम्पी स्किन रोग लाग्न र फैलन नदिने सबैभन्दा प्रभावकारी विधि खोप हो । जिल्लामा हालसम्म १५ हजार ४३० वटा गाईगोरु, भैँसीरागालाई लम्पी स्किनविरुद्धको खोप पनि लगाइएको जानकारी दिए । उनले भने, 'खोप पनि लगाउने कार्यक्रम जारी छ ।'

भेटेरिनरी अस्पताल तथा पशुसेवाविज्ञ केन्द्र गाईघाटका प्रमुख लिम्बूका अनुसार उदयपुरमा ८६ हजार ९ सय ६४ गाई, ३९ हजार ४ सय तीन भैँसी, ८०८ भेडा, ३ लाख ४६ हजार ८२९ बाख्रा, ८७ हजार ७ सय १० बंगुर, ७ लाख ६५ हजार ७५० कुखुरा र १६ हजार ५१० हाँस रहेको तथ्यांक छ । उदयपुरमा लम्पी स्किन संक्रमण फैलिन नदिन पशुपालक कृषकलाई सतर्क रहन र पशुमा लक्षण देखिएमा तत्काल जानकारी स्थानीय तहमा रहेको पशु कार्यालयलाई गराउन अनुरोध गरेको जानकारी दिइएको छ ।

उद्योग परिसंघको अध्यक्षमा पाण्डे सर्वसम्मत

योगदान दिने विभिन्न संस्था तथा कम्पनी सम्मानित

काठमाडौं/ नेपाल उद्योग परिसंघ (सिएनआई)को अध्यक्षमा वीरेन्द्रराज पाण्डे चयन भएका छन् । उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री दामोदर भण्डारीको उपस्थितिमा बुधबार राजधानीमा सम्पन्न परिसंघको २२औँ वार्षिक साधारणसभाले पाण्डेलाई अध्यक्ष चयन गरेको हो । यसअघि वरिष्ठ उपाध्यक्ष रहेका पाण्डे परिसंघको विधानअनुरूप स्वतः अध्यक्षमा चयन भएका हुन् । एक दशकदेखि परिसंघको राष्ट्रिय परिषद् सदस्यसँगै विभिन्न समितिमा रहेर काम गरिसकेका उनी ०७५ देखि परिसंघको उपाध्यक्ष थिए । परिसंघका निवर्तमान अध्यक्ष राजेशकुमार अग्रवालले नवनिर्वाचित अध्यक्ष वीरेन्द्रराज पाण्डेलाई शपथग्रहण गराउँदै पदभार हस्तान्तरण गरे ।

त्यस्तै, वरिष्ठ उपाध्यक्षमा निर्वाण चौधरी चयन भएका छन् उपाध्यक्षहरूमा राजबहादुर शाह, हेमराज ढकाल, रोहित गुप्ता, अमित मोर, भीम घिमिरे र गोकुल भण्डारी सर्वसम्मत निर्वाचित भए । यसैगरी, परिसंघको स्थायी आमन्त्रित सदस्यमा सन्दीप शारडा, विदुषी राणा



र प्राची अग्रवाललाई मनोनीत गरिएको परिसंघले जनाएको छ । त्यसअघि परिसंघ अध्यक्षको पदभार ग्रहण गर्दै अध्यक्ष पाण्डेले परिसंघले विगतदेखि हासिल गर्दै आएका उपलब्धिलाई संस्थागत गर्दै थप नयाँ उचाइमा पुऱ्याउन सक्रिय रूपमा लाग्ने बताए । उनले निवर्तमान अध्यक्ष राजेशकुमार अग्रवाललाई सफल कार्यकालका लागि बधाई दिए । नवनिर्वाचत अध्यक्ष पाण्डेले उपाध्यक्ष एवं राष्ट्रिय परिषद् सदस्यहरूलाई शपथग्रहण गराए ।

साधारणसभाबाट परिसंघको राष्ट्रिय परिषद् सदस्यमा गोपाल कुमार अग्रवाल, मिलनबाबु मल्ल, परासी अग्रवाल, राहुल कुमार अग्रवाल, वरुणकुमार तोदी, दीपककुमार अग्रवाल र रोहित गुप्ता निर्वाचित भएका छन् ।


त्यस्तै, अन्य परिषद् सदस्यमा हितेश गोल्छा, अमित मोर, आश्रयता कार्की, निर्वाणकुमार चौधरी, आकाश गोल्छा, विकास दुगड, विक्रम सिंघानिया, अमितकुमार बेगानी, गौरव शारडा, दिलीप अग्रवाल, यश अग्रवाल, सन्दीप शारडा, राजीव गुप्ता रहेका छन् । यसैगरी, सञ्जीव न्यौपाने, हेमराज ढकाल, अनुराग गोयल, ध्रुव रिजाल, सञ्जय गोल्छा, वर्षा श्रेष्ठ, राजबहादुर शाह, विदुषी राणा, लक्ष्मीप्रसाद सुवेदी, आशिष जजोडिया, पम्फा धमला, मनीषकुमार खेम्का, आशिष गर्ग, सेवा पाठक, गोकुल भण्डारी, वसन्तबहादुर चन्द, चन्द्र टन्डन पनि परिसंघको राष्ट्रिय परिषद् सदस्यमा निर्वाचित भएका हुन् ।

यसअघि मंगलबार आयोजित साधारणसभा उद्घाटन समारोहमा 'सिएनआई प्रेसिडेन्ट अवार्ड'बाट परिसंघका पूर्वअध्यक्ष एवं प्रतिष्ठित उद्योगी सतीशसकुमार मोर सम्मानित गरिएको थियो सो अवसरमा परिसंघबाट निर्यातमा योगदान गर्ने विभिन्न संस्था तथा कम्पनीलाई अवार्ड प्रदान गरिएको थियो ।

यसैगरी, सबैभन्दा सक्रिय राष्ट्रिय परिषद् सदस्य अवार्ड गोपाल अग्रवाल, परिसंघअन्तर्गतका समिति, परिषद्, मञ्चमध्येबाट सबैभन्दा सक्रिय समिति अवार्ड सूचना प्रविधि परिषद्ले प्राप्त गरेका छन् । यसैगरी, सबैभन्दा सक्रिय प्रदेश परिसंघको अवार्ड बागमती उद्योग परिसंघ र सर्वोत्कृष्ट कर्मचारीको अवार्ड निर्देशक हिमाल पौडेलले प्राप्त गरे । सम्मानित व्यक्ति तथा संस्थाहरूलाई मन्त्री भण्डारीले अवार्ड प्रदान गरेका थिए ।

'ग्लोबल आइएमई समुन्नत योजना-२' मा आवेदन दिने समय थप

काठमाडौं/ ग्लोबल आइएमई क्यापिटलले २२ असारदेखि बिक्रीमा ल्याएको 'ग्लोबल आइएमई समुन्नत योजना-२'को एकाइमा आवेदन दिने समय थप भएको छ । उक्त योजनामा यसअघि असार २५ गतेसम्म आवेदन दिन पाइने भनिएको थियो । तर पर्याप्त आवेदन नपरेपछि समय थपिएको क्यापिटलले जनाएको छ । जसअनुसार लगानीकर्ताले अब ४ साउनसम्म एकाइ खरिद गर्न सक्नेछन् । ग्लोबल आइएमई म्युचुअल फन्डअन्तर्गत सञ्चालित यस योजनाको कोष प्रवर्द्धकमा ग्लोबल आइएमई बैंक र योजना व्यवस्थापक तथा



डिपोजिटरीमा ग्लोबल आइएमई क्यापिटल रहेका छन् ।

यस योजनाको आकार एक अर्ब २० करोड रुपैयाँ छ । जसअनुसार प्रतिएकाइ १० अंकित दरमा १२ करोड एकाइ निष्कासनमा आएको छ । कुल निष्कासनमध्ये १८ लाख एकाइ योजना व्यवस्थापकलाई र एक करोड ६२ लाख एकाइ कोष प्रवर्द्धक ग्लोबल आइएमई क्यापिटललाई सुरक्षित गरी बाँकी रहेको १० करोड २० लाख एकाइ सर्वसाधारणका लागि बिक्री गरिने बताइएको छ । यसमा लगानीकर्ताले न्यूनतम १०० इकाइदेखि अधिकतम एक करोड २० लाख एकाइसम्म आवेदन दिन पाउनेछन् ।

क्यान महासंघ र एनसिसीबिच सम्झौता

काठमाडौं/ नेपालको डिजिटल अर्थतन्त्रलाई सुदृढ पार्ने र सूचना प्रविधि (आइटी) क्षेत्रको प्रवर्द्धन तथा विकास गर्न कम्प्युटर एसोसिएसन नेपाल महासंघ (क्यान) र नेपाल चेम्बर अफ कमर्स (एनसिसी)को सूचना प्रविधि समितिबिच सम्झौता भएको छ । एनसिसीका अध्यक्ष कमलेशकुमार अग्रवाल र क्यानकी अध्यक्ष सुनैना घिमिरे पाण्डेले सम्झौतापत्रमा हस्ताक्षर गरे । यो साझेदारीले वकालत, लगानी, नेटवर्किङ र संयुक्त पहलमार्फत आइटी उद्योगको विकासलाई नयाँ उचाइमा पुऱ्याउने अपेक्षा गरिएको छ ।

यस सम्झौताको मुख्य लक्ष्य नेपालको आइटी उद्योगमा दिगो र सहयोगात्मक इकोसिस्टमलाई बढावा दिनुरहेको छ । जसअन्तर्गत दुवै संस्थाले सरकारसँग रचनात्मक नीतिगत संवादमा संलग्न भई नेपालको डिजिटल रूपान्तरणलाई बढावा दिनका लागि संयुक्त आइटी नीति सिफारिस, नियम र डिजिटल ढाँचा पेस गर्ने सम्झौतापत्रमा उल्लेख छ ।

निफ्राको हरित ऊर्जा ऋणपत्र नेप्सेमा सूचीकृत



काठमाडौं/ नेपाल स्टक एक्सचेन्ज (नेप्से) मा नेपाल इन्फ्रास्ट्रक्चर बैंक (निफ्रा)को हरित ऊर्जा ऋणपत्र सूचीकृत भएको छ । निफ्राले प्रतिकित्ता एक हजार रुपैयाँका दरले निष्कासन गरेको ५० लाख कित्ता ऋणपत्र बुधबार नेप्सेमा सूचीकृत भएको हो । सूचीकरण सम्झौतामा नेप्सेका प्रमुख कार्यकारी अधिकृत (सिइओ) चुणामणि चापागाईं र निफ्राका सिइओ कृष्ण बहादुर अधिकारीले हस्ताक्षर गरे । सूचीकृत ऋणपत्र बिहीबारदेखि दोस्रो बजारमा कारोबार आउनेछ ।

निफ्राले सात वर्षे अवधिको वार्षिक ६ प्रतिशत ब्याजदर भएको 'निफ्रा हरित उर्जा ऋणपत्र ६ प्रतिशत ०८८/८९' ऋणपत्र निष्कासन गरेको थियो । नेपालको पहिलो हरित ऋणपत्रले मुलुकमा हरित लगानी बजारको विकास गर्न महत्वपूर्ण कोषेढुङ्गा स्थापित हुने बताइएको छ । बैंकले यो ऋणपत्र निष्काशनबाट संकलित रकम वातावरणीय सन्तुलन कायम गर्न सहयोग पुऱ्याउने नवीकरणीय उर्जा उत्पादन गर्ने परियोजनामा लगानी गर्नेछ । यसरी दिगो पूर्वाधार परियोजनामा वित्तीय लगानी सहजीकरण हुँदा नेपालको समग्र हरित पूर्वाधारको विकासमा ठूलो सहयोग पुग्ने अपेक्षा बैंकले लिएको छ ।

टेलिकमको मनसुन अफर सार्वजनिक



काठमाडौं/ नेपाल टेलिकमले मनसुन अफर सार्वजनिक गरेको छ । कम्पनीले बिहीबारदेखि लागू हुने गरी उक्त अफर ल्याएको हो । अफरअन्तर्गत विभिन्न आकर्षक प्याकेज तथा सुविधा उपलब्ध गराइने कम्पनीको भनाइ छ ।

कम्पनीले विशेषगरी शारीरिक तथा मानसिक रूपमा फरक क्षमता भएका व्यक्तिका लागि बोनससहितको प्याकेज ल्याएको छ । यसअन्तर्गत सजिलो अनलिमिटेड ६९९ र ७९९ रुपैयाँको प्याकेज लिँदा ३० छुटमा पाइनेछ । यो सेवा ग्राहकले आफ्नो मोबाइलका साथै टेलिकमको मोबाइल एपबाट पनि खरिद गर्न सक्नेछन् ।

इटहरीको विद्यालयलाई मञ्जुश्री फाइनान्सको सहयोग



काठमाडौं/ मञ्जुश्री फाइनान्सको इटहरी शाखाले इटहरी- ७, बज्रास्थित लक्ष्मी माध्यमिक विद्यालयलाई विभिन्न शैक्षिक तथा आवश्यक सामग्री सहयोग गरेको छ । फाइनान्सले आफ्नो सामाजिक दायित्वअन्तर्गत उक्त विद्यालयलाई २० थान पंखा, १३ थान डस्टबिन, १० थान बाल्टिन, आठ कार्टुन सेनेटरी प्याड, एक थान वाटर डिस्पेन्सर सहयोग गरेको छ । त्यसका साथै एक थान प्रिन्टर तथा स्क्यानर गरी जम्मा एक लाख ३० हजार रुपैयाँबराबरको सामग्री विद्यालयलाई दिएको हो । प्राथमिकदेखि माध्यमिक तहसम्म विद्यार्थीलाई शिक्षा दिँदै आइरहेको सो विद्यालयमा साढे तीन सय विद्यार्थी छन् ।

फाइनान्सले अन्य शाखामार्फत पनि सामाजिक कार्यमा सहयोग गर्दै आएको छ । हालसम्म २२ अर्ब निक्षेप संकलन गरी करिब १८.२ अर्ब कर्जा परिचालन गरेको छ । हालसम्म फाइनान्सले २७ वटा शाखा र एक विस्तारित काउन्टरमार्फत ग्राहकलाई सेवा दिइरहेको छ ।

मोटरसाइकल हरायो

मिति २०८२/३/२१ गते का.जि. का.म.न.पा.-८ पशुपति शवदाहगृह अगाडी पार्किङ बाट मेरो निम्न व्यहोरा भएको कालो निलो रंगको 150 CC को पल्सर मोटरसाइकल हराएको हुँदा देख्नु हुने महानुभावले नजिकको प्रहरी कार्यालय वा निम्न ठेगानामा खबर गरिदिनु होला ।

नाम : जगत बुढा
मो.सा.नं.: बा.प्र. ०२-०५६ प ९७८५
चेसिस नं.: **MD2A11CX65PL66050**
इन्जिन नं.: **DHXPSL57194**
सम्पर्क नं.: **9849366821**

सर्टिफिकेट हरायो

मिति २०८२/१/७ गते सातदोबाटो बाट जावलाखेल सम्म जाँदा नेपाल नर्सिङ काउन्सिलबाट जारी भएको मेरो निम्न व्यहोरा भएको सर्टिफिकेट (प्रमाणपत्र) हराएको हुँदा पाउनुहुने महानुभावले नजिकैको प्रहरी चौकी वा निम्न ठेगानामा खबर गरिदिनुहुन अनुरोध गर्दछु ।

Name: Sujita Maharjan
Reg.No : 32348
Contact : 9851121266

बोलपत्रद्वारा गोलिया काठ लिलाम बिक्री वितरण सम्बन्धि सूचना

प्रथम पटक प्रकाशित मिति : २०८२/०१/२८

यस जलदेवी **सा.व.उ.स. दुधौली न.पा.१२, सिन्धुली**बाट आ.व. २०८१/०८२ मा उत्पादन भई घाटगद्दि गरी राखिएको विभिन्न **लटको साल तथा अन्य** जातको गोलिया थान ३१४ को ३४२९.५४ क्यू.फि गोलिया काठ खयर थान ८८९ को ८९४.२० हर्टउड र दाउरा ५.०० चट्टा व्यापारिक प्रयोजनको लागि बिक्री वितरण गर्नको लागि यो सूचना प्रकाशित गरिएको छ । काठ दाउरा जे, जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा लैजाने गरी वन नियमावली २०७९ को नियम १२८ बमोजिम योग्य उद्योगहरूले यो सूचना प्रकाशित भएको मितिले २१ दिन भित्र बोलपत्र खरिद गरी २२ औं दिनको मध्यान्ह १२:०० बजे भित्र बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ । विस्तृत व्यहोराको सूचना यस समूहको सूचना पाटीमा टाँस गरिएको छ ।

श्री जलदेवी सा.व.उ.स., दुधौली न.पा.- १२, सिन्धुली

एपेक्स मकालु हाइड्रोपावर लिमिटेड
विशेष साधारण सभा सम्बन्धी सूचना

(प्रथम पटक प्रकाशित मिति : २०८२/०३/२६)

आदरणीय शेयरधनी महानुभावहरू,

मिति २०८२/०३/२५ गते बुधवार बिहान ११:३० बजे बसेको सञ्चालक समितिको बैठकको निर्णय बमोजिम यस कम्पनीको विशेष साधारण सभा निम्न मिति, समय र स्थानमा निम्न लिखित विषय उपर छलफल गरी निर्णय गर्न बस्ने भएको हुँदा शेयरधनी स्वयं उपस्थित हुन वा रीतपूर्वक प्रतिनिधी मुकरर गरी पठाई दिनु हुन सबै शेयरधनी महानुभावहरूको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

साधारण सभा हुने मिति, समय र स्थान
मिति : २०८२/०४/०९ गते, शुक्रबार अर्थात जुलाई २५, २०२५ ।
समय : २:०० बजे, दिउँसो ।
स्थान : कम्पनीको रजिष्टर्ड कार्यालय ।

छलफलका विषयहरू
१. प्रबन्धपत्रको दफा ६ को (क) (ख) (ग) (घ) संशोधन गर्ने सम्बन्धमा ।
२. जारी पूँजीको २० प्रतिशत बराबरको साधारण शेयरको प्रारम्भिक सार्वजनिक निष्काशन गर्ने सम्बन्धमा ।
३. सार्वजनिक निष्काशनबाट प्राप्त रकमको खर्च प्रयोजन सम्बन्धमा ।
४. प्रबन्धपत्र तथा नियमावली संशोधन स्वीकृत गर्ने, नियामक निकायहरूबाट थपघट/फेदबदल/परिमार्जन गर्न निर्देशन वा सुझाव भएमा सोही बमोजिम गर्न वा अभिलेख गराउँदा सामान्य केही हेरफेर गर्न, संशोधन सम्बन्धी कागजात प्रमाणित गर्न, दाखिला गर्न र अभिलेख गराई लिन सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने सम्बन्धमा ।
५. विविध

सञ्चालक समितिको आज्ञाले,
कम्पनी सचिव

गौरीशंकर पावर डेभलपमेन्ट लिमिटेड
विशेष साधारण सभा सम्बन्धी सूचना

(प्रथम पटक प्रकाशित मिति २०८२/०३/२६)

आदरणीय शेयरधनी महानुभावहरू,

मिति २०८२/०३/२५ गते बुधवार दिउसो ३:३० बजे बसेको सञ्चालक समितिको बैठकको निर्णय बमोजिम यस कम्पनीको विशेष साधारण सभा निम्न मिति, समय र स्थानमा निम्न लिखित विषय उपर छलफल गरी निर्णय गर्न बस्ने भएको हुँदा शेयरधनी स्वयं उपस्थित हुन वा रीतपूर्वक प्रतिनिधी मुकरर गरी पठाई दिनु हुन सबै शेयरधनी महानुभावहरूको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

साधारण सभा हुने मिति, समय र स्थान
मिति : २०८२/०४/०९ गते, शुक्रबार अर्थात जुलाई २५, २०२५ ।
समय : ११:०० बजे, बिहान ।
स्थान : कम्पनीको रजिष्टर्ड कार्यालय ।

छलफलका विषयहरू
१. प्रबन्धपत्रको दफा ६ को (क) (ख) (ग) (घ) संशोधन गर्ने सम्बन्धमा ।
२. जारी पूँजीको २० प्रतिशत बराबरको साधारण शेयरको प्रारम्भिक सार्वजनिक निष्काशन गर्ने सम्बन्धमा ।
३. सार्वजनिक निष्काशनबाट प्राप्त रकमको खर्च प्रयोजन सम्बन्धमा ।
४. प्रबन्धपत्र तथा नियमावली संशोधन स्वीकृत गर्ने, नियामक निकायहरूबाट थपघट/फेदबदल/परिमार्जन गर्न निर्देशन वा सुझाव प्राप्त भएमा सोही बमोजिम गर्न वा अभिलेख गराउँदा केही सामान्य हेरफेर गर्न, संशोधन सम्बन्धी कागजात प्रमाणित गर्न, दाखिला गर्न र अभिलेख गराई लिन सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने सम्बन्धमा ।
५. विविध

सञ्चालक समितिको आज्ञाले,
कम्पनी सचिव

हार्दिक श्रद्धाञ्जली



जन्म
वि.स.: १९९४/१२/०६

स्वर्गारोहण
वि.स.: २०८२/०३/१४

स्व. बेलकुमारी अर्याल

यती पेन्ट्स नेपाल प्रा. लि. का शेयरधनी **बेलकुमारी अर्याल**को ८८ वर्षको उमेरमा असामयिक निधन भएकोमा गहिरो दुःख् प्रकट गर्दै आज १३औं दिनको पुण्यतिथिमा दिवंगत आत्माको चीरशान्तिको लागी ईश्वरसँग कामना गर्दै, वँहा प्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौं । साथै यस दुःखद घडीमा शोकाकुल परिवारजनप्रति हार्दिक समवेदना प्रकट गर्दछौं ।

झलक बहादुर के.सी. — **अध्यक्ष**
श्रीहरि मास्के — **महा प्रबन्धक**
तथा
यती पेन्ट्स नेपाल प्रा. लि. परिवार ।

भावपूर्ण श्रद्धाञ्जली



जन्मः वि.सं. २००५/१२/१४

स्व. रामप्रसाद घिमिरे

स्वर्गारोहणः वि.सं. २०८२/०३/१४

यस महासंघका पूर्व कार्य समिति सदस्य एवं डि. एम कन्स्ट्रक्शन नवलपुरका प्रोपाइटर श्री माधव घिमिरेज्यूका पूजनीय पिता रामप्रसाद घिमिरेको स्वर्गारोहण भएको आज १३औँ दिनको पुण्यतिथिमा दिवंगत आत्माको चिरशान्तिको कामना सहित भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोक सन्तप्त परिवारजनमा गहिरो समवेदना प्रकट गर्दछौं ।

रवि सिंह
अध्यक्ष
एवं
नेपाल निर्माण व्यवसायी महासंघ परिवार
अनामनगर, काठमाडौं

गैर बैंकिङ्ग सम्पति जायजेथाहरु बिक्री गर्ने बारे ३ दिने जरुरी सूचना

(प्रकाशित मितिः २०८२/०३/२६)

यस संस्थाको नाउँमा दर्ता कायम भएको तपसिलमा उल्लेखित गैर बैंकिङ्ग सम्पत्ति जायजेथाहरु जग्गा जहाँ जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्थामा बिक्री गरिने भएकोले सो खरीद गरिलिन इच्छुक महानुभावहरुले यस संस्थामा सम्पर्क राखि तपशिलमा उल्लेखित जग्गा/घर खरिद गरि लिन चाहेको मूल्य स्पष्टसँग उल्लेख गरी रितपूर्वक सिलबन्दी बोलपत्र संस्थाको केन्द्रिय कार्यालय कमलादी, काठमाण्डौ/शाखा कार्यालय अत्तरिया, कैलालीमा यो सूचना प्रकाशित मितिले ३ दिनभित्र पेश गर्नहुन सूचित गरिन्छ ।

तपसिल

क्र.सं.	बिक्री गरिने अचल सम्पत्ति जग्गाको विवरणः
१.	कैलाली जिल्ला मालाखेती वडा नं -०३ स्थित कित्ता नं ९१०,१२४५,१३१० र ७६० को क्षेत्रफल क्रमशः १६९.३०, ३१३.२१, १७८०.०० र ४३२.०० (बर्ग मी.) को जग्गा तथा सो जग्गाले चर्चेको लिगलगापात समेत ।

शिलबन्दी बोलपत्र सम्बन्धि शर्तहरुः

१. शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको मितिले ३ दिनभित्र संस्थाको केन्द्रिय कार्यालय कमलादी, काठमाण्डौ/शाखा अत्तरिया, कैलालीमा प्राप्त भई सक्नु पर्नेछ । सो बोलपत्र ४ औं दिनमा दिनको २:०० बजे, सो दिन विदा परे सो को भोलिपल्ट शाखा कार्यालय अत्तरिया, कैलालीमा खोलिने छ ।
२. बोलपत्र फाराम यस संस्थामा कार्यालय समय भित्र प्राप्त गर्न सकिनेछ ।
३. बोलपत्रको खाम बाहिर घर/जग्गा लिलाम विक्रीको गोप्य शिलबन्दी बोलपत्र भनी स्पष्ट रुपमा लेखिएको हुनुपर्नेछ ।
४. खरिद गरि लिन चाहेको उल्लेखित सम्पत्ति के कति रकममा खरिद गरि लिन चाहेको हो सो रकम अंक तथा अक्षरमा स्पष्ट लेखिएको हुनुपर्नेछ । आफुले कबुल गरेको रकमको घटीमा १० प्रतिशतका दरले धरौटी स्वरुप संस्थाको धरौटी खाता वा संस्थाको नामको प्रभु बैक लि. कोटेश्वर **शाखाको खाता नं. ०१७००१७८१२४०००२६** मा जम्मा गरि सो को भौचर बोलपत्रको साथमा संलग्न गरेको हुनुपर्नेछ ।
५. बोलपत्रवालाको नागरिकता/परिचयपत्र/दर्ता प्रमाणपत्रको प्रतिलिपी बोलपत्र साथ समावेश गर्नु पर्नेछ ।
६. बोलपत्र खोलिने दिन समय भित्र बोलपत्र दाता स्वंय वा निजको प्रतिनिधि उपस्थित हुन यसै सुचनाद्वारा जानकारी गराइन्छ । निजहरुको उपस्थित नभएपनी बोलपत्र खोल्न कुनै बाधा पर्ने छैन ।
७. म्याद नाघि वा रित नपुगी आएका तथा शर्त राखि दिएको बोलपत्र उपर कुनै कार्वाही गरिने छैन ।
८. बोलपत्र स्वीकृत भएमा सम्बन्धित बोलपत्र दाताले सो को सूचना गरेको मितिले ७ दिनभित्र धरौटी बाहेकका बाँकी कबुल रकम संस्थामा जम्मा गर्नु पर्नेछ । अन्यथा धरौटी वापत जम्मा गरिएको रकम जफत हुनेछ ।
९. बोलपत्र स्वीकार गर्ने नगर्ने सम्पूर्ण अधिकार संस्थामा सुरक्षित रहनेछ ।
१०. रजिष्ट्रेशन गर्ने कार्यालयमा खरिदकर्तालाई लाग्ने सरकारी दस्तुर र अन्य रकम कलम खरिदकर्ता आफैले व्यहोर्नु पर्नेछ ।
११. अन्य जानकारीका लागि संस्थाको कार्यालयमा कार्यालय समयभित्र सम्पर्क राखि हेर्न बुझ्न सकिनेछ ।

RELIANCE FINANCE LIMITED
रिलायन्स फाइनान्स लिमिटेड
(नेपाल राष्ट्र बैंकबाट "ग" वर्गको इजाजतपत्र प्राप्त राष्ट्रिय स्तरको वित्तीय संस्था)
Head Office: Reliance Bhawan,Kamaladi, Kathmandu,
Tel: +977–1–5361041, 5323117, 5903698 **Branch : Attariya, Kailali, Phone : 091-550033, 091-550084**
Email: info@reliancenepal.com.np, Web: www.reliancenepal.com.np
वित्तीय सेवाको अर्को परिभाषा

सांग्रिला डेभलपमेन्ट बैंक लि.
Shangri-la Development Bank Ltd.
(नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजत प्राप्त संस्था)
केन्द्रीय कार्यालय : बालुवाटार, काठमाण्डौ
फोनः ०१-४५२१८६१/६२/६३

कर्जा चुक्ता नगर्ने ऋणीको धितोमा रहेको चल/अचल सम्पति लिलाम बिक्री गर्न गोप्य शिलबन्दी बोलपत्र आह्वान गरिएको सम्बन्धी ७ दिने सूचना

सूचना प्रकाशित मिति : २०८२/०३/२६ गतेको नयाँ पत्रिका राष्ट्रिय दैनिक
बोलपत्र पेश गर्ने अन्तिम मिति २०८२/०३/३२ गते कार्यालय समय भित्र

यस डेभलपमेन्ट बैंकबाट कर्जा सुरक्षण वापत तपसिलमा उल्लेखित सम्पत्ति धितो जमानतमा राखी तपसिलको ऋणीले यस डेभलपमेन्ट बैंकको निम्न शाखा कार्यालयबाट विविध कर्जा शीर्षक अन्तर्गत लिई उपभोग गर्ने तपाई ऋणीले यस बैंक सँग गर्नु भएको कर्जाको शर्त सम्झौता बमोजिम समय-समयमा यस बैंकलाई बुझाउनु पर्ने साँवा, व्याज, हर्जाना र अन्य दै-दस्तुर समेत चुक्ता भुक्तान गर्न पटक-पटक लिखित तथा मौखिक तरताकेता गर्दा समेत बुझाउनु पर्ने रकम नबुझाई बैंकसँग गरेको ऋण तथा कर्जा सम्बन्धी शर्त बन्देजहरु उल्लंघन गर्नु भएकोले र पत्र-पत्रिका द्वारा सार्वजनिक सूचना प्रकाशन गर्दा समेत कर्जा चुक्ता नगरेकोले कर्जाको सम्पूर्ण साँवा, व्याज, हर्जाना लगायतका अन्य दै-दस्तुर समेत तिरी बुझाई कर्जा चुक्ता भुक्तान गर्न गराउनको लागि सम्बन्धित ऋणी, धितो सुरक्षणधनी तथा जमानत कर्ता समेतलाई यसै सूचनाद्वारा पुनः सूचित गर्नुका साथै गोप्य शिलबन्दी बोलपत्रद्वारा चल/अचल सम्पत्ति लिलाम बिक्री गर्नको लागि ७ **(सात) दिने** सूचना प्रकाशित गरि आह्वान गरिएको छ । तोकिएको समय भित्र कर्जा चुक्ता नभएमा उल्लेखित चल/अचल सम्पत्ति जहाँ जस्तो अवस्थामा छ सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन तथा अन्य प्रचलित कानुनले दिएको अधिकार प्रयोग गरी गोप्य शिलबन्दी बोलपत्रको माध्यमबाट धितो लिलाम बिक्री (दाखिल खारेज नामसारी प्रयोजनको लागि मात्र) गरि नामसारी गरिने भएकोले सो अवधिमा कार्यालय समय भित्र आइपुग्ने गरी निम्न शर्तहरुको अधिनमा रही शिलबन्दी बोलपत्रपेश गर्नुहुन आह्वान गरिन्छ । प्राप्त बोलपत्रहरु बोलपत्र पेश गर्ने अन्तिम दिनको भोलीपल्ट वा सो दिन बिदा परेमा त्यसको लगत्तै कार्यालय खुलेको दिनमा बिहानको ११:०० बजे खोलिने हुँदा बोलपत्रदाता वा आधिकारीक प्रतिनिधि उपस्थित हुन समेत जानकारी गराइन्छ । तर बोलपत्रदाताको अनुपस्थितीले बोलपत्र खोल्न बाधा पुग्ने छैन । उक्त म्याद भित्र समेत कर्जा चुक्ता नभएमा ऋणीको नाम नेपाल राष्ट्र बैंकको निर्देशिका बमोजिम कर्जा सूचना केन्द्रको कालो सूचीमा अन्य कुनै सूचना बिनानै समावेश गरिने समेत सम्बन्धित सबैलाई जानकारी गराइन्छ । कुनै कारणवश तपसिलमा उल्लेखित सम्पत्ति लिलाम बिक्री नभएमा सो सम्पत्ति अन्य व्यवस्था गरी बेचबिखन गर्न सक्ने वा प्रचलित कानून बमोजिम बैंक आफैले सकार गरी लिन सक्ने र उक्त सम्पत्तिबाट बैंकको सम्पूर्ण बक्यौता असूल उपर नभएमा प्रचलित कानून बमोजिम ऋणीको अन्य चलअचल सम्पत्तिबाट समेत असूल उपर गरी लिइने व्यहोरा समेत जानकारी गराईन्छ ।

तपसिल

ऋणी/अ.प्रा. व्यक्ति/जमानीकर्ताको विवरण	जमानीकर्ताको विवरण
१. ऋणीः केयर एण्ड क्योर फर्मास्यूटिकल्स प्रा.लि. दर्ता गर्ने कार्यालयः कम्पनी रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वर, काठमाण्डौं दर्ता नं.: ८५५८६/०६८/०६९, दर्ता मिति : ०६८/०४/३० पान नं. ६००३७९६८७ ठेगाना : का.म.न.पा.-१७, काठमाण्डौ **ऋणी/संचालक अध्यक्ष/अ.प्रा. व्यक्ति/ जमानीकर्ताको नाम : मनोज शर्मा न्यौपाने** बाबुको नाम : पशुपति नाथ शर्मा न्यौपाने बाजेको नाम : ईन्द्र विलास न्यौपाने ठेगाना : दमौली-०६, तनहुँ, हालः ललितपुर-१३, ललितपुर ना.प्र.नं. : ३५५१, जारी मिति : २०४१/०२/२२ जारी गर्ने कार्यालयः जि.का., तनहुँ **कर्जा लिएको शाखा : बालुवाटार, काठमाण्डौं**	**क) नामः हेम कुमारी खतिवडा** बाबुको नामः लक्ष्मी प्रसाद खतिवडा पतिको नामः मनोज शर्मा न्यौपाने ससुराको नामः पशुपति नाथ शर्मा न्यौपाने ठेगाना : उर्लाबारी-०५, मोरङ्ग हालः ललितपुर-१३, ललितपुर ना.प्र.नं.: ४३६, जारी मितिः २०४३/१०/२६ जारी गर्ने कार्यालय : जि.का., मोरङ्ग **ख) नाम : किशोर न्यौपाने** बाबुको नाम : पशुपति न्यौपाने बाजेको नाम : ईन्द्र विलास न्यौपाने ठेगाना : गैडाकोट-०२, नवलपरासी हाल : काठमाण्डौं-१३, काठमाण्डौं ना.प्र.नं. : १११२४, जारी मिति :२०४९/०४/०५ जारी गर्ने कार्यालय : जि.प्र.का., नवलपरासी

सुरक्षणमा रहेको धितोको विवरणः
१. श्री मालपोत कार्यालय लगनखेल, ललितपुरमा केयर एण्ड क्योर फर्मास्यूटिकल्स प्रा.लि.को नाममा दर्ता कायम रहेको ललितपुर जिल्ला, इमाडोल-०९ स्थित कि.नं. ४७१, ४७० र २२७ को क्षेत्रफल क्रमशः ३२३.५२, ३६६.४५ र ३४.९१ व.मी. को घर/जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।
२. श्री मालपोत कार्यालय धरान, सुनसरीमा केयर एण्ड क्योर फर्मास्यूटिकल्स प्रा.लि.को नाममा दर्ता कायम रहेको सुनसरी जिल्ला, बाझगरा-०४ स्थित कि.नं.२८१ को क्षेत्रफल ४२०७.६० (०-१२-८.५-०) व.मी./(वि.क.धु.क) को घर/जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।

शर्तहरु :
१. बोलपत्र फाराम डेभलपमेन्ट बैंकको कुनै पनि शाखा कार्यालयबाट यस बैंकको सम्बन्धित शाखा कार्यालयको खाता नं. ९३०७४०१०५०१०१ " को SDBL– Other Non-Operating Income" मा रु ५००.००(अक्षेरुपी रु. पाँचसय रुपैंया मात्र) जम्मा गरी खरिद गर्न सकिनेछ ।
२. बोलपत्र फाराममा आफूले बोलकबोल गरेको रकम अंक र अक्षरमा स्पष्ट उल्लेख गर्नुपर्नेछ । बोलपत्र फाराममा आफूले लिन चाहेको चल/अचल सम्पत्तिको विवरण यस डेभलपमेन्ट बैंकबाट प्रकाशित सूचनाको अधारमा भर्नु पर्नेछ ।
३. बोलपत्रदाताले आफूले लिन कबोल गरेको रकमको कम्तिमा १० प्रतिशतले हुने रकम धरौटी वापत यस डेभलपमेन्ट बैंकको कुनै पनि शाखा कार्यालयमा यस बैंकको सम्बन्धित शाखा कार्यालयको खाता नं. ९२०६५०१०७०५०१ को "SADBL– Auction Deposit (Lilami)" मा Manager's Cheque, Good For Payment Cheque वा नगदै जम्मा गरी सक्कल रसिद यस बोलपत्र फारम साथ संलग्न गरी यस डेभलपमेन्ट बैंकको सम्बन्धित शाखा कार्यालय वा केन्द्रीय कार्यालयमा रहेको कर्जा असुली इकाईमा पेश गर्नुपर्नेछ ।
४. लिलाम बिक्री हुने धितो निरिक्षण गर्न चाहेमा बोलपत्र पेश गर्नु अगावे कार्यालय समय भित्र सम्बन्धित शाखा कार्यालयमा सम्पर्क राखी जे जस्तो अवस्थामा छ सोही अवस्थामा निरीक्षण गर्न सकिनेछ । साथैं सोहि अवस्था तथा परिमाणमा स्वीकार गरी लिनु पर्नेछ ।
५. बोलपत्र स्वीकृत भएको वा नभएको जानकारी बोलपत्रदातालाई गराईनेछ र बोलपत्र स्वीकृत हुने बोलपत्रदाताले उक्त जानकारी पाए पछि बैंकले तोकेको समय मिति भित्र कबोल गरेको रकममा धरौटी रकम घटाई बाँकी सम्पूर्ण रकम बुझाई उपरोक्तानुसारको चल/अचल सम्पत्तिहरु आफ्नो नाँउमा नामसारी गरि लिनुपर्नेछ । सो म्याद भित्र बाँकी रकम नबुझाएमा धरौटी रकम स्वतः जफत हुनेछ ।
६. बोलपत्र दाखिल भईसकेपछि बोलपत्रमा उल्लेखित रकम वा शर्तमा कुनै हेरफेर हुने छैन । साथै बोलपत्र स्वीकृत वा अस्वीकृत हुने टुङ्गो नलागेसम्म सामान्यतया धरौटी रकम फिर्ता दिईने छैन । उक्त धरौटी रकममा कुनै ब्याज दिइने छैन ।
७. रित नपुगेको वा म्याद नाघी पेश हुन आएको बोलपत्र स्वतः रद्द हुनेछ ।
८. बोलपत्र स्वीकृत वा अस्वीकृत गर्ने सम्पूर्ण अधिकार यस डेभलपमेन्ट बैंकमा नै नीहित रहनेछ र अस्वीकृत गर्दा डेभलपमेन्ट बैंकले कुनै पनि कारण खुलाउनुपर्ने छैन ।
९. बोलपत्र सदर वा सुरक्षणमा रहेको धितो नामसारी हुनु अगावे ऋणीले सम्पूर्ण रकम बुझाएमा प्राप्त बोलपत्रहरु रद्द गरी धरौटी रकम फिर्ता दिन सकिनेछ र उक्त धरौटी रकममा कुनै ब्याज समेत प्रदान गरिने छैन ।
१०. अदालत वा अन्य अख्तियार प्राप्त निकायबाट लिलाम रोक्का गर्न आदेश प्राप्त भएमा लिलाम रोक्का गर्न सकिनेछ ।
११. दा.खा. नामसारी गर्दा सम्बन्धित निकायमा लाग्ने सम्पूर्ण खर्चहरु स्वयम् बोलकबोल दाताले व्यहोर्नु पर्नेछ ।

का.नि.द.नं.१२८/०६३/६४, म.क्षे.हु.नि.द.न. १७/०६९/०७७

नयाँ पत्रिका

■ एन्फा र मुख्य प्रशिक्षकबिच विवाद

एन्फासँग किन असन्तुष्ट छन् वाइल्ड ?



उज्वेकिस्तानमा भएको एएफसी एसियन कप छनोटको समीक्षा गर्दै एन्फा पदाधिकारी। तस्बिर : **संजित परियार**/नयाँ पत्रिका

श्रीलोचन राजोपाध्याय/नयाँ पत्रिका

नेपाली फुटबल फेरि विवादमा फसेको छ। अखिल नेपाल फुटबल संघ (एन्फा) र राष्ट्रिय महिला राष्ट्रिय टोलीका मुख्य प्रशिक्षक प्याट्रिक डी वाइल्डबिचको विवाद सतहमा देखिएको छ। वाइल्डले एन्फाको कार्यशैली चित्तबुझ्दो नभएको र त्यसलाई सच्याएर मात्र नेपाल फर्किएर काम गर्ने अडान राखेका छन्।

वाइल्डले उज्वेकिस्तानमा भएको एएफसी एसियन कप छनोट प्रतियोगितामा टोलीका स्टाफ, पदाधिकारी र खेलाडीबिचको मतभेदको प्रसंग जोडेर एन्फाका पदाधिकारीको शैली परिवर्तन हुनुपर्ने धारणा सार्वजनिक गरेका हुन्। एसिया कपमा छनोट नभएपछि घर फर्किएको नेपाली टोलीसँगै वाइल्ड आएनन्। उनी उज्वेकिस्तानबाटै बेल्जियम लागेका थिए। उनी टोलीसँगै नआउनुलाई एन्फाले पारिवारिक कारण भनेको थियो।

तर, वाइल्डले एन्फाको कार्यशैलीले दिक्क लागेर नेपाल नफर्किएको प्रस्ट पारेका छन्। उनले कप्तान चयनदेखि अन्य प्राविधिक पक्षमा तेस्रो पक्षको हस्तक्षेप आफूलाई स्वीकार्य नहुने जनाएका छन्। त्यसपछि एन्फा र प्रशिक्षकबिचको विवाद छताछुल्ल भएको हो। एन्फाले बुधबार पत्रकार सम्मेलन गरी सामान्य अवस्थालाई जटिल बनाउने काम प्रशिक्षक वाइल्डले गरेको दाबी गरेको छ।

नेपाली महिला फुटबललले पहिलोपटक प्रो लाइसेन्स प्रशिक्षक पाएको हो। तर, एन्फाले प्रो लाइसेन्स प्रशिक्षक वाइल्डसँग गतिलो सम्बन्ध बनाउन सकेन। वाइल्डले महिला टोली सम्हालेको एक महिनाभित्र नै विवाद भएको छ। एन्फाको अव्यवस्थित कार्यशैलीका कारण उनको सम्झौता छोटो हुने देखिन्छ। उज्वेकिस्तानमा नेपाली टोलीसँगै गएकी व्यवस्थापक तथा एन्फा कार्यकारी समिति सदस्य सरिला श्रेष्ठले पत्रकार सम्मेलनमा वाइल्डले कप्तानको नाम नदिएका कारण आफूहरूले एएफसीका अफिसियललाई कप्तानको नाम पठाएको बताइन्।

छनोटअन्तर्गत पहिलो खेलअघि टोलीको कप्तान एक घण्टाभित्र परिवर्तन भएको थियो। सुरुमा रेनुका नगरकोटीलाई कप्तानको जिम्मेवारी दिए पनि त्यसको एक घण्टा नबित्दै सावित्रालाई कप्तानको आर्मब्यान्ड लगाइएको थियो। एन्फा र प्रशिक्षकबिचको विवाद कप्तान चयनबाटै भएको मानिन्छ।



एन्फाको कार्यशैली चित्तबुझ्दो नभएको तथा त्यसलाई नसच्याएसम्म नेपाल नफर्किने मुख्य प्रशिक्षक वाइल्डको अडान, सामान्य विवादलाई पनि प्रशिक्षकले जटिल बनाएको एन्फाको दाबी

काममा हस्तक्षेप अस्वीकार्य

एन्फाले कप्तानको चयन नगरी उज्वेकिस्तानमा टोलीको बिदाइ गरेको थियो। अन्तर्राष्ट्रिय चलनअनुसार कप्तानसँगै टोलीको घोषणा हुन्छ। तर, एन्फाले पहिलोपटक कप्तान छनोट नगरी टोलीको घोषणा गऱ्यो। वाइल्डले लाओसविरुद्ध सिनियर खेलाडीलाई कप्तानी दिने प्रयास गरेका थिए। व्यवस्थापन, पदाधिकारीसँगको छलफलले कसले कप्तानी गर्ने भन्ने निर्णय भएन। जसकारण एक घण्टाको अन्तरमा नेपालले दुई फरक कप्तानको नाम पायो।

प्रशिक्षक वाइल्डले यसलाई हस्तक्षेपका रूपमा लिएका छन्। उनले आफ्नो काममा कसैको हस्तक्षेप स्वीकार नभएको जनाएका छन्। 'म अरूजस्तो प्रशिक्षक होइन, अरू कफी खाएर खेलाडीलाई निर्देशन मात्र दिने गर्छन्,' उनले भने, 'म फरक छु। एन्फाले यस्तो गर्नू र उस्तो गर्नू भनेर दबाब दिनु फुटबलका लागि राम्रो होइन।'

प्रतियोगिताका दौरान एन्फासँग सामान्य किट्स माग्दा पनि प्राप्त नगरेको खुलासा पनि उनले गरे। 'मैले एन्फासँग सामान्य किट्स मागेको थिएँ, तर केही प्रतिक्रिया नै आएन। यसले खेलाडी स्तब्ध बनेका थिए। खेलाडीभन्दा मलाई अलग होटेलमा राखियो। मैले सबै एउटै होटेलमा हुनुपर्छ भनेको थिएँ,' उनले भने।

प्रशिक्षकलाई तलब दिन नसकेको एन्फा

एन्फाले अहिलेसम्म वाइल्डलाई पारिश्रमिक उपलब्ध गराएको छैन। उनले एक महिना टोलीलाई प्रशिक्षण दिइसकेका छन्। एक महिनासम्म आफ्नो पारिश्रमिक नपाउँदा वाइल्ड दुःखी बनेका छन्। यद्यपि, एन्फाले उनको पारिश्रमिक कति भनी सार्वजनिक गरेको छैन। एन्फा र वाइल्डबिच एक वर्षको सम्झौता भएको हो। एन्फाले स्रोत व्यवस्थापन नहुँदासम्म उनलाई भोलेन्टियर (स्वयंसेवक) प्रशिक्षकका रूपमा काम गर्न भनेको थियो। 'फिफा कनेक्टमा देखाउनुपर्ने भएका कारण वाइल्डसँग सम्झौता गऱ्यौं, तर तलब कति दिने भन्ने स्पष्ट भइसकेको छैन,' एन्फाका पदाधिकारीले भने, 'व्यवस्थापन नहुँदासम्म उहाँलाई स्वयंसेवकका रूपमा काम गर्न आग्रह गरेका हौं, त्यसवेला उहाँले हाम्रो प्रस्ताव सहजै मान्नुभयो, तर अहिले किन तलब माग गरेको हो थाहा भएन।'

यसअघि पुरुष टोलीका पूर्वप्रशिक्षक भिसेन्जोलाई दक्षिण कोरियाको सहयोगबाट एन्फाले तलब खुवाएको थियो। उनीभन्दा अगाडिका विदेशी प्रशिक्षक अब्दुल्ला अलमुताइरीले लगभग प्रतिमहिना १० लाख रुपैयाँ थापेका थिए। एन्फाले वाइल्डसँग सम्झौतामा पारिश्रमिकबारे उल्लेख नभएको जनाएको छ। 'एन्फासँग विदेशी प्रशिक्षकलाई तलब खुवाउन बलियो स्रोत छैन,' एन्फाका ती पदाधिकारीले भने, 'यसअघिका विदेशी प्रशिक्षकहरूले स्वयंसेवी भएर काम गरेका थिए।'

कप्तान छान्ने अधिकार प्रशिक्षकको हो

● **हरि खड्का**, एन्फा प्राविधिक निर्देशक

टोलीको कप्तान छान्ने अधिकार प्रशिक्षकको हो, तर उसले एफएसँग समन्वय गर्नुपर्छ। 'को इलिजेबल छ, कसले टिमलाई लिड गर्न सक्छ, त्यो प्रशिक्षकले छान्ने हो। उहाँ आउनुभयो भने सावित्रालाई नै निरन्तरता दिन सक्नुहुन्छ।

मुख्य प्रशिक्षकले कति दिन काम गर्नुभयो ?

● **सरिला श्रेष्ठ**, एन्फा, सदस्य

प्रशिक्षकले जतिखेर पनि मेरो तलब कहिले आउँछ, एफएलाई भनिदेउ न भन्ने। उहाँले खेलाडीलाई ट्रेनिङ मात्र दिनुभएको छ। तपाईं आफैंलाई थाहा छ काउन्ट गर्नुस् न ! सबैलाई थाहा छ एक महिना काम गरेपछि तलब पाइन्छ नि !

■ अन्तर्राष्ट्रिय पदक विजेता खेलाडी पुरस्कृत

उसुका विजयले पाए ६५ लाख



जापानमा भएको उसुको थाउलो विश्वकपमा विजय सिँजालीले नेपाललाई ऐतिहासिक रूपमा कांस्य दिलाएका थिए

नयाँ पत्रिका

सरकारले उसुका खेलाडी विजय सिँजालीलाई ६५ लाख रुपैयाँ पुरस्कारसहित सम्मान गरेको छ। उसुको तेस्रो थाउलो विश्वकपमा नेपालका लागि कांस्य पदक जितेका विजयलाई सरकारले ६५ लाख रुपैयाँ पुरस्कार प्रदान गरेको हो। प्रधानमन्त्री केपी ओलीले बुधबार एक कार्यक्रमबिच उनलाई नगद पुरस्कारसहित सम्मान गरेका हुन्। नेपालको उसु इतिहासमा विश्वकपमा कांस्य जितेको त्यो नै पहिलोपटक थियो।

सरकारले खेलकुद पुरस्कार तथा सम्मान कार्यविधि बनाएपै अन्तराष्ट्रिय एरिनामा पदक जित्ने खेलाडीलाई नगद पुरस्कार दिने व्यवस्था गरेको छ। सोही व्यवस्थाअनुसार विजयले पुरस्कार प्राप्त गरेका हुन्। गत वर्ष ७ देखि १२ कात्तिकसम्म जापानमा भएको विश्वकपमा थाउलोको चेनसु विधामा उनले कांस्यले जितेका थिए। प्रतियोगितामा उनले ९.६३६ अंक जोड्दै नेपालका लागि ऐतिहासिक कांस्य पदक दिलाए।

उनको विधामा प्रतिस्पर्धा गरेका मलेसियाका खेलाडीले स्वर्ण र जापानका खेलाडीले रजत पदक हात पारेका थिए। सन् २०१९ मा नेपालमै भएको १३औँ दक्षिण एसियाली खेलकुद प्रतियोगितामा उनले उसुतर्फ स्वर्ण जितेका थिए। उनी विभागीय टोली त्रिभुवन आर्मीका खेलाडी हुन्। यसैबिच प्रधानमन्त्री ओलीले विभिन्न अन्तर्राष्ट्रिय प्रतियोगितामा पदक प्राप्त खेलाडी, प्रशिक्षक र व्यवस्थापकलाई सम्मान र पुरस्कार प्रदान गरेका छन्।

कबड्डीका खेलाडीले पाए जनही एक लाख ५० हजार

सरकारले छैटौं एसियन महिला कबड्डी च्याम्पियनसिपमा कांस्य जितेका प्रत्येक खेलाडीलाई जनही एक लाख ५० हजार रुपैयाँ प्रदान गरेको छ। इरानमा गत वर्षको २० देखि २५ फागुनसम्म भएको कबड्डी च्याम्पियनसिपमा नेपालले तेस्रो स्थान हात पारेको थियो। गत वर्षकै २० देखि २६ असोजसम्म श्रीलंकामा भएको काभा यू-२० पुरुष भलिबलमा रजत पदक विजेता टोलीलाई समान नगद तीन लाख प्रदान गरिएको छ। अन्तर्राष्ट्रियस्तरमा पदक विजेता खेलाडीलाई राष्ट्रिय खेलकुद विकास नियमावली, २०७९ मा व्यवस्था अनुसार ९ असारमा बसेको मन्त्रिपरिषद्को बैठकको निर्णयअनुसार सम्मान गरिएको हो।

करँतेलाई उपेक्षा गरिएको भन्दै महासंघको गुनासो

नेपाल करँते महासंघले सरकारद्वारा करँते खेल र खेलाडीलाई बेवास्ता गरेको जनाएको छ। महासंघका अध्यक्ष युवराज लामाले अन्तर्राष्ट्रिय सफलताका बाबजुद सम्मान नपाएको आरोप लगाएका छन्। महासंघले सबै खेललाई समान व्यवहार गर्न सरकारको ध्यानाकर्षण गराएको छ। पछिल्लो एक वर्षमा करँते खेलाडीले अन्तर्राष्ट्रिय क्षेत्रमा एकपछि अर्को सफलता प्राप्त गरेको छ। तर, सरकारले नगदसहित सम्मान गर्दा करँतेका एकजना खेलाडी पनि सम्मानित भएनन्।

महासंघका अध्यक्ष लामाले सरकारले सीमित खेललाई मात्र प्राथमिकतामा राखी अन्य खेलप्रति विभेदपूर्ण व्यवहार गरिरहेको आरोप लगाएका छन्। 'अन्तर्राष्ट्रिय प्रतियोगितामा उत्कृष्ट प्रदर्शन गर्दा करँते खेलाडीलाई न त शुभकामना दिइन्छ, न सम्मान वा पुरस्कार,' उनले भनेका छन्, 'अर्कोतर्फ, केही खेलमा सामान्य उपलब्धिमै लाखौं रुपैयाँ पुरस्कार घोषणा हुने गरेको छ।' यसै साता नवौं दक्षिण एसियाली करँते च्याम्पियनसिपमा नेपालले २१ स्वर्ण, नौ रजत र २० कांस्य पदकसहित कुल ५० पदक जितेर ऐतिहासिक सफलता हासिल गरेको थियो। ऐतिहासिक उपलब्धिमा सरकार वा खेलकुद निकायबाट कुनै आधिकारिक सम्मान वा पुरस्कारको घोषणा नभएको महासंघको भनाइ छ।

■ सरकारले खेल क्षेत्रलाई प्राथमिकतामा राखेको छ : प्रधानमन्त्री ओली

खेलाडीको सम्मान कार्यक्रममा प्रधानमन्त्री ओलीले खेलकुद क्षेत्रको विकासका लागि सरकारले खेलकुदलाई प्राथमिकतामा राखेको बताएका छन्। 'सरकारले खेल क्षेत्रको विकासका लागि प्राथमिकताका साथ काम गरिरहेको छ,' उनले भने, 'अहिले सरकारले खेलको विकासका लागि उच्च ध्यान दिएको छ। अब खेलाडी व्यावसायिक रूपमा अगाडि बढेका छन्।'

खेल संक्षेप

सातदोबाटोविरुद्ध क्षितिजको ह्याट्रिक

काठमाडौं/ एन्फा यू-१६ युथ लिगमा श्री भगवतीले सातदोबाटो युथ क्लबलाई ६-० को फराकिलो अन्तरले हराएको छ। भगवतीको जितमा क्षितिज शाहीले ह्याट्रिक गरेका थिए। उनले खेलको नवौं, ३१औं र ५५औं मिनेटमा गोल गरे। यसैगरी राहुल शाहीले दुई गोल गरे। प्रतियोगिताअन्तर्गत बुधबार नेपाल पुलिस र नेपाल एपिएफले जित निकालेका छन्।



एन्फा कम्प्लेक्स सातदोबाटोमा बुधबार भएको खेलमा पुलिसले फ्रेन्ड्स क्लबलाई २-० ले हरायो। पुलिसको जितमा समिर कुमारले ५८औं मिनेटमा १-० को अग्रता दिलाएका थिए। खेलको ८८औं मिनेटमा अप्सन राईले पुलिसलाई २-० को जित दिलाए। एपिएफले चर्च ब्वाइज युनाइटेडमाथि १-० को जित निकाल्यो। एपिएफको जितमा एक मात्र गोल पूजन ढकालले गरेका थिए। उनले खेलको पाँचौं मिनेटमा गोल गरेका हुन्। लिगमा 'ए' डिभिजनका १४ टोली सहभागी छन्। डबल राउन्ड-रोबिन फर्म्याटमा खेल भइरहेको छ। विजेता टोलीले दुई लाख र दोस्रो टोलीले एक लाख रुपैयाँ पाउनेछ।

लेभल वान कोचिङ कोर्स सुरु

काठमाडौं/ अखिल नेपाल टेबुलटेनिस संघको आयोजनामा लेभल वान कोचिङ कोर्स बुधबारदेखि लैनचौरस्थित राष्ट्रिय टेबुलटेनिस प्रशिक्षण केन्द्रमा सुरु भएको छ। अन्तर्राष्ट्रिय टेबुलटेनिस महासंघ (आइटिटिएफ)को वार्षिक क्यालेन्डरअनुसार भएको कोर्समा पारासहित नेपालका २८ र भारतका दुई गरी ३० प्रशिक्षार्थीको सहभागिता रहेको आयोजक संघका महासचिव कुवेरप्रकाश सिंहले जनाएका छन्। महासचिव कुवेरका अनुसार साते प्रदेशको सहभागिता रहने गरी प्रशिक्षार्थी समावेश गरिएको छ। कोर्स आइटिटिएफका डेभलपमेन्ट प्रोग्राम म्यानेजर बेन होज माब्रुक रामजीले सञ्चालन गर्नेछन्।

यू-२० टोली बंगलादेशतर्फ

काठमाडौं/ दक्षिण एसियाली यू-२० महिला च्याम्पियनसिपमा सहभागी हुन नेपाली महिला टोली बुधबार बंगलादेश प्रस्थान गरेको छ। साफले आयोजना गर्ने उमेर समूहअन्तर्गत यू-२० प्रतियोगितामा नेपालले अहिलेसम्म उपाधि जित्न सकेको छैन। प्रतियोगिता ११ देखि २२ जुलाईसम्म हुनेछ। नेपाल ११ जुलाईमा भुटानसँग भिड्नेछ। आयोजक बंगलादेश, नेपाल, भुटान र श्रीलंका गरी चार टोली सहभागी छन्। प्रतियोगिता डबल राउन्ड रोबिन फर्म्याटमा खेलाइनेछ। जसमा सबै टोलीले एक अर्काविरुद्ध समान दुई खेल खेल्नेछन्। त्यसपछि शीर्ष स्थानमा रहने टोली नै च्याम्पियन बन्नेछ।

१० फुटबलर सम्मानित

काठमाडौं/ द इन्साइट भिजन सेकेन्डरी स्कुल र राजधानी क्याम्पसले बुधबार एएफसी महिला एसियन कप छनोटमा सहभागी सावित्रा भण्डारीसहित १० फुटबलरलाई नगद तथा छात्रवृत्तिसहित सम्मान गरेको छ। कप्तान सावित्रा, अनिता बस्नेत, रेखा पौडेल, सविता रानामगर, पूजा रानासहित पूर्वकप्तान अनु लामा, हिराकुमारी भुजेल सिनियर खेलाडीमा सम्मानित भए। यसैगरी, युवा खेलाडीमा सावित्री किसान, कुसुम खतिवडा र सुनकला राईलाई जनही १० हजार रुपैयाँ प्रदान गरिएको थियो। उज्वेकिस्तानमा भएको छनोट प्रतियोगिताको अन्तिम खेलमा नेपाल घरेलु टोलीसँग टाइब्रेकरमा पराजित हुँदा अर्को वर्ष अस्ट्रेलियामा हुने एसियन कपमा स्थान बनाउन असफल भएको थियो। नेपालले पहिलो खेलमा लाओसलाई ९-० ले र दोस्रो खेलमा श्रीलंकालाई ८-० ले हराएको थियो। समूहको अन्तिम खेलमा नेपालले उज्वेकिस्तानलाई ३-३ को बराबरीमा रोकेको थियो।

■ क्लब विश्वकपको उपाधिनजिक चेल्सी



एजेन्सी/ इंग्लिस क्लब चेल्सी फिफा क्लब विश्वकपको उपाधिनजिक पुगेको छ। ब्राजिलको फ्लुमिनेन्सलाई २-० ले हराउँदै चेल्सीले फाइनलमा स्थान बनाएको हो। चेल्सीलाई अन्तिम दुई स्थान पक्का गराउन ब्राजिलियन फरवार्ड जोआओ पेड्रोले दुवै गोल गरेका थिए। खेलको १८औं मिनेटमा उनले डिबक्सबाहिरबाट उत्कृष्ट गोल गरे। खेलको ५६औं मिनेटमा उनले व्यक्तिगत दोस्रो गोल गरी चेल्सीलाई २-० को जित दिलाए। फ्लुमिनेन्सले खेलको अन्त्यमा गोल गर्ने अवसर गुमाएको थियो। प्रतियोगिताको फाइनल आगामी आइतबार हुनेछ।

टी-२० विश्वकप छनोटमा इटलीसँग स्कटल्यान्ड स्तब्ध

एजेन्सी

आइसिसी टी-२० विश्वकप छनोटअन्तर्गत युरोपीय छनोटको फाइनलमा इटलीले बलियो स्कटल्यान्डमाथि सनसनीपूर्ण जित निकालेको छ। क्रिकेटको उदीयमान राष्ट्र इटलीले बुधबार बलियो एसोसिएट टोली स्कटल्यान्डलाई १३ रनले स्तब्ध पारेको हो। पहिलो ब्याटिङ गरेको इटलीले २० ओभरमा १६७ रन जोडेको थियो।

प्रत्युत्तरमा स्कटल्यान्डले २० ओभरमा पाँच विकेट गुमाएर १५५ रन मात्रै जोड्न सक्यो। इटलीका ओपनर एमिलियोले आक्रामक ब्याटिङ गरेका थिए। उनले २१ बलमा ६ चौका र दुई छक्काको सहयोगमा ५० रन बनाए। सातौं नम्बरमा ब्याटिङ गरेका ग्रान्ट स्टेवार्टले २७ बलमा ४४ रन प्रहार गरे। स्कटल्यान्डका माइकल लिस्कले तीन विकेट लिएका थिए। लक्ष्य पछ्याएको इनिङ्समा स्कटल्यान्डले खराब सुरुवात गऱ्यो।

स्कटल्यान्डले स्कोर बोर्डमा २९ रन जोड्दा दुई विकेट गुमाएको थियो। तेस्रो विकेटका लागि जर्ज मुन्से र रिची बेरिङटनबिच शतकीय साझेदारी भएको थियो। यो साझेदारीपछि स्कटल्यान्ड बलियो अवस्थामा थियो। तर, अन्तिममा फितलो ब्याटिङ प्रदर्शन हुँदा स्कटल्यान्ड पराजित भयो। मुन्सेले ६१ बलमा ७२ रन बटुलेका थिए। बेरिङटनले ३७ बलमा ४६ रन बनाए। इटलीका ह्यारी मानेटीले पाँच विकेट लिए।

इटलीको टोलीमा अधिकांश विदेशी खेलाडी छन्। एमिलियोले इंग्ल्यान्डको 'ए' टोलीबाट खेलिसकेका छन्। ह्यारी मानेटी अस्ट्रेलियन मूलका हुन्। उनीसँग बिबिएल खेलेको अनुभव छ। आइसिसिको टी-२० वरीयतामा स्कटल्यान्ड १३औं र इटली ३२औं स्थानमा छन्।

चार वर्षपछि टेस्टमा फर्कंदै फास्ट बलर आर्चर

एजेन्सी

इंग्ल्यान्ड र भारतबिच तेस्रो टेस्ट लर्ड्स बिहीबारदेखि सुरु हुँदै छ। पाँच खेलको टेस्ट सिरिज अहिले १-१ को बराबरीमा छ। इंग्ल्यान्डले पहिलो तथा भारतले दोस्रो टेस्टमा जित निकालेका थिए। तेस्रो टेस्टमा घरेलु टोली इंग्ल्यान्ड बलिङ पक्षमा बलियो देखिने सम्भावना छ। कुनै समय मुख्य स्ट्राइक बलर मानिने जोफ्रा आर्चरले लर्ड्स टेस्टबाट पुनरागमन गर्दै छन्। उनी चार वर्षपछि टेस्ट खेलमा फर्कन लागेका हुन्।

इंग्ल्यान्डले भारतविरुद्धको टेस्टका लागि घोषणा गरेको खेलाडीमा आर्चरले आफ्नो स्थान सुरक्षित गरेका छन्। 'आर्चर टोलीमा फर्कंदा हामी बलियो हुन्छौं, लर्ड्स मैदानमा भारतविरुद्ध उनले प्रतिस्पर्धा गर्नेछन्,' इसिबीले जारी गरेको विज्ञप्तिमा भनिएको छ। सन् २०२१ मा चोट लागेपछि आर्चर राष्ट्रिय टोलीबाट बाहिर रहँदै आएका थिए। टोलीमा स्थान बनाउन उनले निकै कोसिस गरेका थिए। तर, यो कोसिसले पूर्णता पाउन चार वर्ष लाग्यो। उनको यो करिअरको १४औं टेस्ट हो।

संयोग कस्तो रह्यो भने आर्चरले अन्तिमपटक खेलेको टेस्ट नै भारतविरुद्ध थियो। अहमदाबाद टेस्टमा भारत १० विकेटले विजयी भएको थियो। ३० वर्षीय फास्ट बलर पछिल्लो समय ढाडको समस्याले ग्रस्त थिए। इंग्ल्यान्डका कप्तान बेन स्टोक्सले आर्चरको आगमनले टोलीमा खुसी छाएको बताए। 'आर्चरको पुनरागमन समय लामो रह्यो। उनको आगमनले फास्ट बलिङ पक्ष बलियो देखिएको छ,' बेनले भने 'लर्ड्सको पिचको प्रकृति फरक छ। त्यहाँ उनले राम्रो बलिङ स्पेल फ्याँक्ने अपेक्षा छ।'

परिवारका कारण बर्मिंघम टेस्ट गुमाए

बर्मिंघम टेस्टमै आर्चरले खेल्ने सम्भावना थियो। तर, आर्चरले परिवारको समस्या देखाउँदै बर्मिंघम टेस्ट नखेल्ने जनाए। यद्यपि, इंग्ल्यान्डले पाँच टेस्टका लागि खेलाडी घोषणा गर्दा उनी टोलीमा थिएनन्। भारतसँग दोस्रो टेस्टमा बलिङ कमजोर भएपछि इसिबीले आर्चरलाई बोलाएको हो। यो दुई साताभित्र उनले फिटनेस लेभल पास गर्न मिहिनेत गरेका थिए। उनले काउन्टी क्रिकेट पनि खेले। जहाँ उनले १८ ओभरमा ३२ रन खर्चेर एक विकेट हात पारेका थिए। सन् २०१९ मा आर्चरले टेस्टमा डेब्यु गरेका थिए।

गिललाई रेकर्ड बनाउने मौका

भारतीय कप्तान शुभमन गिलले उत्कृष्ट फर्ममा ब्याटिङ गरिरहेका छन्। दुई टेस्टमा उनले तीन शतकीय इनिङ्सको सहयोगमा ५८५ रन बनाएका छन्।

आगामी तीन टेस्टमा थप ४९० रन बनाउँदा एकै टेस्टमा सर्वाधिक रन बनाउने रेकर्ड उनको नाममा हुनेछ। टेस्ट इतिहासमा एकै टेस्टमा सर्वाधिक रनको रेकर्ड अस्ट्रेलियाका सर डान ब्राडम्यानको नाममा छ।



सन् २०२१ पछि इंग्ल्यान्डका फास्ट बलर जोफ्रा आर्चरले भारतविरुद्धको लर्ड्स टेस्टमा प्रतिस्पर्धा गर्ने

नयाँ प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित। **कार्यकारी निर्देशक** : सुशील थापा। **अध्यक्ष, प्रबन्ध निर्देशक तथा प्रधानसम्पादक** : कृष्णज्वाला देवकोटा। **कार्यालय** : स्टारमल, पुतलीसडक, काठमाडौं, फोन नं. ४०१२५६६/६६६ फ्याक्स नं ४०१२५६९, E-mail: letter@nayapatrikadaily.com